
# भोक्राहा नरसिंह गाउँपालिकाको
# गाउँ शिक्षा योजना २०८१-२०९०

**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी**

# विद्यालय शिक्षा क्षेत्रको योजना २०८१-२०९०




**भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी**
**कोशी प्रदेश, नेपाल**
**२०८१**

**संरक्षक**

अजमल अख्तर आजाद, गाउँपालिका अध्यक्ष
श्री सुनिता कुमारी उराँव, गाउँपालिका उपाध्यक्ष
श्री विनोद कुमार अधिकारी, प्रमुख प्रशासकीय अधिकृत

## गाउँ शिक्षा योजना निर्माण समितिका सदस्यहरू,

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १. | रमेशचन्द्र तिम्सिना | संयोजक |
| २. | कृष्णराज विष्ट | सदस्य |
| ३. | सन्तोष राउत | सदस्य |
| ४. | मोहन रेग्मी | सदस्य |
| ५. | दीपनारायण मेहता | सदस्य |
| ६. | देवकी यादव | सदस्य |
| ७. | समिम अख्तर | सदस्य |
| ८. | ज्ञानेन्द्र खत्री | सदस्य |
| ९. | सुशिला उराँव | सदस्य |

**प्रकाशक**
भोक्राहा नरसिंह गाउँपालिका

**प्रमाणित मिति**
२०८२ असार १५ गते
**प्रकाशन मिति**
२०८२ असार १६ गते

# दुई शब्द



सुनसरीको जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको भोक्राहा नरसिंह गाउँपालिकाको पूर्व तर्फ इनरुवा नगरपालिका, पश्चिम तर्फ कोशी गाउँपालिका र भारत सिमाना, उत्तर तर्फ बराहक्षेत्र नगरपालिका तथा दक्षिण तर्फ हरिनगर गाउँपालिका रहेको छ। यस गाउँपालिकाको बीच भागबाट पूर्वपश्चिम राजमार्ग गएको छ। बि.सं. २०७३ सालमा भएको राज्य पुनर्संरचना पश्चात् यस गाउँपालिकाको नाम भोक्राहा नरसिंह राखिएको हो। कुल परिवार सङ्ख्या ८९३२ र कुल जनसङ्खया ४९२८० रहेको यस गाउँपालिकाको क्षेत्रफल ६३.३७ वर्ग कि.मि. रहेको छ। ८ वटा वडाहरू रहेको यस गाउँपालिकाको प्रशासकीय केन्द्र वडा नं. ४ स्थित चिरौलीमा रहेको छ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुरुप तीन तहका सरकार गठन भई कार्य सञ्चालन प्रारम्भ भईसकेको अवस्था छ। संविधानतः माध्यमिक शिक्षा सम्मको जिम्मेवारी र अधिकार स्थानीय सरकार मातहत व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुरुपका शिक्षाका कार्यहरु सञ्चालन गर्नका लागि स्थानीय तहको आकार, भौगोलिक तथा जनसांख्यिक स्वरूप, विद्यालय, विद्यार्थी तथा शिक्षक संख्या समेतलाई दृष्टिगत गरी स्थानीय तहमा शिक्षाको संरचना तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ।

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो। शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी राष्ट्रका लागि एक सुयोग्य, कुशल, सक्षम, प्रविधिमैत्री, प्रतिस्पर्धी तथा प्राविधिक जनशक्तियुक्त नागरिक तयार गर्दछ। राष्ट्रमा दिगो विकास, शान्ति, स्थायित्व, सुशासन, विकास तथा समृद्धिमा शिक्षाको विशेष भूमिका रहेको हुन्छ। राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, सङ्घीय लोकतान्त्रिक मूल्य- मान्यता र नेपाली वैशिष्ट्यप्रति समर्पित जनशक्ति विकासमा विद्यालय शिक्षा केन्द्रित हुनुपर्छ। "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सीपमूलक, वैज्ञानिक, व्यावहारिक, गुणस्तरीय, समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो।

विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो भोक्राहा नरसिंह सुम्पन गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै एको सर्वविदित नै छ। यस पालिकाले शिक्षामा ल्याउन सरोकारवालाहरुसँग छलफलगरी शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्दै आएको छ।

गाउँ शिक्षा योजना यो पालिकाको समग्र शैक्षिक क्षेत्रको मार्गदर्शन हो। यही मार्गदर्शनका आधारमा आगामी १० वर्षका शैक्षिक नीति तथा कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्न मद्दत पुग्ने अपेक्षा गाउँपालिकाले राखेको छ। यस योजना निर्माणमा सहयोग तथा सल्लाह, सुझाव दिई सहयोग पुऱ्याउनु हुने गाउँ कार्यापालका, वडा समितिका पदाधिकारीहरू, पेसागत संघ संगठनहरू, गाउँ शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापकहरू, शिक्षकहरू, स्थानीय शिक्षा प्रेमी लगायत सम्पूर्ण महानुभावहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु।

..............................
अजमल अख्तर आजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

अजमल अख्तर अजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

# प्राक्कथन

शिक्षा समाज रुपान्तरणको महत्वपूर्ण माध्यम हो। हाल नेपालले संघीय शासन प्रणाली अवलम्वन गरे सँगै वर्तमान संविधानले स्व:शासन र साझेदारी शासनको परिकल्पना गरेको छ। स्व:शासनको रुपमा नेपालको संविधानको अनुसूची ८ मा २२ वटा एकल अधिकार रहेका छन जसमा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको रहेको छ। विद्यालय शिक्षालाई व्यवस्थित ढङ्गले अगाडी बढाउन सक्ने हो भने सक्षम मानव पूँजीको निर्माण भई विकासका समग्र पक्षहरूमा सकारात्मक प्रभाव पर्छ। यस गाँउपालिकाले वर्तमानमा रहेको यथार्थ शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी १० वर्षमा यस गाउँपालिकाको शिक्षाको अवस्थालाई  कुन अवस्थासम्म पुऱ्याउने भन्ने ध्येयका साथ यो आवधिक योजना तयार गरेको छ।

यस गाउँपालिकाको “ समृद्ध भोक्राहा नरसिंहको दुरदृष्टिः शिक्षा, स्वास्थ्य र कृषि” भन्ने साझा सङ्कल्प  पूरा गर्ने एक आधार भनेको शिक्षा क्षेत्रको विकास नै हो। असल मानव संशाधनको विकासबाट नै भएका प्राकृतिक स्रोत साधन र अवसरको समुचित परिचालन भई समृद्ध पालिका निर्माणमा टेवा पुग्दछ। यसै कुरालाई मध्यनजर गर्दै यस आवधिक योजनामा दिर्घकालिन सोच, लक्ष्य र गन्तव्य के हुने भनी समेटिएको छ।

यस योजना तयार गर्दा नेपालको वर्तमान संविधानले शिक्षा सम्बन्धमा गरेका प्रावधानहरू, शिक्षासम्बन्धी राष्ट्रिय नीतिहरू, सोह्रौ योजनाको अवधारणापत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनको रुपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी सकेसम्म व्यवहारिक र कार्यान्वयन योग्य बनाउने प्रयत्न भएको छ। योजना नै समग्र विकास होइन यो त एउटा गन्तव्य निर्माण गर्ने माध्यम मात्र हो। यसर्थ यस योजनाले लिएका सङ्कल्पहरू पूरा गर्न सबै सरोकारवाला वर्गको सकारात्मक सहयोग रहने छ भन्ने अपेक्षा गरेको छु। यस योजना निर्माणमा सहयोग तथा सल्लाह, सुझाव दिई सहयोग पुऱ्याउनु गाउँ शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापहरू, शिक्षकहरू, गाउँपकालिकाका कर्मचारीहरू, गाउँ शिक्षा योजना निर्माण समिति, स्थानीय शिक्षा प्रेमीहरुलाई धन्यवाद दिन चाहन्छु।

.......................

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकिय अधिकृत**

**शीर्षक** **पृष्ठ सङ्ख्या**

**योजनाको सारांश**

**परिच्छेद एक: परिचय**

# विषय सूची


परिच्छेद १ : परिचय ....................- १ -

१.१ पृष्ठभूमि ....................- १ -

१.१.१ भौगोलिक अवस्थिति ....................- २ -

१.१.२ जनसाख्यिक संरचना ....................- ३ -

१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ....................- ६ -

१.१.४ आर्थिक अवस्था ....................- ८ -

१.१.५ शैक्षिक अवस्था ....................- ९ -

१.२ शिक्षा क्षेत्रका मुख्य समस्याहरु ....................- १४ -

१.३ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरु ....................- १५ -

१.४ शिक्षा क्षेत्रका अवसरहरु ....................- १६ -

१.५ योजना निर्माण प्रक्रिया ....................- १८ -

परिच्छेद २: दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्धारण ....................- १९ -

२.१ दूरदृष्टि ....................- १९ -

२.२ लक्ष्य ....................- १९ -

२.३ उद्देश्य, रणनीति र कार्यनीति ....................- १९ -

२.४. अपेक्षित उपलब्धि ....................- २९ -

२.५ मुख्य कार्यसम्पादन सूचकहरु तथा लक्ष्य निर्धारणः ....................- ३१ -

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ....................- ३४ -

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ....................- ३४ -

३.१.१ परिचय ....................- ३४ -

३.१.२ वर्तमान अवस्था ....................- ३४ -

३.१.३ उद्देश्यहरु ....................- ३५ -

३.१.४ रणनीतिहरु ....................- ३५ -

३.२ आधारभूत शिक्षा ....................- ३८ -

३.२.१ परिचय ....................- ३८ -

३.२.२ वर्तमान अवस्था ....................- ३९ -

३.२.३ उद्देश्यहरु ........................................ - ४० -
३.२.४ रणनीतिहरु ........................................ - ४० -
३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण........................................ - ४२ -
३.३ माध्यमिक शिक्षा ........................................ - ४५ -
३.३.१ परिचय ........................................ - ४५ -
३.३.२ वर्तमान अवस्था ........................................ - ४५ -
३.३.३ उद्देश्यहरुः ........................................ - ४६ -
३.३.४ रणनीतिहरु ........................................ - ४६ -
३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........................................ - ४८ -
३.४ पाठ्यक्रम र मूल्याङ्कन........................................ - ५० -
३.४.१ परिचय ........................................ - ५० -
३.४.२ वर्तमान अवस्था ........................................ - ५१ -
३.४.३. अवसर र चुनौतीहरु........................................ - ५२ -
३.४.४. उद्देश्य ........................................ - ५२ -
३.४.५. रणनीतिहरुः ........................................ - ५३ -
३.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................ - ५३ -
३.५ शिक्षक व्यवस्थापन तथा विकास ........................................ - ५७ -
३.५.१ परिचय ........................................ - ५७ -
३.५.२ वर्तमान अवस्था ........................................ - ५८ -
३.५.३ उद्देश्यहरु ........................................ - ५८ -
३.५.४ रणनीति ........................................ - ५९ -
३.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........................................ - ६० -
३.६ अनौपचारिक तथा निरन्तर शिक्षा ........................................ - ६३ -
३.६.१ परिचय ........................................ - ६३ -
३.६.२ वर्तमान अवस्था-........................................ - ६३ -
३.६.३ उद्देश्यहरु ........................................ - ६४ -
३.६.४ रणनीतिहरु ........................................ - ६४ -
३.६.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........................................ - ६५ -
३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा........................................ - ६६ -

३.७.१ परिचय ........ - ६६ -
३.७.२ वर्तमान अवस्था ........ - ६७ -
३.७.३ उद्देश्यः ........ - ६७ -
३.७.४ रणनीतिहरु ........ - ६७ -
३.७.५ उपलब्धि र नतिजा ........ - ६८ -
३.७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ - ६८ -
परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरु ........ - ७० -
४.१ शैक्षिक समता र समावेशीकरण ........ - ७० -
४.१.१ परिचय ........ - ७० -
४.१.२ वर्तमान अवस्था ........ - ७० -
४.१.३ चुनौती र अवसर ........ - ७१ -
४.१.४ उद्देश्यहरु ........ - ७१ -
४.१.५ रणनीतिहरु ........ - ७१ -
४.१.६ उपलब्धि, नतिजाहरु,प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ........ - ७२ -
४.२ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम ........ - ७३ -
४.२.१ परिचय ........ - ७३ -
४.२.२ वर्तमान अवस्था ........ - ७४ -
४.२.३ चुनौती र अवसर ........ - ७४ -
४.२.४ उद्देश्यहरु ........ - ७५ -
४.२.५ रणनीतिहरु ........ - ७५ -
४.२.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ - ७६ -
४.३ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा ........ - ७८ -
४.३.१ परिचय ........ - ७८ -
४.३.२ वर्तमान अवस्थाः ........ - ७८ -
४.३.३ अवसर तथा चुनौतीहरुः ........ - ७८ -
४.३.४ उद्देश्य ........ - ७९ -
४.३.५ रणनीतिहरु ........ - ७९ -
४.३.६ उपलब्धि, नतिजा तथा क्रियाकलापहरु ........ - ८० -
४.४ विद्यालयको भौतिक पूर्वाधार विकास ........ - ८१ -

४.४.१ परिचय ..... - ८१ -
४.४.२ वर्तमान अवस्थाः ..... - ८२ -
४.४.३ अवसर र चुनौतीहरु ..... - ८३ -
४.४.४ उद्देश्यः ..... - ८३ -
४.४.५ रणनीतिहरू ..... - ८३ -
४.४.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु ..... - ८४ -
४.५ शिक्षामा सूचना र प्रविधि ..... - ८५ -
४.५.१ परिचय ..... - ८५ -
४.५.२ वर्तमान अवस्था ..... - ८६ -
४.५.३ चुनौतीहरु ..... - ८६ -
४.५.४ उद्देश्य ..... - ८७ -
४.५.५ रणनीतिहरु ..... - ८७ -
४.५.६ उपलब्धि,नतिजा, क्रियाकलाप तथा लक्ष्य ..... - ८८ -
परिच्छेद ५: विद्यालय सुशासन तथा व्यवस्थापन ..... - ८९ -
५.१ परिचय ..... - ८९ -
५.१.१ संस्थागत संरचना र क्षमता विकास ..... - ९० -
५.१.२ वर्तमान अवस्था ..... - ९० -
५.१.३ अवसर तथा चुनौतीहरु ..... - ९१ -
५.१.४ उद्देश्यः ..... - ९१ -
५.१.५ रणनीतिहरु ..... - ९२ -
५.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... - ९२ -
५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..... - ९५ -
५.२.१ परिचय ..... - ९५ -
५.२.२ वर्तमान अवस्था ..... - ९५ -
५.२.३ उद्देश्य ..... - ९५ -
५.२.४ रणनीतिहरू ..... - ९५ -
५.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य ..... - ९६ -
५.३ अनुगमन तथा मूल्याङ्कन ..... - ९८ -
५.३.१ परिचय ..... - ९८ -

५.३.२ वर्तमान अवस्था ........................................................................................ - ९८ -

५.३.३ उद्देश्य ........................................................................................ - ९९ -

५.३.४ रणनीतिहरू........................................................................................ - ९९ -

५.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य .................................... ९९

परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन ........................................................................१००

६.१ परिचय ........................................................................................१००

६.२ वर्तमान अवस्था ........................................................................................१००

६.३ अवसर तथा चुनौतीहरु........................................................................................१००

६.४ उद्देश्य........................................................................................१०१

६.५ रणनीतिहरु ........................................................................................१०१

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ........................................................................१०२

परिच्छेद ७ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण...............................१०५

७.१ परिचय ........................................................................................१०५

७.२ वर्तमान अवस्था ........................................................................................१०५

७.३ अवसर र चुनौतीहरु........................................................................................१०५

७.४ उद्देश्यहरुः........................................................................................१०६

७.५ रणनीतिहरु ........................................................................................१०६

७.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ............................................१०७

परिच्छेद ८ योजना नतिजा खाका र प्रमुख उपलब्धी सूचक ...........................................१०८

८.१ परिचय ........................................................................................१०८

८.१ प्रमुख उपलब्धि सूचक........................................................................................१०९

सन्दर्भ सामग्रीहरु........................................................................................११२

अनुसूचीहरू

## योजनाको सारांश

नेपालको संविधान, सोह्रौं योजना, दिगो विकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय र प्रादेशिक कानूनको मूल मर्मलाई आत्मसात गरेर शिक्षाको द्रुततर विकासका लागि यो योजना बनाइएको हो ।

यस योजनामा गाउँकार्यपालिकाका पदाधिकारी, वडा सदस्य, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारी, सामुदायिक सिकाइ केन्द्रका पदाधिकारी, पूर्व शिक्षक तथा प्रधानाध्यापक, बुद्धिजिबी, समाजसेवीलगायत सबै वर्ग र क्षेत्रका सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया मार्फत उनीहरूका सुझावलाई समेट्ने प्रयास गरिएको छ । यस प्रक्रियाले योजनालाई सान्दर्भिक र कार्यान्वयन योग्य बनाउन सहयोग पुगेको छ भने अर्कोतर्फ योजनाप्रति सरोकारवालाहरूको अपनत्व वृद्धि भएको छ ।

यस योजनामा बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा व्यावसायिक शिक्षासहितका मुख्य विषय क्षेत्रका साथै शैक्षिक समता र समावेशीकरण, दिवा खाजासहित स्वास्थ्य र पोषण कार्यक्रम, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सुशासन जस्ता शिक्षाका अन्तरसम्बन्धित विषय क्षेत्रलाई अलग अलग शीर्षकमा उद्देश्य, रणनीति तथा कार्यक्रमहरूसहित विस्तृत रूपमा तयार पारिएको छ । योजनाले प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको अभिवृद्धि र शैक्षिक विकासलाई प्रधान विषय मानेको छ । समृद्धि प्राप्तिका लागि गुणस्तरीय शिक्षाका माध्यमबाट सिर्जनशील, सीपमूलक, प्रतिस्पर्धी, नवप्रवर्तनशील, नैतिकवान र सक्षम जनशक्ति विकास गर्ने लक्ष्य लिइएको छ ।

योजनामा निर्धारित उद्देश्यहरू हासिल गर्नका लागि कार्यान्वयन योग्य रणनीति र कार्यनीति निर्धारण गरिएको छ । शिक्षामा समतामूलक समावेशीकरणलाई जोड दिनु यो योजनाको अर्को विशेषता हो । सङ्घीय र प्रदेश सरकारले ससर्त अनुदानका रूपमा निर्धारण गरेका कार्यक्रमका साथै गाउँपालिकाको मौलिक आवश्यकतामा आधारित कार्यक्रमहरू पनि निर्धारण गरिएको छ । कानुन निर्माण गरेर भएपनि आधारभूत उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गर्ने रणनीति तय गरिएको छ । त्यसैगरी, सामुदायिक शिक्षामा स्थानीय शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीको जवाफदेहिता अभिवृद्धि गर्नका लागि आफ्ना बालबालिकाहरूलाई आफ्नै गाउँपालिकाभित्रको सामुदायिक विद्यालयमा अध्ययन गराउ जोड दिने, कक्षाकोठामा सिकाइ सामग्रीसहित प्रवेश गर्ने र अधिकतम रूपमा आधुनिक सूचना प्रविधिको उपयोग गरी शिक्षण गर्नेतर्फ जोड दिइएको छ । आवश्यकता हेरी शिक्षकहरूमा आधुनिक सूचना प्रविधिको उपयोग, योजना निर्माण एवम् कार्यान्वयन, सिकाइ सामग्रीको पहिचान, सङ्कलन, निर्माण र प्रयोगलगायतका विषय क्षेत्रमा दक्षता अभिवृद्धिका लागि क्षमता विकासका कार्यक्रम आयोजना गर्ने कार्यक्रमहरू पनि समावेस गरिएको छ ।

योजनालाई कार्यान्वयन गर्न शिक्षा क्षेत्रको बजेट विनियोजन प्रतिशत वृद्धि गरिने छ । उक्त बजेट सङ्घीय सरकारबाट वर्षेनी प्राप्त हुने ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान तथा प्रदेश सरकारबाट प्राप्त हुने ससर्त अनुदानका साथै गाउँपालिकाको आन्तरिक स्रोतबाट जुटाइने छ । यसका साथै यस शिक्षा योजनालाई कार्यन्वयन गर्नका लागि शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्था तथा आमा समूह लगायतका सहयोगी हातहरूबाट सहयोगको अपेक्षा गरिएको छ । गाउँपालिकाले पनि आफ्नो बजेटमा क्रमशः वृद्धि गरी कूल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याउने छ भने सङ्घीय र प्रदेश सरकारले पनि सोही अनुपातमा शिक्षा क्षेत्रमा बजेट छुट्याउने अपेक्षा गरिएको छ ।

योजनालाई मध्यावधी मूल्याकन र  पूर्णावधी मूल्याङ्कन गरिने छ। योजनालाई सबै तह र क्षेत्रबाट सहयोग प्राप्त भएमा आधार वर्ष २०८०/०८१ को सूचकलाई विभिन्न कार्यक्रमको कार्यान्वयनबाट योजना अवधिको अन्त्यसम्ममा तोकिए बमोजिमका सूचकगत लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ।

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले परिकल्पना गरे अनुसारको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अनुरुप संघ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील छन् ।नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क गर्ने हकको सुनिश्चत गरेको छ । उक्त संविधानले निर्धारण गरेको प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले पनि शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति महत्वपूर्ण नीतिगत व्यवस्थाको रुपमा कार्यान्वयनमा रहेको छ।

नेपालको आधुनिक शिक्षाको इतिहास धेरै लामो छैन । राणाकालको सुरुवातदेखि औपचारिक शिक्षाको जग बसालेको भएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षाको सुधार एवम् परिवर्तनका लागि कोशेढुंगाको रुपमा कार्य गरेको देखिन्छ । यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका छन् । यसका साथै विभिन्न परियोजना तथा कार्यक्रमहरु रेडियो शिक्षा, शिक्षक तालिम परियोजना २०३५, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८)का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहस्राब्दी विकास लक्ष्य (२०००-२०१५), विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२), विद्यालय शिक्षा क्षेत्र योजना (२०२३-२०३०) एवम् दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्न भोक्राहा नरसिंह गाउँपालिकाले शिक्षा क्षेत्रको योजना (Education Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२४-२०३३ (वि.स. २०८१-२०९०) का लागि तयार गरेको छ।

संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखी शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ । ती प्राथमिकता र स्थानीय सरकारका शिक्षाका २३ वटा अधिकार,संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, राष्ट्रिय शिक्षा नीति २०७६ एवम् १६औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको

विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ। सामाजिक आर्थिक रुपान्तरणका लागि न्यूनत्तम सिकाइ वातावरणको सुनिश्चितता गर्दै विद्यालय उमेर समूहका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षाको पहुँचमा सुधार गर्ने लक्ष्य र यसैसँग सम्बन्धित उद्देश्य र क्रियाकलापहरु यस शिक्षा योजनाले निर्धारण गरेको छ । उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, गुणस्तरीय शिक्षामा विद्यालय उमेरसमूहका सबैलाई सरल र सहज पहुँच वृद्धि गर्ने, लैङ्गिक समानता तथा समावेशीकरण, विपत् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।
स्थानीय सरकारले हरेक वर्ष वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु पर्ने नीतिगत व्यवस्था छ । हाल सर्त सहितको कार्यक्रम र बजेट विनियोजन भएता पनि आगमी दिनमा संघीय सरकारबाट एकमुष्ट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकारले आफ्ना आवश्यकताहरु निर्धारण गर्दा समग्र गाउँपालिकाको विकास र समृद्धिका लागि आँफैले वार्षिक कार्यक्रम बनाउनु पर्ने अवस्था सृजना हुने भएको छ । कोभिड १९ ले पारेको शैक्षिक क्षतिको सिकाइ आपूरण तथा द्रुत सिकाइलाई समेट्ने एवम् विविध प्रकारका विपदहरुले आगामी दिनमा शिक्षा क्षेत्रमा पार्न सक्ने प्रभाव न्यूनीकरणको आँकलन गर्दै शिक्षा क्षेत्रको सुधारका लागि आफ्ना सीमित स्रोत साधन तथा शिक्षा क्षेत्र सुधारका असीमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि व्यावहारिक रुपमा कार्यान्वयन योग्य योजनाको विकल्प नभएको अवस्था छ । तसर्थ गाउँपालिकाका माग र आवश्यकताहरु पूरा गर्न आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको हुँदा शिक्षा क्षेत्रको सुधार तथा विकासका लागि यो योजना तयार गरिएको छ।

### १.१.१ भौगोलिक अवस्थिति

सुनसरीको जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको भोक्राहा नरसिंह गाउँपालिकाको पूर्व तर्फ इनरुवा नगरपालिका, पश्चिम तर्फ कोशी गाउँपालिका र भारत सिमाना, उत्तर तर्फ बराहक्षेत्र नगरपालिका तथा दक्षिण तर्फ हरिनगर गाउँपालिका रहेको छ। यस गाउँपालिकाको बीच भागबाट पूर्वपश्चिम राजमार्ग गएको छ। बि.सं. २०७३ सालमा भएको राज्य पुनर्संरचना पश्चात् यस गाउँपालिकाको नाम भोक्राहा नरसिंह राखिएको हो। कुल परिवार सङ्ख्या ८९३२ र कुल जनसङ्खया ४९२८० रहेको यस गाउँपालिकाको क्षेत्रफल ६३.३७ वर्ग कि.मि. रहेको छ। ८ वटा वडाहरूमा संगठित रहेको यस गाउँपालिकाको प्रशासकीय केन्द्र वडा नं. ४ स्थित चिरौलीमा रहेको छ। यो गाउँपालिका २६° ३७′ ४८″ उत्तरी आक्षांश देखि ८७° ६′ ०″ पूर्वी देशान्तरसम्म फैलिएको छ।

उर्वर जमिन रहेको भोक्राहा नरसिंह गाउँपालिका कृषि उत्पादनका दृष्टिले निकै सम्पन्न छ। यस भेगबाट केही खोलाहरू पनि बगेका छन्। सप्तकोशी नदी नजिकै रहेको यस गाउँपालिकालाई भूमिगत जलस्रोतका लागि महत्वपूर्ण मान्न सकिन्छ। सागसब्जी र फलफूल उत्पादनका क्षेत्रमा यो

गाउँपालिका जिल्लामा निकै प्रख्यात छ। यसको नजिकै रामधुनी, चतरा, प्रकाशपुर, चक्रघट्टी र वराहक्षेत्र जस्ता धार्मिक तथा ऐतिहासिक क्षेत्रहरूको अवस्थिति रहनाले यो गाउँपालिका ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण छ। प्राचीन समयमा भोक्राहा क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको थियो। कोशी नदीका किनारी भागमा केही जातजातिका मानिसहरूका ससाना वस्तिहरू थिए। तत्काल घना जंगलका कारण मानिसहरु खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्थे। भोक्राहा भेगमा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन्। भोक्राहा नरसिंह नाम ऐतिहासिक देखिन्छ। यस भेगमा नरसिंह विष्णुको एउटा पुरानो प्रतिमा पाइएको थियो, जसका आधारमा गाविसको नाम नै नरसिंह राखिएको थियो। यहाँ प्राप्त नरसिंहको प्रतिमालाई इसाको पाँचौं शताब्दीतिर निर्मित प्रस्तर प्रतिमा मानिएको छ। उक्त प्रतिमा हाल काठमाडौंको राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको छ। यसबाट यो गाउँपालिका क्षेत्र ऐतिहासिक कालदेखि नै प्रख्यात स्थल थियो भन्ने पुष्टि हुन्छ।

### १.१.२ जनसाख्यिक संरचना

कुनै पनि स्थानमा रहेको उमेर तथा लिंगगत विवरणले सो स्थानको सामाजिक तथा आर्थिक स्थिति स्पष्ट पार्न, बिभिन्न सामाजिक कल्याणका योजनाहरु तर्जुमा गर्न तथा तिनको प्रभावकारी कार्यान्वयन गर्न मद्दत गर्दछ। यसैगरी स्रोत तथा साधनको अधिकतम सदुपयोग गर्न जनशक्ति परिचालन लगायतमा आधारको कार्य गर्दछ। यहाँ गाउँपालिकामा रहेको लिङ्ग अनुपात, उमेर तथा लिङ्ग अनुसारको जनसंख्याको वितरणको स्थितिलाई उल्लेख गरिएको छ।


राष्ट्रिय जनगणना, २०७८ का अनुसार भोक्राहा नरसिंह गाउँपालिकाको समग्र लिङ्ग अनुपात (१०० महिलामा रहेका पुरुषहरुको संख्या) ९७.२२ रहेको छ। अर्थात् गाउँपालिकामा महिलाहरुको संख्या अधिक रहेको छ । यसैगरी उक्त प्रतिबेदनका अनुसार भोक्राहा नरसिंह गाउँपालिकाको जनसंख्या बिगतको भन्दा बृद्धि भई ४९,२८० पुगेको छ भने पुरुषहरुको संख्या २४,२९३ र महिलाको संख्या २४,९८७ पुगेको छ। यस अघिको भन्दा यस पटकको जनगणनामा लिङ्ग अनुपातमा कमी आई ९७.२२ हुन गएको छ। भोक्राहा नरसिंह गाउँपालिकामा महिलाहरुको बाहुल्यता रहेको देखिन्छ।

भोक्राहा नरसिंह गाउँपालिकाको जनसांख्यिक स्थिति, २०७८

| वडा नम्बर | घर परिवारको संख्या | कुल जनसंख्या | पुरुषको संख्या | महिलाको संख्या | औषत घरपरिवार संख्या | लिंग अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ११८२ | ५८९७ | २८९५ | ३००२ | ४.९९ | ९६.४४ |
| २ | १२३६ | ६९३५ | ३४१६ | ३५१९ | ५.६१ | ९७.०७ |
| ३ | १००४ | ४९३२ | २४४० | २४९२ | ४.९१ | ९७.९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १०३७ | ५४८४ | २६४८ | २८३६ | ५.२९ | ९३.३७ |
| ५ | १०९३ | ६२५१ | ३०५७ | ३१९४ | ५.७२ | ९५.७१ |
| ६ | ११९० | ६४९२ | ३१८३ | ३३०९ | ५.४६ | ९६.१९ |
| ७ | ११८३ | ६५९६ | ३३८१ | ३२१५ | ५.५८ | १०५.१६ |
| ८ | १००७ | ६६९३ | ३२७३ | ३४२० | ६.६५ | ९५.७० |
| **जम्मा** | ८९३२ | ४९२८० | २४२९३ | २४९८७ | ५.५२ | ९७.२२ |


स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७९




यसरी नै जनगणना २०७८ का अनुसार भोक्राहा नरसिंह गाउँपालिकाको कुल जनसंख्या, पुरुष तथा महिलाको जनसंख्यालाई तलको तालिका तथा चार्टमा प्रस्तुत गरिएको छ ।

भोक्राहा नरसिंह गाउँपालिकाको जनसांख्यिक, लिगगत तथा साक्षरताको स्थिति, २०६८ तथा २०७८

| २०६८ | | २०७८ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिवार संख्या | जम्मा जनसंख्या | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | साक्षरता दर (प्रतिशत मा) | | |
| | | | | | | | | | | जम्मा | पुरुष | महिला |
| ६७९८ | ४०५०९ | ८९३२ | ४९२८० | २४२९३ | २४९८७ | ५.५२ | ९७.२२ | १.८८ | ७६८ | ६६.९३ | ७४.१० | ६०.१२ |





## उमेरको आधारमा जनसङ्ख्याको विवरण

भोक्राहा नरसिंह गाउँपालिकाको उमेर तथा लिंगगत बनौटलाई हेर्ने हो भने सबैभन्दा बढी जनसंख्या ५ देखि ९ बर्षको उमेर समुहमा रहेको देखिन्छ। उक्त ५ देखि ९ बर्षको उमेर समुहको जनसंख्या १२.७ प्रतिसत (६२४५ जना) रहेको छ । त्यसपछि धेरै जनसंख्या ००—०४ र १०—१४ उमेर समुहको बराबर प्रतिशत (११.१ प्रतिशत) रहेको छ। जसलाई तलको तालिकामा देखाईएको छ।

भोक्राहा नरसिंह गाउँपालिकाको उमेरगत समूहका आधारमा जनसङ्ख्या विवरण, २०७८

| Age-groups | Total Population | Male Population | Female Population |
|---|---|---|---|
| 00-04 Yrs. | 5866 | 3048 | 2818 |
| 05-09 Yrs. | 6245 | 3176 | 3069 |
| 10-14 Yrs. | 5612 | 2871 | 2741 |
| 15-19 Yrs. | 5012 | 2675 | 2337 |
| 20-24 Yrs. | 4860 | 2141 | 2719 |
| 25-29 Yrs. | 4075 | 1746 | 2329 |
| 30-34 Yrs. | 3129 | 1436 | 1693 |
| 35-39 Yrs. | 3131 | 1408 | 1723 |
| 40-44 Yrs. | 2481 | 1240 | 1241 |
| 45-49 Yrs. | 2095 | 1031 | 1064 |
| 50-54 Yrs. | 1824 | 930 | 894 |
| 55-59 Yrs. | 1420 | 760 | 660 |
| 60-64 Yrs. | 1250 | 631 | 619 |
| 65-69 Yrs. | 1106 | 573 | 533 |
| 70-74 Yrs. | 706 | 375 | 331 |
| 75-79 Yrs. | 305 | 182 | 123 |
| 80-84 Yrs. | 87 | 34 | 53 |
| 85-89 Yrs. | 39 | 17 | 22 |
| 90-94 Yrs. | 13 | 8 | 5 |
| 95+ Yrs. | 24 | 11 | 13 |
| All Ages | 49280 | 24293 | 24987 |

*स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय, २०७९*




## १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था


यो गाउँपालिका सामाजिक तथा सांस्कृतिक रूपमा विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक-फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यस गाउँपालिकामा विभिन्न ४० जातजातिका मानिसहरूको बसोवास रहेको देखिन्छ। यिनीहरूमध्ये यस गाउँपालिकामा बसोवास गर्ने सवैभन्दा ज्यादा जनसंख्या रहेको जाति मुश्लिम हो, जसको जनसंख्या प्रतिशत ४२.१५ हुन आउँछ ।यसपछि यस गाउँपालिकामा कोईरी, यादव, उराँव, धानुक, तेली, मुसहर, खत्वे, सरवरिया आदि जातजातिका मानिसहरूको बाहुल्यता रहेको पाइन्छ। यस पालिकामा बसोबास गर्ने १७ ओटा जातिगत समूहको जनसंख्या ९७.६६ प्रतिशत रहेको पाईन्छ भने पालिकामा बसोवास गर्ने अन्य २३ जातिहरूको  जनसंख्या २.३४ प्रतिशत रहेको पाईन्छ। भोक्राहा नरसिंह गाउँपालिकाको जात जाति सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ (स्रोत: राष्टिय तथ्यांक कार्यालय, २०८०)।

गाउँपालिकाको पछिल्लो जातजातिगत विवरण, २०७८

| S.N. | Cast | Male | Female | Total | Percentage |
|---|---|---|---|---|---|
| 1 | Musalman | 10104 | 10667 | 20771 | 42.15 |
| 2 | Koiri/Kushwaha | 3150 | 2952 | 6102 | 12.38 |
| 3 | Yadav | 2830 | 2719 | 5549 | 11.26 |
| 4 | Oraon/Kudukh | 2281 | 2548 | 4829 | 9.80 |


| | | | | | |
|---|---|---|---|---|---|
| 5 | Dhanuk | 1191 | 1090 | 2281 | 4.63 |
| 6 | Teli | 1021 | 951 | 1972 | 4.00 |
| 7 | Musahar | 932 | 932 | 1864 | 3.78 |
| 8 | Khatwe | 579 | 604 | 1183 | 2.40 |
| 9 | Sarbaria | 479 | 505 | 984 | 2.00 |
| 10 | Mallaha | 287 | 291 | 578 | 1.17 |
| 11 | Haluwai | 291 | 267 | 558 | 1.13 |
| 12 | Chamar/Harijan/Ram | 242 | 277 | 519 | 1.05 |
| 13 | Foreigner | 26 | 281 | 307 | 0.62 |
| 14 | Hajam/Thakur | 145 | 160 | 305 | 0.62 |
| 15 | Kshetri | 94 | 109 | 203 | 0.41 |
| 16 | Dev | 96 | 86 | 182 | 0.37 |
| 17 | Baniyan | 71 | 66 | 137 | 0.28 |
| 18 | Kewat | 56 | 52 | 108 | 0.22 |
| 19 | Others | 45 | 43 | 88 | 0.18 |
| 20 | Sonar | 32 | 40 | 72 | 0.15 |
| 21 | Brahman - Hill | 34 | 33 | 67 | 0.14 |
| 22 | Rai | 32 | 34 | 66 | 0.13 |
| 23 | Pariyar | 29 | 24 | 53 | 0.11 |
| 24 | Brahman - Tarai | 30 | 14 | 44 | 0.09 |
| 25 | Badhaee/Badhee | 17 | 26 | 43 | 0.09 |
| 26 | Chai/Khulaut | 23 | 19 | 42 | 0.09 |
| 27 | Bishwokarma | 16 | 18 | 34 | 0.07 |
| 28 | Kalwar | 15 | 19 | 34 | 0.07 |
| 29 | Tatma/Tatwa | 17 | 17 | 34 | 0.07 |
| 30 | Kumhar | 15 | 19 | 34 | 0.07 |
| 31 | Yakthung/Limbu | 18 | 13 | 31 | 0.06 |
| 32 | Lohar | 16 | 13 | 29 | 0.06 |
| 33 | Dom | 12 | 14 | 26 | 0.05 |
| 34 | Baraee | 10 | 13 | 23 | 0.05 |
| 35 | Kanu | 9 | 13 | 22 | 0.04 |
| 36 | Bangali | 9 | 11 | 20 | 0.04 |
| 37 | Kisan | 10 | 10 | 20 | 0.04 |
| 38 | Gangai | 6 | 9 | 15 | 0.03 |
| 39 | Magar | 8 | 6 | 14 | 0.03 |
| 40 | Thakuri | 5 | 9 | 14 | 0.03 |
| 41 | Badi | 5 | 7 | 12 | 0.02 |
| 42 | Mali | 5 | 6 | 11 | 0.02 |
| | | **24293** | **24987** | **49280** | **100** |


*स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय, २०८०*




## १.१.४ आर्थिक अवस्था

"समृद्ध नेपाल सुखी नेपाली" को सोचसहित कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउने सरकारको महत्वकांक्षी लक्ष्यलाई भोक्राहा नरसिंह गाउँपालिकाले टेवा दिन पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरु मूख्यत: कृषि पेसामा आवद्ध रहेको र आर्थिक स्तर माथि उकास्न धान, मकै, गहुँ, केरा र आँप लगायत उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यसका सथै वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भिन्न समयमा देखिने सङ्क्रमण, बाढी लगायतका प्रकोपले आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको पाइन्छ।






**श्रोतः जनगणना २०७८**

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको आर्थिक रुपमा सक्रिय जनसंख्या को प्रतिशत ६२.३ रहेको छ भने कुनै पनि पेसामा सक्रिय नरहेको जनसंख्या ३७.६ प्रतिशत रहेको छ। चित्र नं २ मा आर्थिक अवस्थाबारे देखाइएको।११.३ प्रतिशत जनसंख्या ३ महिना भन्दा कम समय आर्थिक उपार्जनमा संलग्न हुने गरेको पाइएको छ।यस हिसाबले गाउँपालिकाको झण्डै आधा जनसंख्याको आर्थिक अवस्था न्यून रहेको छ।समग्रमा यस क्षेत्रको जनजीवन मध्यम स्तरको रहेको छ।


### १.१.५ शैक्षिक अवस्था

शिक्षा ऐन २०२८ को आठौं संशोधनले विद्यालय शिक्षालाई आधारभूत तह (प्रारम्भिक बालविकासदेखि कक्षा -८) र माध्यमिक तह (कक्षा ९-१२) गरी २ भागमा विभाजन गरेको हुँदा दुई प्रकारका शिक्षालयहरु यस गाउँपालिकामा सञ्चालनमा छन्। एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेर पुगेका बालबालिकाहरुलाई अध्ययन अध्यापन गराइन्छ।५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व यस गाउँपालिकाको रहेको छ।नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गराई माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।कम्पनी ऐन तथा निजी शैक्षिक गुठी अन्तर्तग सशुल्क निजी स्तरबाट र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारको शिक्षा प्रणाली यहाँ रहेको छ।

वि.स. २०७६ मा जारी भएको राष्ट्रिय शिक्षा नितिले सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधिमैत्री रोजगारमुलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ।१६ औं पञ्चवर्षीय योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको

सोच राखेको छ सोही अनुरुप स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु राष्ट्रिय उद्देश्य राखेको छ। यसै सन्दर्भमा यस गाउँपालिकाले नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित हक अधिकारको कार्यान्वयनका निम्ति गाउँपालिका शिक्षा ऐन २०७८ बनाई कार्यान्वयन गरिरहेको छ। यस गाउँपालिकाको साक्षरताको अवस्थालाई नियाल्दा करिब ६७ प्रतिशत जनसंख्या साक्षर रहेको देखिएको छ जुन राष्ट्रिय साक्षरता प्रतिशत भन्दा १० प्रतिशत कम देखिन्छ। साक्षरताको अवस्थालाई जनगणना २०७८ को तथ्याङ्क अनुसार चित्र नं ३ मा निम्नानुसार प्रस्तुत गरिएको छ।

**साक्षरता प्रतिशत**




**श्रोतः जनगणना, २०७८**

**अवस्था, उपलब्धि र अन्तर**

यस गाउँपालिकामा हाल २६ वटा सामुदायिक विद्यालय तथा २० वटा धार्मिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। सामुदायिक अन्तर्गत माध्यमिक तह कक्षा १-१२ १, माध्यमिक तह कक्षा १-१० सञ्चालन भएका ३ वटा, आधारभूत तह कक्षा १-८ सञ्चालन भएका ३ वटा, आधारभूत तह कक्षा १-५ सञ्चालन भएका १९ वटा तथा विद्यालयहरू रहेका छन्। त्यसै गरी धार्मिक विद्यालय अन्तर्गत अन्तर्गत माध्यमिक तह कक्षा १-१२ १, माध्यमिक तह कक्षा १-१० सञ्चालन भएका २ वटा, आधारभूत तह कक्षा १-८ सञ्चालन भएका ८ वटा, आधारभूत तह कक्षा १-५ सञ्चालन भएका ९ वटा तथा विद्यालयहरू रहेका छन्। छन्। त्यसै गरी संस्थागत विद्यालय अन्तर्गत अन्तर्गत माध्यमिक तह कक्षा १-१२ चलेको नरहेका, माध्यमिक तह कक्षा १-१० सञ्चालन भएका नरहेका, आधारभूत तह कक्षा १-८ सञ्चालन भएका २ वटा, आधारभूत तह कक्षा १-५ सञ्चालन भएका ८ वटा विद्यालयहरू रहेका छन्। यस गाउँपालिकामा बालविकास केन्द्रहरु ५९ वटा रहेका

छन्। हालसम्म प्राविधिक धारका विद्यालहरू र नमुना विद्यालयहरू रहेका छैनन्। २ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्।


**शैक्षिक सत्र २०८१ को विद्यार्थी विवरण-**

| ECD/PPC | | | 1 | | | 2 | | | 3 | | | 4 | | | 5 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 913 | 1098 | 2011 | 790 | 922 | 1712 | 651 | 641 | 1292 | 653 | 587 | 1240 | 524 | 504 | 1028 | 503 | 478 | 981 |
| **6** | | | **7** | | | **8** | | | **9** | | | **10** | | | **11** | | |
| Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 428 | 302 | 730 | 352 | 239 | 591 | 339 | 231 | 570 | 231 | 105 | 336 | 178 | 122 | 300 | 52 | 28 | 80 |

Koshi Province | Sunsari | Bhokraha Narsing Rural Municipality | School Year -2081

| S.N | ECD | 1--5 | 6--8 | 9--10 | 11--12 | ECD-12 |
|---|---|---|---|---|---|---|
| 1 | Total | Total | Total | Total | Total | Total |
| | 2011 | 6253 | 1891 | 636 | 80 | 10871 |

चित्र




शैक्षिक सत्र २०८१ मा १०८७१ जना विद्यार्थीहरू अध्ययन रहेका छन्।जसमा पूर्वप्राथमिक कक्षामा जम्मा २०११ जना, आधारभूत तह कक्षा १-५ मा ६२५३ जना, आधारभूत तह कक्षा ६-८ मा १८९१ जना, माध्यमिक तह कक्षा ९-१० मा ६३६ जना, माध्यमिक तह कक्षा ११-१२ मा ८० जाना विद्यार्थीहरू अध्ययनरत रहेका छन्।गाउँपालिकामा छात्र ५२५७ जाना र छात्रा ५६१४ जना रहेका छन्।यसरी हेर्दा गाउँपालिकामा छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थी सङ्ख्या बढी देखिन्छ। प्राविधिका र नमुना विद्यालयहरू यस गाउँपालिकामा रहेका छैनन्।

यस गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिँदै आइएको छ। हरेक वर्ष शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन हुँदै आएको छ। गाउँपालिका क्षेत्रमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतीको विषय रहेको छ। CEHRD Flash Report २०८० को आधारमा केही शैक्षिक तथ्यांकहरुलाई तलको तालिका नं ३ मा विश्लेषण गरिएको छ।

**तालिका नं ३ शैक्षिक तथ्याङ्क**

| | | |
|---|---|---|
| **इसिडिको कुल भर्नादर** | छात्रा | ५७.१ |
| | छात्र | ६१.३ |
| | जम्मा | ५९.४ |
| **इसिडिको खुद भर्नादर** | छात्रा | ३४.२ |
| | छात्र | ३४.६ |
| | जम्मा | ३४.४ |
| **कुल प्रवेशदर कक्षा १** | छात्रा | १००.६ |
| | छात्र | १००.८ |
| | जम्मा | १००.७ |
| **ECD/PPC सहितको कक्षा १ मा भर्नादर प्रतिशतमा** | छात्रा | ५१.४ |
| | छात्र | ५७.६ |
| | जम्मा | ५४.६ |
| **खुद प्रवेशदर कक्षा १** | छात्रा | ९६.३ |
| | छात्र | ९६.४ |
| | जम्मा | ९६.४ |
| **कुल भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९५.८ |
| | छात्र | ९५.१ |
| | जम्मा | ९५.४ |
| **खुद भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९५.५ |
| | छात्र | ९५.१ |
| | जम्मा | ९५.२ |
| **कुल भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ९३.१ |
| | छात्र | ९३.४ |
| | जम्मा | ९३.२ |
| **खुद भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ९२.४ |
| | छात्र | ८७.४ |
| | जम्मा | ९०.४ |

| | | |
|---|---|---|
| कुल भर्नादर कक्षा १ बाट ८ | छात्रा | ९५.१ |
| | छात्र | ९४.७ |
| | जम्मा | ९४.९ |
| खुद भर्नादर कक्षा १ बाट ८ | छात्रा | ९५.४ |
| | छात्र | ९३.५ |
| | जम्मा | ९४.१ |
| कुल भर्नादर कक्षा ९ बाट १० | छात्रा | ८५.१ |
| | छात्र | ८७.६ |
| | जम्मा | ८६.३ |
| खुद भर्नादर कक्षा ९ बाट १० | छात्रा | ६८.२ |
| | छात्र | ६९.५ |
| | जम्मा | ६८.८ |
| कुल भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ८ |
| | छात्र | ११ |
| | जम्मा | ९ |
| खुद भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ३.९ |
| | छात्र | ५.१ |
| | जम्मा | ४.४ |
| कुल भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ३२.५ |
| | छात्र | ८३.३ |
| | जम्मा | ३६.९ |
| खुद भर्नादर कक्षा ९ बाट १२ | छात्रा | २४.३ |
| | छात्र | ३२.९ |
| | जम्मा | २७.७ |
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ८४.३ |
| | छात्र | ८१.५ |
| | जम्मा | ८३.३ |

**श्रोतः CEHRD Flash Report २०८०**

**तालिका नं. ४ शैक्षिक अवस्था**

| | | दोहोऱ्याउने दर | छोड्ने दर | उत्तीर्ण दर |
|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | ९.० | ३.१ | ८३.६ |
| | छात्र | ८.५ | ३.५ | ८३.२ |
| | जम्मा | ८.८ | ३.३ | ८३.४ |

| | | | | |
|---|---|---|---|---|
| कक्षा ६- ८ | छात्रा | ३.८ | २.२ | ८९.० |
| | छात्र | ५.५ | २.४ | ८८.७ |
| | जम्मा | ४.५ | २.३ | ८८.९ |
| कक्षा ९- १० | छात्रा | ०.६ | ०.५ | ९५.२ |
| | छात्र | ०.३ | ०.८ | ९८.१ |
| | जम्मा | ०.५ | ०.६ | ९६.५ |
| कक्षा ११- १२ | छात्रा | ०.० | ०.० | ८५.१ |
| | छात्र | ०.० | ०.० | ८३.३ |
| | जम्मा | ०.० | ०.० | ८४.३ |

**श्रोतः CEHRD Flash Report** २०८०

माथिको तथ्यांकलाई विश्लेषण गर्दा प्रारम्भिक बाल विकास केन्द्रको कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ५९.४ प्रतिशत र ३४.४ प्रतिशत देखिएको छ। यस तथ्याङ्कले बालबालिकाहरु कक्षागत उमेरमा प्रारम्भिक बाल कक्षामा भर्ना नभएको देखिन्छ।यसरी हेर्दा २५ प्रतिशत बालबालिकाहरुको प्रारम्भिक बालकक्षाको उमेर (४ वर्ष) मा भर्ना हुने अवस्था सिर्जना गर्नु पर्ने चुनौती छ।त्यसैगरी कक्षा १ को कुल भर्ना दर र खुद भर्ना दर क्रमशः १००.७ प्रतिशत र ९६.४ प्रतिशत देखिएको छ। यस तथ्याङ्कले ४.३ प्रतिशत कुल भर्ना र खुद भर्नादर बीचमा फरक देखिन्छ।त्यसैगरी आधारभूत तह (कक्षा १-५) मा ४.८ प्रतिशत बालबालिकाहरु अझ पनि विद्यालय बाहिर रहेका छन्।कक्षा ८ सम्मको टिकाउदर हेर्दा १६.७ बालबालिकाहरु विद्यालय शिक्षा प्रणालीमा टिकाउन नसकिएको देखिन्छ। त्यसैगरी कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर पनि उच्च देखिन्छ।बालबालिकाहरू तोकिएको विद्यालय उमेर समूहमा भर्ना नहुने कुराको तथ्य पनि कुल भर्ना दरले देखाएको छ।

यस पालिकाको समग्र सिकाइ उलब्धि ८८.२३ प्रतिशत रहेको देखिन्छ भने कक्षा ८ मा १.६ माथिको ग्रेड ल्याउन विद्यार्थी प्रतिशत ८८.९ प्रतिशत रहेको छ भने एसइइमा १.६ माथि को ग्रेड ल्याउने विद्यार्थी प्रतिशत ९६.५ प्रतिशत रहेको छ।यी शैक्षिक अवस्थालाई थप सुधार गर्न यस शिक्षा योजनाले विशेष जोड दिनेछ।

## १.२ शिक्षा क्षेत्रका मुख्य समस्याहरु

यस गाउँपालिकाको शिक्षा क्षेत्रका प्रमुख समस्याहरु देहाय बमोजिम रहेकाछन्।

- विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुको भर्ना गर्न नसक्नु।
- दिवा खाजा मापदण्ड बमोजिम कार्यान्वयन गर्न नसक्नु।
- तालिम प्राप्त शिक्षकले प्राप्त गरेका ज्ञान सीप र दक्षता पूर्ण रुपमा कार्यान्वयन गर्न नसक्नु।
- अंग्रेजी विज्ञान र गणित शिक्षकको व्यवस्थापन गर्न नसक्नु।
- दरबन्दी पुनर्वितरण गर्न नसक्नु ।
- सिकाइ उपलब्धी कमजोर हुनु ।

- विद्यार्थी टिकाउन गर्न नसक्नु ।
- विद्यालय नक्सांकन गर्न नसक्नु ।
- शिक्षक विद्यार्थी अनुपात मिलाउन नसक्नु।
- विद्यालयमा तहगत र विषयगत शिक्षकको कमी।
- धार्मिक विद्यालयलाई मूल प्रवाहीकरण गर्न नसक्नु।
- आन्तरिक स्रोत जुटाउन नसक्नु ।
- शिक्षामा पर्याप्त लागनी गर्न नसक्नु।
- विज्ञ जनशक्ति परिचालनको अभावमा विद्यालयको नियमित अनुगमन गर्न नसक्नु।
- शिक्षकको पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्न नसक्नु।
- सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु।
- शिक्षालाई प्रविधिसँग जोड्न नसक्नु।
- अभिभावक सचेतननाको कमी।
- विद्यार्थी नियमितता गराउन नसक्नु ।
- पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नसक्नु।
- विद्यालयको व्यवस्थापन तथा सुशासनलाई प्रभावकारी बनाउन नसक्नु।
- विव्यस, शिअसं कर्तव्य र दायित्वबोधको कमी।
- भौतिक संरचना अभाव तथा पहुँचयोग्य र बालमैत्री नहुनु।
- शिक्षकको क्षमता विकासका कार्यक्रममा लगानी बढाउन नसक्नु।
- शैक्षिक सामग्री, पुस्तकालय, विज्ञान तथा कम्प्युटर प्रयोगशालको अभाव।

## १.३ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरु

विद्यालय शिक्षाको सर्वसुलभता, समतामूलक पहुँच, गुणस्तर सुनिश्चिततासहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धी हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ-सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु,
- प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु,
- सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नु,
- अभिभावकहरुमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो वृद्धि गर्नु
- प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धि गर्नु,
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रबन्ध गर्नु,
- दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरुको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्नु तथा गणित, अंग्रजी र विज्ञान जस्ता विषय शिक्षकहरु पदपूर्ति समयमै गर्नु,
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभाक संघ र अभिभावकहरुको भूमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु,
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,
- शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु,
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण तथा शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु,
- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु,
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु,
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु,
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउनु।

## १.४ शिक्षा क्षेत्रका अवसरहरु

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय

तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन्। यसका साथै अन्य थप अवसरहरुलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ।

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रबन्ध भएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको,
- संघ र प्रदेशका शिक्षा नीति कार्यक्रमहरुसँग तालमेल हुने गरी गाउँपालिका शिक्षा ऐन २०७८, तयार भएइ कार्यान्वयनका आएको,
- विभिन्न गैर सरकारी संघ संस्थाहरूको क्रियाशीलता रहेको तथा स्थानीय शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्न तथा कार्य साझेदारी गर्ने वातावरण तयार भएको,
- गुणस्तरीय शिक्षाप्रति आम अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको,
- विद्यालय तहमा खुद भर्नादरमा उल्लेख्य वृद्धि भएको, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालयमा भित्र्याउने कार्य भैरहेको,
- लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको,
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता वृद्धि भएको,
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको,
- प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भवना रहेको, विद्यालयमा बालबालिकाहरुको सहजै पहुँच भएको,
- स्थानीय शिक्षा ऐन, कार्यविधिको तर्जुमा भई कार्यान्वयनमा आएको तथा स्थानीय पाठ्यक्रम कार्यान्वयनको थालनी भएको।
- गाउँपालिकाले शैक्षिक सुधारलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रमा समावेश गरी बजेट विनियोजन गर्ने गरेको।

विविध चुनौतीहरुका बीच पनि शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि थुप्रै अवसरहरु रहेका छन्। कालो बादल भित्र सुन्दर चाँदीको घेरा हुन्छ भनेझैं यी तमाम चुनौतीका बावजुत विद्यालय शिक्षाको सुदृढीकरणका लागि थुप्रै अवसर विद्यमान रहेका छन्। यस पालिकाको शिक्षा क्षेत्रमा लगानी बढ्दै गएको छ। शिक्षक व्यवस्थापनका निम्ति संघीय अनुदानहरु थपिएका छन्। गाउँपालिकाले कार्यविधि तयार पारी रिक्त दरबन्दीमा तत्काल करार शिक्षक नियुक्त गर्ने कार्यमा सहजता हुदै गएको अवस्थामा विद्यालयमा हुने रिक्त शिक्षकको व्यवस्थापनमा सहजीकरण भइरहेको छ। यसैगरी यस स्थानीय तहले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम

लागू गरिरहेको छ। शिक्षा क्षेत्र तीनवटै सरकारको प्राथमिकतामा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिन्छ।

## १.५ योजना निर्माण प्रक्रिया

शिक्षा सार्वजनिक सरोकारको विषय भएकोले यसको आमुल परिवर्तनका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रम आवश्यक पर्दछ। शिक्षा योजनाले वर्तमान परिवेशलाई आत्मसाथ गर्दै भावी पुस्ताको आवश्यकतालाई समेट्ने प्रयास गर्नु पर्दछ। यस शैक्षिक योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको समान सहभागिता सुनिश्चित गराउन, सुझाव संकलन तथा Review समेतका लागि योजना निर्माण गर्न तपशिल बमोजिमको प्रक्रिया अबलम्बन गरिएको छ।

- गाउँ शिक्षा समितिको बैठकको निर्णयबाट ९ सदस्यीय गाउँ शिक्षा योजना निर्माण समिति गठन भएको,
- गाउँ शिक्षा योजना निर्माण समितिले शिक्षक, प्रधानाध्यापहरुसँग सुझाब सङ्कलनका लागि अन्तरक्रिया सञ्चालन गरेको,
- योजना निर्माण समितिले समीक्षा बैठक सञ्चालन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको।
- शिक्षा शाखाको नेतृत्वमा लेखन समितिबाट नियमित रुपमा शैक्षिक तथ्यांकहरु संकलन विश्लेषण भएको।
- पहिलो मस्यौदा माथि सबै सरोकारवालाहरुको सहभागितामा सुझाव संकलन कार्यशाला सञ्चालन भएको।
- योजना लेखन पश्चात तयार पारेको योजनाको मस्यौदा माथि थप सल्लाह सुझाबका लागि जननिर्वाचित पदाधिकारी तथा शिक्षा सरोकारवालाहरुसँग सुझाब संकलन गरेको,
- प्राप्त सल्लाह सुझावलाई समेटी गाउँपालिका शिक्षा योजनालाई अन्तिम रुप प्रदान गरिएको,
- गाउँ कार्यपालिकाको मिति २०८१/०१/३१ गतेको बैठकले गाउँपालिका शिक्षा योजना स्वीकृत गरेको।

# परिच्छेद २: दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्धारण

## २.१ दूरदृष्टि

**"प्रविधिमैत्री ,गुणस्तरीय, जीवनोपयोगी शिक्षामा अभिवृद्धिः भोक्राहा नरसिंह गाउँपालिकाको समृद्धि"**

## २.२ लक्ष्य

*सामाजिक आर्थिक रुपान्तरणका लागि सिर्जनशील, सीपमूलक, प्रतिस्पर्धी, नवप्रवर्तनशील, नैतिकवान र सक्षम जनशक्तिको विकास।*

## २.३ उद्देश्य, रणनीति र कार्यनीति

| उद्देश्य | नीति | कार्यनीति |
|---|---|---|
| १. सबै बालबालिकाको आधारभूत र माध्यमिक शिक्षामा पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्नु, | १. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन र एकीकरण गर्ने। | १.जनसाङ्ख्किक बनोट र भौगोलिक अवस्थाका आधारमा विद्यालयको नक्साङ्कन गरी विद्यालय सार्ने, गाभ्ने र समायोजन गरिने छ। |
| | | २. बाटोघाटोको उचित व्यवस्था भएको स्थानमा स्कुल हब (School Hub) स्थापना गरिने छ। यसका लागि विद्यालयहरूको लागत साझेदारीमा सवारी साधनको व्यवस्था गरिने छ। |
| | | ३. बाटोघाटोको राम्रो प्रबन्ध नभएका स्थानमा विद्यालयहरूले एक आपसमा असल अभ्यासहरूको कार्यान्वयनका लागि सहयोग आदान प्रदान गर्ने वातावरण मिलाइने छ। |
| | २. गाउँपालिकाबाट प्रदान गर्ने सेवासँग जोडेर आधारभूत विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच र निरन्तरता दिन नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने। | ४. आधारभूत विद्यालय उमेर समूहका आफ्ना परिवारका बालबालिकालाई विद्यालय भर्ना र निरन्तरता नगराउने अभिभावकलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा कटौतिसमेत गर्न सकिने गरी कानून निर्माण गरिने छ र अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिने छ। |
| | ३. विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार गर्न प्रयोगात्मक सिकाइका साथै प्रोत्साहन, उत्प्रेरणा, र | ५. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, गणितलगायत अरू विषयगत प्रयोगशालाका साथै पुस्तकालयको व्यवस्था गरिने छ । |

| | | |
|---|---|---|
| | मनोरञ्जनात्मक वातावरणको विकास गर्ने। | ६. उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रोत्साहन स्वरूप पुरस्कार र प्रसंशापत्र प्रदान गर्ने व्यवस्था मिलाइने छ। |
| | | ७. सबै किसिमको सिकाइ शैली भएका बालबालिकालाई समेट्न बहु सिकाइ विधिको उपयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाइने छ। |
| | | ८. "एक विद्यालय एक बालबगैंचा" कार्यक्रम मार्फत हरित विद्यालयको अवधारणाअनुरूप विद्यालय वातावरणमा सुदृढीकरण गरिने छ। |
| | | ९. संस्थागत विद्यालयमा गुणस्तर र सुशासन कायम गर्न नियमित अनुगमन गरिने छ। |
| | ४. कार्यसम्पादन स्तरका आधारमा सम्बद्ध जनशक्तिलाई प्रोत्साहन र दण्ड प्रदान गर्ने नीतिलाई कार्यान्वयन गर्ने । | १०. गुणस्तर मापनका सूचकको आधारमा विद्यालयहरूको श्रेणी निर्धारण तथा स्तरोन्नतीका लागि सहयोग गरिने छ। |
| | | ११. उच्च कार्यसम्पादन स्तर भएका प्रधानाध्यापक र शिक्षकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार तथा सम्मानपत्र एवम् प्रसंशा पत्र प्रदान गरिने छ र कार्यसम्पादन स्तर न्युन भई सुधार गर्न नसक्ने शिक्षक तथा प्रधानाध्यापकलाई नसियत दिने व्यवस्था गरिने छ। |
| | ५. STEAM शिक्षालाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गर्ने। (**STEAM** भनेको **Science, Technology, Engineering, Arts, and Mathematics** को संक्षिप्त रूप हो। यो शिक्षण विधि हो, जसले विद्यार्थीहरूलाई बहुपक्षीय | १२. विद्यालयहरूमा STEAM Approach को प्रयोग गरी शिक्षण गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सक्षम बनाइने छ। |
| | | १३. सङ्घ र प्रदेश सरकारको सहयोगमा STEAM Lab को व्यवस्था गरी STEAM शिक्षालाई प्रवद्धन गरिने छ । |
| | | १४. STEAM Education लाई कार्यान्वयन गर्न विद्यालयहरूमा शिक्षक र विद्यार्थीहरूको समिति गठन गरिने छ । |
| | | १५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्दा STEAM Approach लाई जोड दिइने छ। |

| | | |
|---|---|---|
| | तरिकाले सिकाउने लक्ष्य राख्छ।) | |
| २. नविनतम विधि र प्रविधिसमेतको प्रयोग गरी पाठ्यक्रमले निर्धारण गरेबमोजिमका सिकाइ उपलब्धि पूरा गर्नु, | ६. शिक्षालाई प्रविधिसँग जोड्न इन्टरनेटको पहुँच विस्तार गरी शिक्षणमा नविनतम् विधि एवम् प्रविधिको माध्यमबाट शिक्षण गर्ने। | १६. विभिन्न सङ्घसस्था, विद्यालय र गाउँपालिकाको लागत साझेदारीमा विद्यालयहरूमा Broadband Internet को सुविधा विस्तार गरिने छ। |
| | | १७. सूचना प्रविधिको प्रयोग गर्दै बालमैत्री कक्षाकोठालगायत सिकाइ वातावरणमा सुधार गरिने छ। |
| | ७. सबै विद्यालयहरूमा स्मार्ट शैक्षिक कार्यक्रमको कार्यान्वयन गर्ने। | १८. विद्यालयहरूमा सिसिटिभी, इ-हाजिरी, इन्टर्याक्टभ बोर्ड लगायतका प्रविधिमा आधारित डिजिटल उपकरणहरूको व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ। |
| | | १९. विद्यालयका गतिविधि गाउँपालिकासम्म र गाउँपालिकाको निर्देशन विद्यालयसम्म स्वचालित रूपमा पुर्याउन शैक्षिक पोर्टल र एप्स निर्माण गरी कार्यान्वयनमा ल्याइने छ। |
| | | २०. विद्यालयहरूमा इ-पुस्तकालयको व्यवस्था गरी विद्यार्थी र समुदायको सिकाइ केन्द्रका रूपमा विकास गरिने छ। |
| | | २१. लागत साझेदारीमा एक प्र.अ. एक ल्यापट तथा एक विद्यालय कम्तिमा ५ डेस्टप कम्प्युटरको व्यवस्था मिलाइने छ। |
| | | २२. साझेदारीमा विद्यालयमा अक्षयकोष स्थापना गरी व्याजबाट विभिन्न साधन तथा उपकरण मर्मत सम्भार गर्ने व्यवस्था गरिने छ। |
| | | २३. सूचना प्रविधिको उपयोग गरी विद्यार्थी र विद्यालयका बिचमा सूचना आदान प्रदान गर्ने कार्यलाई सिकाइसँग जोडी कार्यान्वयनमा ल्याइने छ। |

| | | |
|---|---|---|
| | | २४. सबै शिक्षकहरूले आफुले अध्यापन गर्ने सबै कक्षा र विषयको वार्षिक शैक्षणिक योजना र शिक्षण सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ । |
| | | २५. शिक्षकलाई सिकाइ सामग्रीको निर्माण र प्रयोगमा उत्प्रेरित गरिने छ । |
| | ८. योजनावद्ध शिक्षण संस्कृतिको विकास गर्ने। | २६. गाउँपालिकामा पूर्व कर्मचारी, अवकासप्राप्त शिक्षक र अनुभवी पेसाकर्मी लगायतका व्यक्तिहरूको रोष्टर सूची तयार पारी हरेक विद्यालयमा पठाइने छ। विद्यालयले आवश्यक भए थपसमेत गरी स्रोत शिक्षकका रूपमा उपयोग गर्ने व्यवस्था मिलाइने छ। |
| | | २७. समयानुकूल आफ्नो पेसागत दक्षतालाई अद्यावधीकरण गर्न नसक्ने र २० वर्ष स्थायी सेवा तथा ५० वर्ष उमेर पूरा भएका शिक्षकलाई गोल्डेन ह्यान्सेक कार्यक्रम कार्यान्वयन गरी सक्षम जनशक्ति व्यवस्थापन गरिने छ। |
| | ९. पाठ्यक्रमले व्यवस्था गरेबमोजिमको ढाँचामा विद्यार्थीहरूको नियमित मूल्याङ्कन गरी सिकाइ सुधारमा उपयोग गर्ने। | २८. पाठ्यक्रमले निर्धारण गरेबमोजिमको ढाँचामा निर्माणात्मक, निर्णयात्मक र निदानात्मक मूल्याङ्कन तथा उपचारात्मक शिक्षण गरी सिकाइमा सुधार गरिने छ। |
| | | २९. सिकाइमा सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिने छ। |
| | १०. स्थानीय पाठ्यक्रममा आधारित सिकाइ सामग्री विकास गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | ३०. सम्भव भएसम्म कक्षा, विषय र पाठमा कक्षाका सम्पूर्ण विद्यार्थीका हातहातमा सामग्री पुर्‍याई गरेर सिक्ने वातावरणको निर्माण गरिनेछ र स्थानीय पाठ्क्रममा आधारित सिकाइ सामग्री विकास गरी वितरण गरिने छ। |
| | ११. पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ | ३१. सबै शिक्षकहरूलाई पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको मुद्रित वा |

| | | |
|---|---|---|
| | सामग्रीको प्रभावकारी प्रयोगमा जोड दिने। | डिजिटल प्रति उपलब्ध गराउने व्यवस्था मिलाइने छ। |
| | | ३२. शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता रचनात्मक एवम् सृजनात्मक पक्षलाई ध्यान दिई तद्अनुरूप विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र साँच विकास गर्ने खालका शिक्षण सिकाइ विधि, प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ । |
| | १२. सह तथा अतिरिक्त कार्यकलापलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी कार्यान्वयन गर्ने। | ३३. सह तथा अतिरिक्त कार्यकलाप योजना निर्माण गरी विद्यार्थीको तह, लिङ्ग र अपाङ्गताका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । |
| ३. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नु, | १३. नक्साङ्कनका आधारमा बालविकास केन्द्र स्थापना, समायोजन र पुनर्वितरण गरी पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने। | ३४. हरेक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा सञ्चालन गरिनेछ र आवश्यकताका आधारमा समुदायमा आधारित बालविकास केन्द्रको स्थापना र समायोजन गरिने छ। |
| | | ३५. सबै बालविकास कक्षा, बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्रहरू निर्धारित एउटै मापदण्डका आधारमा सञ्चालनको व्यवस्था मिलाइनेछ । |
| | | ३६. एक वडा एक नमुना बालविकास कक्षा/केन्द्र को व्यवस्था गरिने छ। |
| | | ३७. बालबालिकाको सिकाइ अनुकूलको बसाइ व्यवस्थापन गरिने छ। |
| | | ३८. नीतिगत व्यवस्था गरी सबै बालविकास उमेर समूहका बालबालिकाका लागि अनिवार्य गरिने छ। |

| | | |
|---|---|---|
| | | ३९.प्रारम्भिक बालविकासका लागि सिकाइ सामग्री, खेल सामग्री र मनोरञ्जन सामग्री व्यवस्था गरी बालमैत्री शिक्षण गरिने छ । यसका लागि आवश्यकताअनुसार लागत साझेदारीको नीति अवलम्बन गरिने छ । |
| | | ४०. प्रधानाध्यापक, शिक्षक र बालबालिकालाई प्रविधिमैत्री बनाउन गाउँपालिकामा एउटा अत्याधुनिक तालिम हलको व्यवस्था गरिने छ। |
| | | ४१. बालबालिकाको प्रारम्भिक बालविकास र शिक्षामा पहुँच सुनिश्चित गर्न र बालबालिकाको र्सवाङ्गीण विकासका निमित्त आमा समूह गठन गरी सचेतना कार्यक्रम सञ्चालन गरिने छ। |
| | १४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने । | ४२. एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गरिनेछ। |
| | | ४३. नयाँ नियुक्ति पाएका बालविकासका शिक्षकलाई लामो अवधि र अन्यलाई छोटो अवधिको प्रविधिमा आधारित मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ। |
| | | ४४. विद्यालयमा जङ्कफुड निःशेष गरी स्थानीय उत्पादनमा आधारित स्वस्थ र पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई अझ व्यवस्थित बनाइने छ। |
| | | ४५. बालबालिकाको स्तर अनुसारका रमाइला पुस्तकसहितको बुक कर्नर तथा अन्तर्क्रियात्मक सामग्रीका माध्यमबाट सिकाउने वातावरण मिलाउनुका साथै घर फर्कदा झोलारहित रूपमा फर्कने व्यवस्था मिलाइने छ। |
| | | ४६. शुक्रवारलाई किताव रहीत शिक्षण गर्ने दिनका रूपमा उपयोग गरिने छ। |

| | | |
|---|---|---|
| | | ४७. बालविकासका शिक्षकहरूलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। |
| ४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गरी स्वरोजगारमा लाग्न सक्ने सक्षम नागरिक तयार गर्नु | १५. माध्यमिक विद्यालयमा एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन गर्ने। | ४८. लागत साझेदारीमा माध्यमिक विद्यालयमा विद्यालय क्षेत्रको अनुकूलता हेरी एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ४९. लागत साझेदारीमा माध्यमिक तहका विद्यार्थीहरूका लागि उद्यम कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ५०. वैदेशिक रोजगारबाट फर्किएका युवाको ज्ञान र सिप पहिचान गरी त्यसलाई उपयोग गर्न एक घर एक प्राविधिक जनशक्ति कार्यक्रम सञ्चालन गरिने छ । |
| | १६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच विस्तार गरी आकर्षण बढाउने । | ५१. प्राविधिक धारको विद्यालय थप गर्न सम्बन्धित निकायमा पहल गरिने छ। |
| | | ५२. भर्ना प्रक्रियामा गाउँपालिकाको सबै वडालाई समानुपातिक रूपमा समेटी प्राविधिक धारतर्फको साधन र स्रोतलाई अधिकतम उपयोग गर्दै पूरा क्षमतामा सञ्चालन गरिने छ । |
| | | ५३. समावेशी सहभागितालाई जोड दिई लागत साझेदारीमा सिपमूलक तालिम सञ्चालन गरिने छ र तालिम प्रदायक संस्थालाई तालिम सञ्चालनका लागि उत्प्रेरित गरिने छ। |
| | १७. प्राविधिक शिक्षा र सिपमूलक तालिममा पिछडीको वर्ग, क्षेत्र र समूदायलाई समेट्न विभिन्न सहुलियत प्रदान गर्ने। | ५४. पिछडिएको वर्ग, क्षेत्र र समूहलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमूलक तालिममा समेट्न छात्रवृत्ती लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ। |

| | | |
|---|---|---|
| ५. शिक्षकको पेसागत विकास एवम् व्यवस्थापन गर्नु | १८. विद्यार्थी अनुपात, तह र विषयका आधारमा शिक्षकको व्यवस्थापन गर्ने। | ५५. शैक्षिक योग्यता, तालिम, विद्यालय सुधार कार्ययोजना र कार्यसम्पादन स्तर लगायतका कार्यक्षमताका आधारमा प्रधानाध्यापक नियुक्ती गर्न कार्यविधीको विकास गरी कार्यान्वयन गरिने छ। |
| | | ५६. विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या र विषयका आधारमा शिक्षकहरूको समायोजन गरिने छ । |
| | १९. शिक्षक स्वयम्समेतलाई जिम्मेवार बनाउँदै शिक्षकमा सूचना तथा सञ्चार प्रविधिलगायतका पेसागत सक्षमताको विकास गर्ने । | ५७. विद्यार्थीको उपलब्धि स्तर र आफ्नो पेसागत दक्षता अभिवृद्धि गर्नका लागि शिक्षकहरूलाई शैक्षिक अनुसन्धान गर्ने संस्कारको विकास गरिने छ। |
| | | ५८. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी शिक्षण गर्न सक्ने दक्षताको अभिवृद्धि गरिने छ । |
| | | ५९. तालिम, स्वमूल्याङ्कन, स्वअध्ययन, पेसागत सञ्जाल र शिक्षण परामर्शलगायतका शिक्षक पेसागत दक्षता अभिवृद्धिका उपाय कार्यान्वयन गरिने छ। |
| ६. बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्नु, | २०. भौतिक र शैक्षिक वातावरण बालमैत्री, अपाङ्गतामैत्री र किशोरीमैत्री बनाउने। | ६०. मौजुदा भौतिक संरचनाहरूलाई सुधार गर्ने र नयाँ बन्ने संरचनाहरूलाई बालमैत्री, किशोरीमैत्री र अपाङ्गतामैत्री बनाइने छ। |
| | | ६१. विद्यालयबाट भौगोलिक दूरी टाढा भएका वस्तीका बालबालिका र अनाथ तथा अति विपन्न बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन गरिने छ। छात्रावासमा खाने र वस्ने व्यवस्थाका लागि लागत साझेदारीको नीतिलाई कार्यान्वयन गरिने छ। |
| | | ६२. एक विद्यालय (कक्षा ६-१२) एक नर्स तथा एक विद्यालय एक स्वास्थ्य फोकल पर्सनको व्यवस्था गरिने छ। |

| | | |
|---|---|---|
| | | ६३. विद्यालयहरूमा बालक्लब, स्काउट, सदन र आमासमूह र अभिभावकहरूलाई सङ्गठित गरी सक्रियतापूर्वक परिचालन गरिने छ। |
| | २१. अपाङ्गताको प्रकृतिका आधारमा समावेशी शिक्षा तथा वैकल्पिक शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने। | ६४. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श गराइने छ। |
| | | ६५. अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताअनुसार वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सहज जीवन यापनका लागि जीवनोपयोगी सिप लगायतका अवसरहरू उपलब्ध गराइने छ। |
| ७.अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु, | २२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी प्रत्येक सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने। | ६६. सबैको पहुँच हुने गरी सामुदायिक सिकाइ केन्द्रको व्यवस्था गरिने छ। |
| | | ६७. समुदाय परिचालकको आधुनिक सूचना प्रविधिलगायतका क्षेत्रमा क्षमता विकास गरिने छ। |
| | | ६८. सामुदायिक पुस्तकालयको व्यवस्थापन र सूचना केन्द्रको थप जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रलाई प्रदान गरिने छ। |
| | | ६९. सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय, इ-पुस्तकालय, योगा केन्द्रलगायतको व्यवस्था गरी समुदायको अध्ययन तथा सूचना केन्द्रका रूपमा विकास गरिने छ। |
| | | ७०. सामुदायिक सिकाइ केन्द्रमा अनुभव आदानप्रदानका साथसाथै ज्ञान र सिपको पुस्तान्तरणका कार्यक्रम सञ्चालन गरिने छ। |
| | २३. जीवनोपयोगी एवम् सिपमूलक तालिमको व्यवस्था गर्ने। | ७१. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिका तथा युवाहरूका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ७२. सम्बन्धित विषयगत शाखासँगको समन्वयमा जीवनोपयोगी एवम् सिपमूलक |

| | | |
|---|---|---|
| | | तालिमको व्यवस्था गरी आयआर्जन बढाउन सहयोग गरिने छ। |
| | | ७३. समुदायकै अनुभवी व्यक्तिहरूको सहयोगमा जीवन जिउने कला, गृहिणी,जीवनोपयोगी शिक्षालगायतका विषयमा अनुभव आदान प्रदान गर्ने वातावरण मिलाइने छ। |
| | २४. इलर्निङसमेतका आधारमा साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर सुनिश्चित गर्ने। | ७४. निरक्षरहरूको नामावली सङ्कलन गरी विभिन्न संघसंस्थाहरू, सामुदायिक सिकाइ केन्द्र, घरपरिवार र माध्यमिक तहका विद्यार्थीलाई परिचालन गरी साक्षर बनाइने छ। |
| | | ७५. औपचारिक शिक्षाको अवसर नपाएका युवाका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ७६. अनौपचारिक र अरितिक माध्यमबाट सिकेको ज्ञानको परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने छ। |
| ८. गाउँपालिका अन्तर्गतका शिक्षा सम्बद्ध निकाय तथा सरोकारवालाहरू र सम्पूर्ण शिक्षण संस्थामा सुशासन कायम गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा सुधार गर्नु, | २५. अभिभावक, शिक्षक अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको क्षमता विकास गरी शैक्षिक विकास एवम सुशासनका लागि जिम्मेवार बनाउने। | ७७. न्युनतम सिकाइ उपलब्धि हासिल गराउन नियमित रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही बनाइने छ। |
| | | ७८. विद्यालय कर्मचारीहरूमा पनि डिजिटल साक्षरताको विकास गरिने छ। |
| | २६. विद्यालयहरूसँग कार्यसम्पादन करारको रणनीतिलाई अझ प्रभावकारी बनाउने । | ७९. सबै विद्यालयका प्रधानाध्यापकहरूलाई गाउँपालिकाले र सबै शिक्षकहरूलाई प्रधानाध्यापकले कार्यसम्पादन करार गराउने कार्यलाई अझ प्रभावकारी बनाइने छ। |
| | २७. जनप्रतिनिधी, स्थानीय कर्मचारी र स्थानीय शिक्षकहरूलाई गाउँपालिकाभित्रका | ८०. जनप्रतिनिधी, स्थानीय कर्मचारी र स्थानीय शिक्षकका छोराछोरीहरूलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिने छ। |

| | | |
|---|---|---|
| | सामुदायिक विद्यालयहरूमा संलग्नता बढाउने। | |
| ९. आपत्कालीन अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यन्वयन गर्नु, | २८. आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन प्रतिकार्य योजना निर्माण गरी अभ्यास र आवश्यक तयारी गर्ने। | ८१. विपत् जोखिम न्युनीकरणको क्षेत्रमा कार्य गर्ने संघ संस्था र निकायहरूसँग समन्वय गरी वडा र विद्यालय तहसम्म संयन्त्रको व्यवस्था गरिने छ। |
| | | ८२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत्को पूर्वानुमान गरी यस्तो अवस्थामा शिक्षालाई निरन्तरता दिन पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी योजना निर्माण गरी आवश्यक तयारी र अभ्यास गराइने छ। |
| १०. नतिजामा आधारित सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गर्नु, | २९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने। | ८३. सहभागितामूलक समूह सुपरीवेक्षणको व्यवस्था मिलाइने छ। |
| | | ८४. शिक्षक सहायताका लागि सुपरीवेक्षण गरिने छ। |
| | ३०. सम्बन्धित निकायबाट नतिजामुखी नियमित सुपरीवेक्षण, अनुगमन एवम् मूल्याङ्कन गर्ने। | ८५. सूचकमा आधारित अनुगमन तथा निरीक्षण गरिने छ। |

**हब स्कूल (Hub School):** यातायातको सुविधा भएको क्षेत्रका विद्यालयहरूलाई समायोजन गरी पायक पर्ने स्थानमा पढाउने व्यवस्था मिलाइएको विद्यालय।

**स्मार्ट कक्षाकोठा:** आधुनिक सूचना प्रविधिका साधनसहितको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गर्न सकिने कक्षाकोठा। यस्तो कक्षाकोठामा आधुनिक सूचना प्रविधिका साधनहरूको व्यवस्था गरिएको हुन्छ।

## २.४. अपेक्षित उपलब्धि

१. विद्यालय शिक्षा उमेर समूहका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भई कम्तिमा आधारभूत शिक्षा पूरा गरेका हुने छन्।

२. विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा बढी हुने छ।

३. उच्च कार्यसम्पादन स्तर भएका शिक्षक, प्रधानाध्यापक र विद्यालयले पुरस्कार एवम् प्रसंशापत्र प्राप्त गरी अभिप्रेरित भएका हुने छन्।

४. विद्यार्थीहरूले एकीकृत रूपमा व्यवहारिक ज्ञान र सिप हासिल गरेका हुने छन्।

५. कम्तिमा ५० प्रतिशत कक्षाकोठाहरू स्मार्ट कक्षाकोठाका रूपमा विकास भएका हुने छन्।

६. शिक्षकहरूले पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, शैक्षणिक सामग्रीको अधिकतम उपयोग गर्दै शिक्षण गर्नुका साथै आधारभूत तहका सबै कक्षामा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

७. नियमित सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन भई ६० प्रतिशतभन्दा बढी विद्यार्थीले भाग लिने अवसर प्राप्त गरेका हुने छन्।

८. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी गुणस्तरीय सिकाइको अवसर प्राप्त गरेका हुने छन्।

९. प्राविधिक शिक्षा र सिपमूलक तालिममा पिछडिएको वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरूको समतामूलक पहुँच हुनुका साथै विद्यार्थीहरूमा व्यावसायिक सोँचको विकास भएको हुने छ।

१०.सबै विद्यालयहरूमा न्युनतम मापदण्ड पूरा भएको हुने छ।

११.विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित र रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ।

१२.विद्यालय, कक्षाकोठा र सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री, भयरहीत र प्रतिस्पार्धात्मक हुनुका साथै सबै किसिमका अपाङ्गता भएका बालबालिका र पिछडिएका वर्ग, समूह तथा लिङ्गका बालबालिकालाई समतामूलक सहभागितासहित सिकाइको सुनिश्चितता भएको हुने छ।

१३.सबै साक्षर हुने र औपचारिक शिक्षाको अवसरबाट बञ्चित समूहले सिकाइ अवसर प्राप्त गर्नुका साथै सामुदायिक सिकाइकेन्द्रहरू आजीवन सिकाइ थलोका रूपमा विकास भएका हुने छन्।

१४.आफ्ना छोराछोरीहरूलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्यापन गराई जनप्रतिनिधी, स्थानीय कर्मचारी र स्थानीय शिक्षकहरू सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि थप जिम्मेवार भएका हुने छन्।

१५.गाउँपालिका, वडा कार्यालय र विद्यालयहरू विपत्को समयमा पनि शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक योजनासहित तयारी अवस्थामा रहेका हुने छन्।

१६.सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन संयन्त्रका माध्यमबाट नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

१७. सार्वजनिक शिक्षाप्राति समुदायको आकर्षण बढ्नुका साथै विश्वास कायम भएको हुने छ।

## २.५ मुख्य कार्यसम्पादन सूचकहरु तथा लक्ष्य निर्धारण:

| मुख्य कार्यसम्पादन सूचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधार वर्ष २०८१ | मध्यम वर्ष २०८५ | अन्तिम वर्ष २०९० |
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | ५९.४ | ७५ | ९० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* | ३४.४ | ५० | ७५ |
| १.३ | | न्यूनतम योग्यता पुरा भएका शिक्षक@(%) | १०० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षक@(%) | ५२.६ | ७० | ९० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | ५४.६ | ६५ | ९५ |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर* (%) | ९६.४ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर* (%) | १००.७ | १०० | १०० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९५.२ | ९८ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | ९५.४ | ९७ | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९०.४ | ९५ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्ना दर* (%) | ९३.२ | ९६ | १०० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९४.१ | ९७ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर* (%) | ९४.९ | ९७ | १०० |
| २.९ | | आधारभूत तह (कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.८ | १ | १ |
| २.१० | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८३.३ | ९३ | ९६ |
| २.१२ | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | ५.९ | २ | ० |
| ३.१ | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | २२.७ | ४० | ७० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | ३६.९ | ४५ | ६५ |
| ३.३ | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.०९ | १ | १ |
| ४.१ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्ष माथिको साक्षरता दर# | ६६.९ | ८५ | १०० |
| ४.२ | | ५-२४ वर्षको साक्षरता दर# | ८७.९ | ९७.५ | १०० |
| ४.३ | | १५ वर्ष माथिको साक्षरता दर# | ५९.१ | ६५ | ८० |
| ५.१ | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | ३५.१ | ४५ | ५० |
| ५.२ | | माध्यमिक तह (कक्षा ९-१२) | ३३.३ | ४० | ५० |
| ६.१ | **PMEC पूरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | २३ | ४४ | ५९ |
| ६.२ | | आधारभूत तह (१-८) | ६ | १३ | १९ |
| ६.३ | | माध्यमिक तह | २ | ४ | ७ |
| ६.४ | **स्थानीयतहमा शिक्षाको वजेट प्रतिशत** | कुल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट$ (%) | २८.८८ | ३०.२ | ३३.४ |
| ७.१ | **छोड्नेदर** | आधारभूत तह* (कक्षा १-५) | ३.३ | १.३ | ०.५ |
| ७.२ | | आधारभूत तह* (कक्षा ६-८) | २.३ | १.६ | ०.५ |
| ७.३ | | माध्यमिक तह* (कक्षा ९-१०) | ०.६ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.१ | **दोहोऱ्याउने** | आधारभूत तह* (कक्षा १-५) | ८.८ | ४.५ | १.५ |
| ८.२ | | आधारभूत तह* (कक्षा ६-८) | ४.५ | १.५ | ०.५ |
| ८.३ | | माध्यमिक तह (कक्षा ९-१०) | ०.५ | ० | ० |
| ९.१ | **सिकाइ उपलब्धि दर** | कक्षा ८ मा ३.२ देखि ३.६ जिपिए ल्याउने* % | २० | २० | ३० |
| ९.२ | | कक्षा ८ मा ३.६ देखि ४.० जिपिए ल्याउने* % | ५ | १० | २० |
| ९.३ | | कक्षा ३ को सिकाइ उपलब्धी नेपाली | ६४ | ७५ | ८८ |
| ९.४ | | कक्षा ३ को सिकाइ उपलब्धी गणित | ५९ | ७० | ८५ |

**श्रोतहरुः** * Education Flash report 2080, @ इमिस २०८१

# Population Census 2078

**(आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम)**

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

विद्यालयको औपचारिक कक्षा सुरु हुनु पूर्व उमेर समूहका बालबालिकाहरुको सर्वाङगीण विकासमा सहयोग गर्न तथा आधारभूत शिक्षा (कक्षा १) का लागि तयारी हुन सहयोग गर्ने शिक्षा प्रारम्भिक बालविकास शिक्षा हो ।सर्वाङगीण विकास अन्तर्गत बालबालिकाको शारीरिक बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्दछन्।कुनै एक पक्षमा कमजोरी हुँदा बालबालिकाको व्यक्तित्व विकासमा बाधा पुग्दछ, त्यसैले बालबालिकालाई लेख पढ मात्र गराउने भन्दा खेलकुद तथा संगीत तथा विभिन्न क्रियाकलापका माध्यमबाट सबै पक्षको सन्तुलित विकासमा जोड दिनु पर्छ।बालबालिकाहरुलाई पठनसिप तथा गणितीय सिपको विकास गरी कक्षा १ का लागि पूर्ण तयारी गराउन प्रचलित शिक्षा ऐन तथा नियमावलीमा नै चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम संचालन हुने व्यवस्था गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा २६ वटा सामुदायिक र २० वटा धार्मिक प्रकृतिका विद्यालयहरू संघीय सरकारबाट अनुदान प्राप्त हुने गरी जम्मा ४६ वटा विद्यालयहरू, ५९ वटा बालविकास केन्द्रका कक्षाहरु संचानलनमा रहेका छन्।यस गाउँपालिका भित्र ४ वर्ष उमेर पूरा भएका अर्थात बालविकास शिक्षा प्राप्त गर्ने उमेर समूहका जम्मा बालबालिकाको संख्या **३३८५** रहेको छ भने हाल सामुदायिक विद्यालयमा **२०११** जना बालबालिका भर्ना भई अध्ययन गरिरहेका छन।यसरी हेर्दा उनीहरुको सहजै देखिने भर्नादर **५९.४** प्रतिशत र खुद भर्नादर **३४.४** रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहितको भर्नादर **५४.६** प्रतिशत रहेको छ।यस गाउँपालिकापलिका भित्रका बालविकास केन्द्रमा कार्यरत एक जना पुरूष र अन्य सबै शिक्षकहरु महिला हुनुहुन्छ।यस गाउँपालिका भित्रका बालविकास केन्द्रहरुको भौतिक र शैक्षिक अवस्था ज्यादै थोरै विद्यालयको मात्र सन्तोषजनक रहेको छ।बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकहरुलाई हालसम्म कुनै पनि प्रकारको शिक्षा प्रदान गर्न सकिएको छैन।समुदायमा रहेका न्यूनतम विद्यार्थी सङ्ख्या र भौतिक संरचना नभएका बालविकास केन्द्रलाई नजिकैको विद्यालयमा गएको वर्ष समायोजन गरिएको छ।

प्रारम्भिक बाल विकास तथा शिक्षा अन्तर्गत यस गाउँपालिका अन्तर्गत देखिएका विद्यमान प्रमुख समस्याहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ❖ बालबालिकाको संख्याको आधारमा समानुपातिक रुपमा बालविकास कक्षाहरु वितरण नहुनु।
- ❖ बालविकास शिक्षाको तोकिएको उमेर भन्दा कम र बढी उमेरका बालबालिकाहरु सहभागी हुँदा सिकाइ सहजीकरण मा कठिनाई हुनु।
- ❖ सबै बालविकास कक्षाहरुमा तोकिएको मापदण्ड पूरा नहुनु।

- ❖ पहुँचको सुनिश्चितता नहुनु।
- ❖ बालबालिकाको पढाइ प्रति अभिभावकहरु उदासिन हुनु।
- ❖ बालविकास सहजकर्ताहरुलाई तोकिए बमोजिमको क्षमता विकास प्रदान गर्न नसक्नु।

### ३.१.३ उद्देश्यहरु

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्ति गर्न शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ-

- मापदण्ड पूरा भएको बालमैत्री भौतिक व्यवस्थापन गर्नु।
- प्रारम्भिक बालविकास शिक्षामा पहुँच र गुणस्तर बढाउनु।
- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु।
- विशेष आवश्यकता भएका बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्नु।
- सबै बालबालिकाहरुलाई बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु।

### ३.१.४ रणनीतिहरु

यस गाउँपालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उद्देश्यहरु हासिल गर्न निम्नलखित रणनीतिहरु अवलम्बन गरिनेछ

- नक्साङ्कनका आधारमा बालविकास केन्द्र स्थापना, समायोजन र पुनर्वितरण गरी उपयुक्त पूर्वधार सहितको बालमैत्री बातावरण तयार पारी प्रारम्भिक बालविकास शिक्षाको अवसर विस्तार गरिनेछ।
- बालबालिकाको सर्वाङगीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थापनसहित नवीन प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गरिनेछ।
- तोकिएका उमेर समूहका सबै बालबालिका लागि बालविकास शिक्षा अनिवार्य बनाइनेछ।
- प्रत्येक वडामा नमूना बालविकास केन्द्र बनाउन प्रोत्साहित गरिनेछ।
- सबै बालविकास केन्द्रमा तोकिएको मापदण्ड पूरा गरी बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ।
- बालविकासका शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न तालिम लगायतका अवसरहरु प्रदान गरिनेछ।
- बालविकासका शिक्षकहरुको समायानुकुल पारिश्रमिक वृद्धि गरिनेछ।
- अभिभावक सचेतना कार्यक्रम संचालन गरी बालबालिकालाई नियमित विद्यालय पठाउने तथा सिकाइ सामाग्रीको व्यवस्थापन गर्न वातावरण सिंजना गरिने छ।

**अवसर र चुनौतीहरु**

- बालविकास शिक्षाको उमेर पुगेका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा पुऱ्याउनु।

- सबै बालविकास केन्द्रलाई मापदण्ड अनुसार व्यवस्थापन गर्नु।
- तुलनात्मक रुपमा न्यून पारिश्रमिक भएकाले त्याहाँ कार्यरत शिक्षकलाई उत्प्रेरित गर्नु।
- अभिभावक सचेतना तथा अभिमुखीकरण तालिम संचालन गर्नु।

## ३.१.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु र लक्ष्य

**उपलब्धि**

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।
२. प्रारम्भिक वालविकास तहको कुल तथा खुद भर्नादर १०० पुगेको हुनेछ।
३. प्रारम्भिक वालविकास तहमा न्यूनतम योग्यता पुगेका शिक्षक सत प्रतिशत पुगेको हुनेछ।
४. कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक वालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालवालिका ९५ प्रतिशत पुगेको हुनेछ ।

**प्रमुख नतिजाहरु**

यस योजनाको अन्त्यसम्ममा निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरिएको छः

१. ४ वर्षका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा सहज पहुँच हुने छ।
२. उमेर समूह सबै बालबालिकाहरु प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ।
३. सबै बालविकास केन्द्र र कक्षाहरुमा न्यूनतम मापदण्ड पूरा भएको हुने छ।
४. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनमा परिवार र समुदायको को जिम्मेवारी बोध हुनेछ।
५. बालविकासका शिक्षकले नियमित पारिश्रमिक प्राप्त गर्ने छन्।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य निर्धारण**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सघन भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | बालविकास केन्द्रको नक्साकन तथा बालविकास केन्द्रको थप घट हुने र पुनर्वितरण | विद्यालय | | १ | | | १ | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | एक वडा एक नमुना बालविकास केन्द्रको विकास | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | |
| ४ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | बालविकासका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि आमालाई सचेतना कार्यक्रम सञ्चालन | जना | १५० | २०० | २५० | ३०० | ३५० | १२५० | १८०० | |
| ६ | बालविकास र शिक्षाका शिक्षकहरुलाई प्रविधिमा आधारित सिप अनुशासन, संस्कार र सरसफाई लगायतको तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | न्यून मापदण्ड अनुसार सुरक्षित, बालमैत्री अपांगतामैत्री शौचालय खेल सामाग्री खेल मैदानको व्यवस्थापन | विद्यालय | १ | २ | ४ | ७ | १२ | २६ | ४० | |
| ८ | बालविकास र शिक्षाका मापदण्डहरुको प्रबोधीकरण | पटक | | १ | | १ | | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बालविकास सहजकर्ताहरुलाई टिपिडि मोडेलको प्रमाणिकरण तालिम | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५९ | |
| १० | बालविकास र शिक्षाका शिक्षकलाई थप पारिश्रमिक प्रदान | शिक्षक | ५९ | ५९ | ५९ | ५९ | ५९ | | सबै | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

औपचारिक वा अनौपचारिक दुवै माध्यमबाट कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षा आधारभूत शिक्षा हो। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशकालागि आधार तयार गर्छ। नेपालको परिवेश हेर्दा अझै पनि कतिपय बालबालिकाहरू औपचारिक शिक्षा भन्दा विविध कारणले बाहिर रहेका छन्। विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरूलाई पनि अनौपचारिक शिक्षा मार्फत आधारभूत तहको शिक्षाको दायरामा ल्याउनु राज्यको दायित्व भित्र पर्दछ। आधारभूत तहको शिक्षाले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रदान गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा प्राप्त गर्ने हकलाई मौलिक हकका रूपमा लिएको छ।

त्यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका वालवालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तब्य हुनेछ भनी उल्लेख गरेको छ। आधारभूत शिक्षामा पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि आधारभूत विद्यालय, शिक्षणको भाषाका रूपमा मातृभाषाको प्रयोग, सक्षम शिक्षक एवम् सहयोगी सामग्रीको उपलब्धता, विद्यार्थी विश्वसनीय परीक्षणको प्रावधान, अपाङ्गता भएका विद्यार्थीका आवश्यकताको सम्बोधनका लागि पाठ्यक्रमको निरन्तर पुनरावलोकन तथा परिमार्जनको व्यबस्था गर्ने विद्यालय क्षेत्र विकास योजनाको लक्ष्य छ। नेपालको संविधान(२०७२)ले विद्यालय तहको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्र पनि राखेको छ। सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न तीनै तहका सरकारहरू जिम्मेवार हुनु पर्ने देखिन्छ।

आधारभूत तह कक्षा (१-३), कक्षा ४-५ र कक्षा ६-८ सञ्चालन भएका विद्यालयहरूलाई विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रूपमा परिभाषित गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

यस भोक्राहा नरसिंह गाउँपालिका भित्र हाल कक्षा १-३ संचालित ९ वटा, कक्षा १-५ संचालित १८ वटा, कक्षा १-८ संचालित ११ वटा, कक्षा १-१० सञ्चालित ५ वटा र कक्षा १-१२ सञ्चालित २ वटा गरी जम्मा आधारभूत विद्यालयको संख्या ३९ वटा र माध्यमिक तह सञ्चालित विद्यालय ७ वटा गरी जम्मा ४६ वटा सामुदायिक विद्यालयहरू रहेका छन्।

यस गाउँपालिकामा कक्षा १-३ संचालित २ वटा, कक्षा १-५ संचालित ५ वटा, कक्षा १-८ संचालित ४ वटा गरी जम्मा ११ संस्थागत विद्यालयहरूको सङ्ख्या ११ रहेको छ।

**तालिका नं ५ आधारभूत तथा माध्यमिक तहको वर्तमान अवस्था**

| **क्षेत्रहरू** | **शै.स. २०८१** |
|---|---|
| सामुदायिक विद्यालयको संख्या * | ४६ |
| संस्थागत विद्यालयको संख्या * | ११ |
| कक्षा १-३ को विद्यालयको विद्यार्थी संख्या * | २६७२ |
| कक्षा १-५ को विद्यालयको विद्यार्थी संख्या * | ६२५१ |
| कक्षा १-८ को विद्यालयको विद्यार्थी संख्या * | ८०३६ |
| कक्षा १-५ को उत्तीर्ण प्रतिशत @ | ८३.४ |
| कक्षा ६-८ को उत्तीर्ण प्रतिशत @ | ८८.९ |
| पालिकागत कक्षा (१-८) को सिकाइ उपलब्धिस्तर | ८७.३ |
| आधारभूत तह (६-८) खुद भर्नादर | ९६.१ |
| आधारभूत तह (१-८) खुद भर्नादर | ९५.१ |
| कक्षा ८ सम्मको टिकाउदर | ८७.३ |
| आधारभूत तहमा महिला शिक्षक अनुपात | १.३५ |
| आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात | २२.८९ |

श्रोतः Flash report 2023/24

माथिको तालिकालाई विश्लेषण गर्दा यस गाउँपालिकामा कुल ३८ वटा आधारभूत तह सञ्चालित विद्यालयहरु छन्।ती विद्यालयहरुमा ६५९६ जना विद्यार्थीहरु अध्ययनरत छन भने संस्थागत विद्यालय १२ वटा छन् जसमा ११६८ जना विद्यार्थी गरी कुल ७७६४ जना आधारभूत तहमा अध्ययनरत छन् । यस पालिकाको कक्षा १-५ को उत्तीर्ण दर ८३.४ देखिएको छ ।कक्षा १-८ को खुद भर्ना दर ९५.१ प्रतिशत देखिएको छ।त्यसै गरी सन २०२३/२४ को फ्ल्यास प्रतिवेदन अनुसार यस पालिकाको कक्षा ८ सम्मको टिकाउ दर ८७.३ प्रतिशत देखिंदा अझै पनि १२.७ प्रतिशत बालबालिकाहरुले आधारभुत तह पूरा गर्न नसकेको देखिन्छ।यस पालिकामा पुरुषको तुलनामा महिला शिक्षकको संख्या कम देखिन्छ।आधारभूत तहमा महिला शिक्षक अनुपात १:३५ रहेको छ । प्रति ३ जना पुरुष बराबर एक जना महिला शिक्षक हुनु पर्ने कानुनी मान्यता रहेको छ।आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात भने प्रति एक शिक्षक बराबर कुल २३ जना विद्यार्थी हुन आएको फ्ल्यास प्रतिवेदनले देखाएको छ।

### ३.२.३ उद्देश्यहरु

भोक्राहा नरसिंह गाउँपालिकाको १० बर्षे शिक्षा योजनाको आधारभूत तहका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागितामा सुनिश्चित गर्ने।

ख) विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरण सुधार गरी विद्यालयलाई बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउने।

ग) सबै बालबालिकाको आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गरी सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्ने।

घ) आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गरी अनिवार्य शिक्षाको पहुँचमा सुनिश्चितता गर्ने।

### ३.२.४ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

- विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चितता गरी विद्यालय दरवन्दीलाई पुनःवितरण तथा समायोजन गरिनेछ।
- सेवा क्षेत्रमा विद्यालय बाहिर रहेका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी उनीहरूको आवश्यकताका आधारमा विभिन्न सेवा सुविधा प्रदान गर्दै विद्यालयमा आउने वातावरण तयार गरी उनीहरूका पहुँचमा सुनिश्चितता गरिनेछ।
- मापदण्डका आधारमा विद्यालयको वातावरण अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री बनाउन भौतिक संरचनाहरूको पुनःनिर्माण तथा सुधार गरिनेछ।
- वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत, धार्मिक तथा सिकाइ लक्षित, प्रोत्साहनमूलक कार्यक्रम र आवसीय सुविधा आदि कार्यक्रम संचालन गरिनेछ।
- सूचना तथा संचार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच र दक्षता वृद्धि गरी शिक्षण सिकाइमा अधिकतम मात्रामा प्रयोग गरिनेछ।
- शिक्षकलाई पेसागत विकासका लागि तालिमको आवश्यक वातावरण मिलाई उनीहरूले सिकेको कुरालाई कक्षा कोठामा अनिवार्य कार्यान्वयन गर्ने वातावरण बनाइनेछ।
- शिक्षकले कक्षाकोठामा बिताउने समय पद्धति सुधारको कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अंङ्गको रूपमा कक्षा १-३ मा कार्यसञ्चिका (Portfolio) लाई अनिवार्य गर्ने तथा कक्षा ४-८ मा पाठ्यक्रमले तोकेको आन्तरिक मूल्याङ्कनका साथै पक्षहरूलाई कार्यान्वयन गरिनेछ।
- कक्षा १-३ सम्मका बालबालिकाहरूको नेपाली, गणित र अंग्रेजी विषयको क्षमतामा अभिवृद्धि गर्न तथा पठन सिपको विकास गर्नका लागि पठनसिपमा आधारित कक्षाकोठालाई सिकाइमैत्री बनाई सिकाइ क्रियाकलापहरूलाई प्रभावकारी बनाइनेछ।

- कक्षा ४ र ५ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाइ वातावरणका लागि आकर्षक कक्षाकोठा व्यबस्थापनको सुनिश्चितता गर्दै समयानुसार जीवनोपयोगी, व्यावहारिक, गणितीय सिप विकास सम्बन्धी क्रियाकलापहरू संचालन गरिनेछ।
- कक्षा ६ देखि कक्षा ८ सम्म आधारभूत तह पूरा गर्ने प्रत्येक उमेर समूहका बाबालिकाहरूमा रहेका अन्तरनिहित प्रतिभा प्रस्फुटनका अवसरलाई सुनिश्चितता गरिनेछ।
- कक्षा १-८ सम्मका बालबालिकाको शिक्षण सिकाइ अभिवृद्धिका लागि पालिकास्तरीय शैक्षिक मेला आयोजना गरिनेछ।
- आफ्ना नानीहरूको पठन पाठन सम्बन्धी अभिभावकहरुलाई जागरूक बनाउनका लागि अभिभावक सचेतना कार्यक्रम गर्ने र बढी जिम्मेवार अभिभावकको मूल्याङ्कन गरी पालिका स्तरीय सम्मान कार्यक्रम संचालन गरिनेछ।
- आधारभूत तहको स्थानीय पाठ्यक्रम पालिकाभित्रका सबै विद्यालयहरूमा कार्यान्वयन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादन गरिएका पौष्टिक आहारलाई दिवा खाजामा समावेश गरिनेछ।
- गाउँपालिकाभरिका सम्पूर्ण आधारभूत विद्यालयहरूमा इन्टरनेट सेवाको पहुँच विस्तार गर्दै प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गरिनेछ।
- विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ।
- विद्यालयमा रहेका वि.व्य.स., सि.अ. संघ, आमा समूहलाई अद्यावधिक गरी विद्यार्थी भर्ना अभियानमा सक्रिय रूपले सहभागी गराई विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय आउने वातावरण सृजना गरिनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूको सङ्ख्या गणना गर्न हरेक वर्ष गणक खटाउने र विद्यार्थी सङ्ख्या यकिन गरी नजिकैको विद्यालय आउने वातावरण सृजना गरिनेछ।
- शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउनका निम्ति पुस्तकालय, ई-पुस्तकालय, साइन्स तथा आइसिटी ल्याबको व्यवस्थापन आधारभूत तहमा पनि गर्दै लगिनेछ।

**चुनौती तथा अवसरहरु**

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागितामा सुनिश्चितता गर्नु।
- सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु।
- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री, छात्रामैत्री बनाउनु।
- विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु।
- सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु।
- आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु।

- खुद भर्ना दर शत प्रतिशत पुऱ्याउने, कक्षा दोहोऱ्याउने र छोड्ने दरमा कमी ल्याउनु।
- शिक्षकहरुको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु।
- आवश्यकता अनुसार अतिरिक्त कक्षा संचालन गर्नु।
- पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विपन्न विद्यार्थी सहायता प्रणाली स्थापना गर्नु।
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गर्नु ।
- आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु।
- विद्यालयमा आवश्यक दक्ष र सीपयुक्त जनशक्तिको व्यवस्थापन र विद्यालयमा उपलब्ध दक्ष र सीपयुक्त जनशक्तिको सदुपयोग गर्नु।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुनेछ।
- सबै बालबालिकाहरूलाई विद्यालय भित्रल्याई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।
- आधारभूत तहको कुल तथा खुद भर्नादर शत प्रतिशत पुगेको हुनेछ।

**नतिजाहरु**

- विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।
- स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।
- आधारभूत तह पूरा गर्ने प्रत्येक बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
- स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने।
- जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।
- आधारभूत तहमा शिक्षक, प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार (TOR) लागू भएको हुने।
- आधारभूत तहमा शिक्षक, प्रधानाध्यापकलाइ कार्यसम्पादन मूल्यांकनका आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था हुने।
- विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

- गैर सरकारी संस्थाहरुसँग लागत साझेदारी र समन्वय गरी प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास हुने।

**प्रमुख क्रियापलाप र लक्ष्य निर्धारण**

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | १ | २ | ३ | |
| २ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | स्वयम् सेवक शिक्षकको व्यवस्था | जना | | ४ | २ | १ | | ७ | १० | |
| ४ | सघन भर्ना कार्यक्रम सञ्चालन | समय | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | अभिभावक शिक्षा सञ्चालन | समय | १ | | १ | | १ | ३ | ५ | |
| ६ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुका लागि शैक्षिक सामग्रीहरु जस्तैं ड्रेस, झोला, स्टेशनरीको सहयोग | समय | १ | १ | १ | १ | १ | ५ | ८ | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | संख्या | २ | ३ | ३ | ३ | २ | ८ | १५ | |
| ८ | सिकाइका लागि न्यूनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| ११ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास र कार्यान्वयन | पटक | १ | १ | ० | ० | ० | २ | २ | |
| १४ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | संख्या | १० | १० | १० | १० | १० | ५० | ५० | |
| १५ | विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| १६ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सवसहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १७ | एक वडा एक नमुना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | ० | १ | १ | १ | २ | ५ | १० | |
| १८ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २० | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | ५ | ७ | ८ | १० | १० | ४० | ४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | विषयगत घुम्ती शिक्षक / प्रअ बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २२ | कक्षा ८ सम्म खाजा कार्यक्रमको व्यवस्थापन | विद्यालय | | १ | १ | १ | २ | ५ | १० | |
| २३ | वर्षको २ पटक बालबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २४ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानका लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | छात्राहरुलाई सेनिटरी प्याडको खरिद र वितरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २६ | प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सामग्रीहरुको खरिद र व्यवस्थापन | विद्यालय | १ | १ | १ | | | ३ | ६ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय शिक्षा अन्तर्गत कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ। आधारभूत शिक्षा पश्चात दिइने तथा लिइने शिक्षा माध्यमिक शिक्षा हो। स्वावलम्वी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्ने तर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ। माध्यमिक तहका लागि तहगत सक्षमता पन्ध्र वटा कायम गरिएको छ।

### ३.३.२ वर्तमान अवस्था

भोक्राहा नरसिंह गाउँपालिकामा ४६ सामुदायिक र संस्थागत १० गरी कुल जम्मा ५६ वटा विद्यालय रहेका छन्। माध्यमिक तह अन्तर्गत ४ वटा सामुदायिक, ३ वटा धार्मिक गरी कुल जम्मा ७ माध्यमिक विद्यालय रहेका छन्। प्राविधिक तथा व्यावसायिक धार अन्तर्गत सञ्चालित विद्यालयहरू रहेका छैनन्। यो गाउँपालिकामा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक सत्र २०८१ को विवरण तालिका तालिका तपसिल बमोजिम रहेको छ।

तालिका– माध्यमिक विद्यालय र विद्यार्थी संख्या विवरण

| कक्षा | सामुदायिक | | | धार्मिक | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | १४१ | ८७ | २२८ | ९० | १८ | १०८ | २३१ | १०५ | ३३६ |
| १० | १४३ | १०७ | २५० | ३५ | १५ | ५० | १७८ | १२२ | ३०० |
| ११ | ४० | २५ | ६५ | १२ | ३ | १५ | ५२ | २८ | ८० |
| १२ | ० | ० | ० | १२ | ३ | १५ | ५२ | २८ | ८० |
| जम्मा | ३६४ | २४४ | ६०८ | १४९ | ३९ | १८८ | ५१३ | २८३ | ७९६ |

श्रोतः iemis, 2081

### ३.३.३ उद्देश्यहरु:

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउनु ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
- नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु।
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानसील र जवाफदेही बनाउनु।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी व्यावसायिक शिक्षा पठन पाठन संचानल गर्नु।
- उच्च शिक्षा अध्ययनका लागि योग्य र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु।
- शिक्षकको पेसागत सहयोगका लागि बिज्ञ समूहको परिचालन तथा पुनर्ताजकी तालिमहरु संचालन गर्नु।

### ३.३.४ रणनीतिहरु

उद्देश्यहरु हाँसिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ।

- विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ।
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिने छ।
- माध्यमिक आवासीय विद्यालय विस्तारमा जोड दिइनेछ।
- हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।

- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित थप सेवा सुबिधा सहितको प्र.अ. व्यवस्थापन गरिनेछ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री बनाइनेछ।
- सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान, अंग्रजी, गणित र लेखा विषय अध्ययनका लागि आकर्षण बढाउन आवश्यक व्यवस्था गरिनेछ।
- आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गरिनेछ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।
- विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपूग रहेका विद्यालयहरु विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गरिनेछ र सो कार्य पूरा नहुन्जेलसम्मका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा आन्तरिक स्रोतबाट, शिक्षक छनोट तथा परिचालनको व्यवस्था गरिनेछ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा ई-पुस्तकालय, बिषयगत प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गरिनेछ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र. अ.लाई उत्तरदायी बनाइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यावसायिक शिक्षामा पहुँच बिस्तार गर्नका लागि नमुनाको रुपमा विद्यालयको नक्सांकन गरिनेछ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिनेछ।
- कक्षाकोठामा आधारित र आवधिक मूल्याङ्कनलाई बढी जोड दिइनेछ।
- शैक्षिक क्रियाकलापसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**अवसर र चुनौती**

- निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने।
- विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र मापनयोग्य बनाई व्यवस्थित गर्ने।

- विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने।
- विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने।
- कक्षा १० उत्तीर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने ।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने।
- सिकाइको गुणस्तर सुधार गरी सिकारुको सिकाइमा सुधार ल्याउने ।

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।
- सबै वालवालिकाहरुलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।
- माध्यमिक तहको कुल भर्नादर १०० तथा खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ।
- कक्षा ८ बाट उत्तीर्ण भै कक्षा ९ मा प्रवेश हुने दर १०० प्रतिशत पुगेको हुनेछ।
- नमुनाको रुपमा व्यावसायिक शिक्षाको सुरुवात भई बालबालिकाहरुलाई गुणस्तरीय व्यावसायिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ।

**नतिजा**

- निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्‍याउने दरमा कमी आउने।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।
- माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
- विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ.व्यवस्थापन हुने।
- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।
- माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापनका लागि गाउँपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा निजी शिक्षक छनोट गरेको हुने।

- विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवालासँग माध्यमिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने।
- माध्यमिक शिक्षा पूरा गर्ने वालवालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने।
- माध्यमिक तहमा शिक्षक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार (TOR) लागू भएको हुने।
- माध्यमिक तहमा शिक्षक, प्रधानाध्यापकलाई कार्यसम्पादन मूल्यांकनका आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था हुने।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने।
- गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुमा आवश्यकता अनुसार विद्यालय भवन, प्रयोगशाला, पुस्तकालय, कम्पुटर ल्याव, शुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पुर्वाधारको व्यवस्था भएको हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक दरबन्दी मिलान | पटक | ० | १ | १ | १ | ० | ३ | ६ | |
| २ | गाउँपालिका तथा स्वयमसेवक शिक्षक व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७ | |
| ३ | अभिभावक शिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खाजाघर, खानेपानी, घेराबारा, खेलमैदान) | विद्यालय | | २ | | २ | | ४ | ७ | |
| ५ | सिकाइका न्यूनत्तम वातावरणका लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | | | | | | | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | प्रधानाध्यापकहरुको सिकाइ भ्रमण | पटक | | १ | | १ | | २ | ४ | |
| ८ | माध्यमिक आवासीय विद्यालय विस्तार कार्यक्रम | विद्यालय | | | | | | १ | २ | |
| ९ | उत्कृष्ट शिक्षक तथा प्र.अ.प्रोत्साहन/ सम्मान कार्यक्रम | जना | ३ | ३ | ३ | ४ | ४ | १७ | ४० | |
| १० | अद्यावधिक शिक्षकका लागि एक विद्यालय एक ल्यापटप कार्यक्रम | पटक | | | १ | | | | २ | |
| ११ | छात्राहरुलाई सेनिटरी प्याडको खरिद र वितरण | विद्यालय | | | | | | | नियमित | |
| १२ | शैक्षिक सामाग्रीयुक्त शिक्षक | विद्यालय | | १ | १ | २ | १ | ५ | ७ | |
| १३ | प्राविधिक तथा व्यावसायिक शिक्षा | संख्या | | | २ | | | २ | ४ | |
| १४ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० (डायरी) | |

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रमले मानव जीवनमा आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जन गर्न सहयोग गर्दछ । मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालबालिकाका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन

भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले दिशानिर्देश गरे अनुसार विद्यालयमा हाल कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम, कक्षा ४ देखि १० सम्म सक्षमतामा आधारित पाठ्यक्रम र कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम ढाँचा कार्यान्वयनमा रहेको छ। पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ, समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठाको वातावरण अनुकुल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हाँसिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो। स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा विद्यार्थी मूल्याङ्कनलाई पनि पाठ्यक्रमको मर्म अनुसार नै सञ्चालन गर्नुपर्छ।

### ३.४.२ वर्तमान अवस्था

यस गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको छ। यसका साथै आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम विकास भइ शैक्षिक सत्र २०८० बाट कार्यान्वयनमा आएको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकुलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउँछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार

प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

यस गाउँपालिकामा सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रबाट निर्मित तथा स्वीकृत पाठ्यपुस्तकको प्रयोग गर्ने गरेका छन्। यँहा शैक्षिक सत्र सुरु हुनासाथ विद्यार्थी भर्ना गरी पाठ्यपुस्तक विरतण गर्ने गरिएको छ।

विद्यार्थी मूल्याङ्कनलाई वर्तमान पाठ्यक्रमअनुसार र मूल्याङ्कनका साधनहरुको उद्देश्य अनुसार उपयोग गर्नुपर्छ। आधारभूत तह कक्षा १-३ मा १०० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। कक्षा ५ र ८ को वार्षिक परीक्षा पालिकास्तरमा सञ्चालन हुने गरेको छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

### ३.४.३. अवसर र चुनौतीहरु

- प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोग गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग तथा पहुँच वृद्धि गर्नु।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता बढाउनु।
- अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु।
- समय समयमा स्थानीय पाठ्यक्रम अध्यावधिक तथा कार्यान्वयन गर्नु।
- विद्यार्थी मूल्याङ्कनलाई निन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्नु।
- पाठ्यपुस्तकको सुधार र गुणस्तर, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्नु।
- विद्यार्थीहरुका लागि मुद्रित तथा डिजिटल साथै प्रविधिमैत्री सामाग्रीको विकास र उपलब्धता हुनु।
- मूल्याङ्कन पद्धतिलाई सिकाइ र जीवनउपयोगी सिप सँग जोडन।

### ३.४.४. उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा निम्न लिखित उद्देश्यहरु राखेको छ ।

- स्थानीय पाठ्यक्रमको विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलापलाई प्रभावकारी कार्यान्वयन गर्नु।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरी सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।

- पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधिमैत्री सिपयुक्त जनशक्ति तयार गर्नु ।
- निर्माणात्मक, निर्णयात्मक र निदानात्मक स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ३.४.५. रणनीतिहरु:

उद्देश्यहरु हासिल गर्नका लागि निम्न लिखित रणनीतिहरु अवलम्बन गरिनेछः

- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने,
- स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरिनेछ।
- स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षादेखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
- विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
- प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ।
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ।
- मूल्याङ्कन प्रक्रिया सम्बन्धी शिक्षकहरुलाई क्षमता विकास तालिम संचालन गरिनेछ।
- आधारभूत तहको कक्षा ५ को वार्षिक परीक्षालाईसमेत पालिका स्तरीय बनाइनेछ।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गरी शिक्षक सहायता प्रणालीको कार्यान्वयन गरिने छ।

### ३.४.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने।
- स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने।
- स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम कार्यान्वयनले निरन्तरता पाउनेछ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधीकरण भएको हुनेछ।
- स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्य सामग्रीहरुको विकास भएको हुनेछ।

**नतिजा**

- स्थानीय पाठ्यक्रम २०८० कक्षा १ देखि ८ सम्म कार्यान्वयनमा रहेको हुने।
- प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
- शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
- स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
- प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।
- आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुको पहुँचमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने।
- सम्पूर्ण विद्यालयहरुमा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएको हुने।
- स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधीकरणमा सरोकारवालहरु सबैको सहभागिता भएको हुने।
- नयाँ पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरु सबै समूहले अपनत्व ग्रहण गरी सोको सफल कार्यान्वयन भएको हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | कक्षा | कार्यान्वयन कक्षा १-८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तरता | निरन्तरता | |
| २ | स्थानीय पाठ्यपुस्तक विकास र वितरण | कक्षा | कक्षा१-८ | कक्षा१-८ | निरन्तरता कक्षा १-८ | निरन्तरता कक्षा १-८ | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | थिमगत मूल्यांकन र आन्तरिक तथा बाह्य मूल्यांकन लागू | पटक | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक ५ | निरन्तर | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | कक्षा | कक्षा१-५ | कक्षा १-८ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | वार्षिक रुपमा सिकाइ उपलब्धि विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | - | १ | १ | १ | १ | ५ | ९ | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी समीक्षाको लागि घुम्ती शिक्षक बैठक सञ्चालन | वडास्तरीय | | सबै वडा | सबै वडा | सबै वडा | सबै वडा | सबै वडा | नियमित | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को निर्णयात्मक परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नियमित | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | २ | २ | २ | २ | २ | २ | निरन्तर | |

## ३.५ शिक्षक व्यवस्थापन तथा विकास

### ३.५.१ परिचय

बालबालिकाहरूको भावी जीवनलाई निर्देश गर्न तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकास गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ। शिक्षकहरु परिवर्तनका बाहक हुने भएकाले सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा उनीहरूको ठूलो योगदान रहन्छ । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एक अर्काका पर्याय हुन्। यी सबै आकांक्षा पूरा गर्नका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। नेपालमा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरू (कक्षा ११ र १२) ले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन्।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्ने" पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयन्मा ल्याएको छ। सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेसाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण,

सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हाँसिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ३.५.२ वर्तमान अवस्था

यस गाउँपालिकामा २६ वटा सामुदायिक र २० वटा धार्मिक प्रकृतिका विद्यालयहरु छन् जस्मा आधारभूत तह कक्षा १-५ मा स्थायी ४७ करार ५ र राहत अनुदान ४६ गरी जम्मा ९८ जना शिक्षकहरु कार्यरत हुनुहुन्छ भने आधारभूत तह कक्षा ६-८ को स्थायी ९, करार ३, र राहत अनुदान ६ गरी जम्मा १८ जना शिक्षकहरु कार्यरत हुनुहुन्छ। त्यसै गरी माध्यमिक तह ९-१० मा ४ जना स्थायी, २ जना करार, १ जना राहत र ६ जना संघीय शिक्षण सहयोग अनुदान गरी कुल १३ जना शिक्षकहरु कार्यरत हुनुहुन्छ । माध्यमिक तह कक्षा ११-१२ अन्तर्गत कुल २ जना साविक उ.मा.वि. अनुदानका शिक्षकहरु कार्यरत रहेका अवस्था छ।

### ३.५.३ उद्देश्यहरु

उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्य निर्धारण गरिएका छन्।

- शिक्षण पेसालाई रोजाइको पेसा बनाई सक्षम जनशक्तिलाई शिक्षक पेसामा आकर्षित गर्नु।
- शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।

- शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।
- सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।

### ३.५.४ रणनीति

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्नानुसारका रणनीतिहरू तय गरिएका छन्:-

- शिक्षक सेवा आयोगबाट छनौट भइ आएका शिक्षकहरू भन्दा बाहेकका शिक्षकहरूको छनौट तथा नियुक्ति प्रकृयालाई व्यवस्थित, पारदर्शी तथा गुणस्तरमा आधारित बनाइने छ। साथै यसरी नियुक्त गरिने शिक्षक पदमा उच्च शैक्षिक योग्यता भएका जनशक्तिलाई प्राथमिकता दिने गरी व्यवस्थित गरिनेछ।
- शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ।

यस योजनाले निर्धारण गरेका शिक्षक व्यवस्थापन र पेसागत विकासका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण/प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य गरिनेछ।
- विद्यमान स्रोत र साधनलाई मध्यनजर गरी स्वयंसेवक शिक्षक परिचालन गरिनेछ।
- पालिका क्षेत्रभित्रका विद्यालयहरूमा अस्थायी/राहत शिक्षक नियुक्ति प्रक्रियामा अझै थप एकरूपता, निष्पक्षता कायम गरिनेछ।
- शिक्षकको निरन्तर पेसागत विकासको लागि संघीय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रहरूसँग समन्वय गरिनेछ।
- विषयगत शिक्षक समूह (सञ्जाल) निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति लाई निरन्तरता दिइनेछ।
- उपस्थिति, नियमितता र शिक्षकले शिक्षणमा बिताउने समयावधि वृद्धि गरी शिक्षकको कार्यसम्पादनमा सुधार गरिनेछ।
- प्रति विद्यार्थी लागतका आधारमा प्रवाह हुने अनुदान खर्चलाई शिक्षण सिकाइ सामग्री व्यवस्थानमा आबद्ध गरिनेछ।
- शिक्षकहरूलाई अभिप्रेरित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक सरूवा तथा पदस्थापनलाई आवश्यकतामा आधारित बनाइनेछ।
- शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ।
- शिक्षक विधार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने।
- स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतीक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिइनेछ।

- प्रतीक्षा सूचीबाट उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई गरेको सिफारिस भएकालाई पहिलो प्राथमिकता दिइनेछ।
- विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षकद्वारा पेसागत सहयोग पद्धतिको विकास गरिनेछ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आबद्ध गरिनेछ।

**अवसर तथा चुनौतीहरु**

माथि उल्लेख गरिएको राष्ट्रिय परिवेश, स्थानीय परिप्रेक्ष्यमा र प्रस्तुत तथ्याङ्कका आधारमा यस गाउँपालिका क्षेत्र भित्र शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहायका चुनौतीहरूको पहिचान भएका छन्:-

- शिक्षण पेसामा उच्च शैक्षिक उपलब्धि भएका जनशक्तिलाई आकर्षण गर्नु।
- शिक्षण पेसालाई सबैको रोजाइको पेसाका रूपमा विकास गर्नु।
- शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
- विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
- शिक्षकको पेसागत विकासको अवसर र विस्तार गर्न।
- तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयम्सेवक सूची प्रकाशन गर्नु।
- सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मुल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु।

### ३.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ।
- प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

**नतिजा**

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रकृया स्वच्छ र पारदर्शी हुने।
- शिक्षण पेसा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने।

- पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने।
- शिक्षकहरुको उपस्थिति शिक्षण विधि तथा तौर तरिका र कार्य सम्पादनमा सुधार हुने।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्वयम्सेवक शिक्षकको नियुक्ति | जना | आवश्यकता अनुसार | | | | | | | |
| ३ | पालिकास्तरीय शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वार्षिक रुपमा विद्यालयस्तरीय शिक्षक तालिम | विद्यालय | प्रत्येक विद्यालयहरुले १ पटक | | | | | ५ पटक | १० पटक | |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | नियमित | | | | | | | |
| ६ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | सबै विद्यालयहरुमा निरन्तर | | | | | | | |
| ८ | शिक्षकको पेसागत सहयोग प्रणालीको | पटक | | | | | | | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन वा स्रोत विज्ञको नियुक्ति र परिचालन | | | | १ | | १ | २ | | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | पटक | नियमित अद्यावधिक र कार्यान्वयन | | | | | | | |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा कम्तिमा ५ वटा) | थान | विषयगत र पाठगत अनुसार निरन्तर | | | | | | | |
| ११ | दैनिक पाठयोजना वा पाठनोटको निर्माण | पटक | नियमित | | | | | | | |
| १२ | वार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान तयार र प्रस्तुत कार्यक्रम | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | साझेदारीमा एक विद्यालय एक ल्यापटप कार्यक्रम | पटक | | | | | | ५ | | |
| १६ | शिक्षक अध्ययन\ अवलोकन भ्रमण | पटक | | १ | १ | १ | १ | ४ | ९ | |

## ३.६ अनौपचारिक तथा निरन्तर शिक्षा

### ३.६.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.६.२ वर्तमान अवस्था-

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ विकासको गतिलाई अगाडि बढाउन, सामाजिक आर्थिक एवम् भौतिक प्रगतिका लागि शिक्षा अनिवार्य शर्त हो । कुनै पनि स्थानमा रहेको साक्षरताको प्रतिशतले त्यहाँको शैक्षिक अवस्थालाइ प्रतिबिम्बित गर्दछ । भोक्राहा नरसिंह गाउँपालिकाको साक्षरता दर ६६.९६ प्रतिशत रहेको देखिन्छ । जसमा पुरुषको साक्षरता दर ७४.१० प्रतिशत रहेको छ भने महिलाहरुको साक्षरता दर ६०.१२ प्रतिशत रहेको छ । लैंगिक हिसावमा हेर्ने हो भने भोक्राहा नरसिंह गाउँपालिकामा पुरुष र महिला बीचको साक्षरताको खाडल करिब १४ प्रतिशत रहेको छ, यसले पालिकामा महिला शिक्षाको ब्यापकता र प्रभावकारीता बृद्धि गर्नु पर्ने प्रष्ट पार्दछ ।

भोक्राहा नरसिंह गाउँपालिका क्षेत्र भित्रको समग्र शैक्षिक अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिकाः भोक्राहा नरसिंह गाउँपालिकाको साक्षरता विवरण (५ बर्ष वा सो भन्दा माथिको उमेर), २०७८

| सि.नं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | जम्मा जनसंख्या (५ वा सो भन्दा बढी उमेरका) | ४३,४१४ | २१,२४५ | २२,१६९ |
| २ | पढ्न लेख्न सक्ने | २९,०७१ | १५,७४३ | १३,३२८ |
| ३ | पढ्न मात्र सक्ने | ६३ | २५ | ३८ |
| ४ | पढ्न लेख्न नसक्ने | १४,२७७ | ५४७७ | ८८०० |
| ५ | उल्लेख नभएको | ३ | ० | ३ |
| ६ | साक्षरता दर | ६६.९६ | ७४.१० | ६०.१२ |

### ३.६.३ उद्देश्यहरु

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरु राखेको छः

- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु।
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु।
- विभिन्न कारणले विद्यालय बाहिर रहेका र बीचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु।
- साक्षरतालाई सीपसँग आवद्ध गरी रोजगारका अवसर प्रदान गर्नु।

### ३.६.४ रणनीतिहरु

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछन्

- निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने।
- अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा संचालन गर्ने संघ संस्था बीच समन्वय समूह बनाई परिचालन गर्ने
- निरन्तर, जिवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने।
- स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने।
- सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।
- सबैलाई कक्षा ८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदान गर्ने।
- बीचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुऱ्याउने।

**समस्या तथा चुनौती-**

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित।
- साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरूको विकास नहुनु।
- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु।
- साक्षरता कार्यक्रमका सहभागीहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु ।
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास र व्यवस्था र विकास नहुनु ।

- साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदा पुनः निरक्षर हुनुपरेको।
- शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको संख्या कम गर्न।
- महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गर्न नसक्नु।

### ३.६.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**उपलब्धि**

- १५ वर्षभन्दा माथिको साक्षरता ८० प्रतिशत पुगेको हुनेछ।
- ५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ।
- १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ।
- विद्यार्थीहरुको बीचमा विद्यालय छोड्ने दर ०.३ प्रतिशत पुगेको हुनेछ।

**नतिजा**

- सबै नागरिकहरुलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइको अवसर प्राप्त हुने।
- निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने।
- विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध हुने।
- लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | १ | | १ | ५ | |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | | | | आवश्यकता अनुसार | |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आबद्ध गर्ने | पुस्तकालय | | १ | | १ | | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | १ | | १ | | २ | |
| ६ | सा.सि.के.ले समुदायमा आधारित संघ संस्थासँग समन्वय गर्ने | निरन्तर | आवश्यकता अनुसार | | | | | निरन्तर | |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | १ | | २ | |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | २ | | २ | | ८ | |
| ९ | परिचालकको क्षमता विकास | पटक | | १ | | १ | | ३ | |
| १० | सासिके परिचालिकाहरुको न्यूनतम पारिश्रमिक प्रोत्साहन | नियमित | | | | | | | |

## ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.७.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा भन्नाले सीपमूलक र व्यावहारिक ज्ञान प्रदान गर्ने शिक्षालाई जनाउँछ, जसले विद्यार्थीलाई विशेषतः कुनै एक व्यावसायिक क्षेत्रमा दक्षता हासिल गर्न सक्षम बनाउँछ। यो शिक्षाले उत्पादनशीलता बढाउन, रोजगारीको अवसर सिर्जना गर्न, र उद्यमशीलता विकास गर्न मद्दत गर्छ। इन्जिनियरिङ, कृषि, स्वास्थ्य, सूचना प्रविधि, र पर्यटनजस्ता क्षेत्रहरूमा विशेषज्ञता हासिल गर्न यो शिक्षा प्रभावकारी मानिन्छ। नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ। यसलाई वर्तमान अवस्थामा आवश्यकताको रुपमा लिइएको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यताको पनि चर्चा गरिन्छ। विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ। नेपाल सरकारको निर्णय र स्वीकृत ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो। शिक्षा मन्त्रालय तथा शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चलन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो। सोही निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरुमा पठनपाठन प्रारम्भ भयो। तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन सुरु भयो। यस अन्तर्गत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन्। विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन

गरी विश्व श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु जरुरी छ।

### ३.७.२ वर्तमान अवस्था

देश विकास गर्न दक्ष जनशक्तिको आवश्यकता पर्दछ। मुलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकास योग्य र दक्ष जनशक्तिबाट सम्भव हुन्छ। यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका कुनै पनि माध्यकिक विद्यलायमा हालसम्म प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरु सञ्चालन गर्न सकिएको छैन। प्राविधिक तथा व्यावसायिक धार सञ्चालनका लागि पटकपटक सम्बन्धित निकायसमक्ष प्रस्तावना पेस भएका छन्। प्राविधिक थता दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनमा पनि समस्या रहेका छन्। प्राविधिक धारका कक्षा सञ्चालनको अनुमति पाएको खण्डमा स्थानीय तहले पनि व्यवस्थापकीय कार्यमा थप लगानी गरी उपयुक्त वातावरण तयार पार्ने छ। यो गाउँपालिकाले पनि निकट भविषय्यमा नै प्राविधिक धारका कक्षा सञ्चालन गरी विश्वबजारको माग र प्रतिस्पर्धात्मक युगमा बिक्न सक्ने टिक्न सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष राखेको छ। यसका लागि माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउन अपरिहार्य रहेको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका चुनौतीहरु

- प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालन गर्न सम्बन्धन र अनुमति लिनमा समस्या देखिएको।
- भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्न।
- प्राविधिक तथा व्यावसायिक धारको जनशक्ति व्यवस्थापन गर्न।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रत्याभूति दिलाउन।
- प्राविधिक तथा व्यावसायिक धारको स्थापनाका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न।

### ३.७.३ उद्देश्यः

- प्राविधिक तथा व्यावसायिक शिक्षाको संस्थागत विकास गरी सहज पहुँच अभिवृद्धि गर्नु।
- प्राविधिक तथा व्यावसायिक धारको पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्नु।
- शिक्षालाई प्राविधिक तथा रोजगारमूलक रुपमा प्रदान गरी व्यावसायिक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्नु।

### ३.७.४ रणनीतिहरु

- कम्तिमा कक्षा ९-१२ को प्राविधिक तथा व्यावसायिक धार सञ्चालित शिक्षालयको व्यवस्थापन गरिनेछ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।
- प्राविधिक तथा व्यावसायिक धारको विकासका लागि विद्यालयमा पढ्दै कमाउदै कार्यक्रमहरु सन्चालन गरिनेछ।

- शिक्षण सिकाइ सबलीकरणका लागि प्रविधिमैत्री वातावरणको विकास गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक धारका (पशुविज्ञान, वनविज्ञान, इलेक्ट्रोनिक इन्जिनियरिङ्ग, नर्सिङ्ग आदि) कक्षाहरु आवश्यकता अनुसार थप गरिनेछ।
- प्राविधिक जनशक्ति तथा  उत्पादित वस्तुहरुको बजारीकरणको व्यवस्थापन गरिनेछ।

### ३.७.५ उपलब्धि र नतिजा

- स्थानीय स्तरमै कक्षा ९-१२ को प्राविधिक तथा व्यावसायिक धार सञ्चालित शिक्षालयको व्यवस्था हुनेछ।
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ।
- दक्ष, रोजगारउन्मुख तथा आत्मनिर्भर जनशक्ति तयार हुनेछ।
- उत्पादित जनशक्ति तथा वस्तुहरुको बजारीकरणको सुनिश्चितता हुनेछ।
- शिक्षण सिकाइ सबलीकरणका लागि प्रविधिमैत्री वातावरण तयार हुनेछ।

नतिजा

- स्थानीय स्तरमै कक्षा ९-१२ को प्राविधिक तथा व्यावसायिक धार सञ्चालित शिक्षालयको व्यवस्था हुने।
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर हुने।
- दक्ष, रोजगारउन्मुख तथा आत्मनिर्भर जनशक्ति तयार हुने।
- उत्पादित जनशक्ति तथा वस्तुहरुको बजारीकरणको सुनिश्चितता हुने।
- शिक्षण सिकाइ सबलीकरणका लागि प्रविधिमैत्री वातावरण तयार हुने।

### ३.७.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक तथा व्यावसायिक सम्बन्धन र अनुमति | पटक | | | | १ | | १ | २ | |
| २ | पूर्वाधार विकाससहितको प्राविधिक तथा व्यावसायिक शिक्षालय निर्माण | संख्या | | | | | १ | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | निरन्तर | निरन्तर | | | | | निरन्तर | निरन्तर | |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | | १ | | | | २ | २ | |
| ५ | प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुको क्षमता विकासका अवसरहरु सृजना गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | १० | |

# परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरु

## ४.१ शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

समाजका सबै बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याई बालश्रमिक, सडक बालबालिका, द्वन्द्वपीडित, असहाय, भाषिक कठिनाई भएका, भौगोलिक, सामाजिक र साँस्कृतिक कारणले पिछडिएका विविध खालका बालबालिकालाई उनीहरुकै आवश्यकता, क्षमता, रुचि र उमेर अनुसारको शैक्षिक वातावरण उपलब्ध गराएर शिक्षा दिनु नै समाहित शिक्षा हो। समानता भन्नाले लिङ्ग, वर्ण, धर्म, जातजाति, वर्ग, शारीरिक अवस्था वा अन्य कारणले भेदभाव नगरी सबैलाई समान दृष्टिले हेरी सेवासुविधा, स्रोत, अवसर वा अधिकार दिनुलाई बुझाउँदछ भने समता भन्नाले न्यायपूर्ण व्यवहार अपनाउनुलाई बुझाउँदछ। महिलाहरुलाई प्रदान गरिने आरक्षण र क्षमता विकास तालिम, बालिकाहरुलाई प्रदान गरिने छात्रवृति लैङ्गिक समताका उदाहरणहरु हुन्। विभिन्न कारणले शिक्षाको अवसरबाट वञ्चित भएकालाई शिक्षाको मूलधारमा समाहित गर्नु नै समावेशी शिक्षा हो भने यसरी मूलधारमा समाहित गर्ने अभियान चैं समावेशीकरण हो अर्थात् सेवा, सुविधा तथा अधिकारको समान उपयोग र उपभोग गर्न सहयोग पुऱ्याउने प्रक्रियालाई समावेशीकरण भनिन्छ।

### ४.१.२ वर्तमान अवस्था

सन् १९९४ मा स्पेनको सालामाङ्कामा सम्पन्न भएको विशेष शिक्षा सम्बन्धी विश्व सम्मेलन भएसँगै समाहित शिक्षालाई व्यवहारमा ल्याउन थालिएको हो भने हाम्रो देशमा आ.व. २०५६।०५७ देखि समाहित शिक्षा लागू गरिएको थियो । शैक्षिक समतासँग सम्बन्धित न्यायपूर्ण व्यवहारलाई सुनिश्चित गर्न नेपालको संविधानमा आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क पाउने व्यवस्था गरेको छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा रहेका असमानता हटाउन वि.सं. २०७१ मा एकीकृत समता रणनीति तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

सामुदायिक विद्यालयमा पठनपाठनको माध्यम नेपाली वा अङ्ग्रेजी भाषा मात्र हुँदा मातृभाषा नेपाली नभएका विद्यार्थीहरुलाई भाषिक कठिनाई हुन गई विद्यालय छोडेका कारण त्यस्ता खाले विद्यार्थीहरु शिक्षाको अवसरबाट वञ्चित हुनुपरेको बर्तमान अवस्थामा नेपाल सरकारले कक्षा ८ सम्म ऐच्छिक विषयको रुपमा मातृभाषा पढ्न पाउने व्यवस्था शिक्षा ऐन तथा नियमावलीमा गरेको छ तथापि नेपालको संविधानले  माध्यमिक तहसम्मको शिक्षा सञ्चालनको जिम्मेवारी स्थानीय निकायलाई प्रदान गरेसँगै धेरै जसो स्थानीय तहहरुमा सक्षम जनशक्तिको अभाव भएको हुँदा स्थानीय पाठ्यक्रम साथै पाठ्यपुस्तक निर्माण र कार्यान्वयनमा समस्या देखापरेको कारण मातृभाषाको शिक्षा प्रदान गर्न असहज बन्न पुगेको छ। फलस्वरुप वर्तमान अवस्थामा सबै वर्ग तथा समुदायका बालबालिकाहरुलाई  शिक्षामा समावेश गर्ने प्रक्रियामा बाधा पुग्न गएको छ । यसरी नीतिगत तहमा धेरै नै प्रावधान भएता पनि कार्यान्वयन प्रभावकारी नहुँदा शिक्षाबाट वञ्चित भएका समूहलाई समाहित गर्न नसकिएको अवस्था छ ।

### ४.१.३ चुनौती र अवसर

- शिक्षाको मूलधारबाट वञ्चित वर्गको पहिचान गर्नु।
- पहिचान भएकालाई शिक्षा दिने समातामूलक उपाय व्यवहारमा लागू गर्नु।
- शिक्षाको माध्यम तथा प्रक्रियामा समावेशी तरिका अपनाउनु।
- मातृभाषाका माध्यमबाट शिक्षण गर्ने व्यवस्था प्रभावकारी बनाउनु।
- विद्यालय तथा परिवारमा भेदभावरहित वातावरणको सिर्जना गर्नु।
- समावेशी शिक्षाको बारेमा सरोकारवालाहरुलाई प्रबोधीकरण गर्नु।
- शिक्षालाई आवश्यकतामुखी र जीवनोपयोगी बनाउनु।
- कार्यक्रमलाई प्रभावकारी र दीगो बनाउन स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु।

### ४.१.४ उद्देश्यहरु

यस भोक्राहा नरसिंह गाउँपालिकाको शैक्षिक समता र समावेशीकरण कार्य सम्बन्धी उद्देश्यहरुलाई निम्न बुँदाहरुमा उल्लेख गरिएको छः

- मूलधारबाट बाहिर रहेका वर्ग, समुदाय, क्षेत्रका मानिसहरु पहिचान गरी उनीहरुलाई अरु सरह बनाउने उपाय अबलम्बन गर्नु।
- विद्यालयको कार्य व्यवहार तथा कक्षाकोठाको वातावरण बालमैत्री, भयरहित, दण्डरहित र शान्तिपूर्ण बनाउन सहयोग गर्नु।
- कक्षा छाड्ने विद्यार्थीहरुको पहिचान गरी उनीहरुको विद्यालयभित्र र बाहिरको बाधा अडचन हटाई सहभागिता, टिकाउदर र समावेशीतामा समता वृद्धि गर्नु।
- आवश्यकता अनुसार बालकेन्द्र, सामुदायिक सिकाइ केन्द्र स्थापना गरी शिक्षा प्राप्त गर्ने अवसर सिर्जना गर्नु।
- विद्यालय शिक्षाबाट वञ्चित वर्ग तथा समुदायका लागि अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नु।

### ४.१.५ रणनीतिहरु

हालसम्म विद्यालय बाहिर रहेका सबैभन्दा पिछडिएको र शिक्षाको अवसरबाट वञ्चित समूहहरुलाई विद्यालय शिक्षाको पहुँचमा समता ल्याउन १० वर्षे अवधिमा निम्न रणनीतिहरु अवलम्बन गरिनेछः

- गाउँपालिका भित्र रहेका अनाथ, असहाय, बालश्रमिक, सडक बालबालिका, अतिविपन्न, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडा वर्ग लगाएत सम्पूर्ण घरधुरी सर्वेक्षण गरी शिक्षाको अवसरबाट वञ्चित रहेकाहरुको सङ्ख्या यकिन गरिने छ।
- शिक्षाको पहुँच, गुणस्तर अभिवृद्धिमा समावेशीतालाई विशेष ध्यान दिइने छ।
- शिक्षाको पहुँचबाट वञ्चित भएका परिवारका घरमुलीलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालय तथा घरपरिवारको वातावरण बालमैत्री बनाउन शिक्षक, अभिभावक र वि.व्य.स. साथै पिटिएलाई तालिम दिई सक्रिय भूमिका निर्वाह गर्न जिम्मेवारी दिइने छ।

- समावेशी कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवालाहरुलाई प्रबोधीकरण गरिने छ।
- स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्दा शैक्षिक समता र समावेशीकरणलाई प्राथमिकता दिइनेछ।
- बहुसङ्ख्यक जात वा समुदाय रहेको सेवाक्षेत्रमा मातृभाषाबाट पठनपाठन गर्नका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।
- विद्यालयबाट धेरै टाढा रहेका टोलबस्तीहरुमा आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्र मार्फत पढ्न पाउने अवसरलाई सुनिश्चित गरिनेछ।
- स्थानीय तहको क्षमता अभिवृद्धि गरी आफ्नो अधिकार र कर्तव्यको पालनामा सक्रिय गराइनेछ।
- समावेशी शिक्षाका लागि संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संघसंस्था र निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- शिक्षाको अवसरबाट वञ्चित भएकाहरुका लागि महिला शिक्षा, किशोरी शिक्षा, प्रौढ शिक्षा जस्ता अनौपचारिक शिक्षा सञ्चालन गरी शिक्षाको मूलधारमा ल्याइनेछ।

### ४.१.६ उपलब्धि, नतिजाहरु,प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

१० वर्षे शिक्षा योजना कार्यान्वयन पश्चात शैक्षिक समता र समावेशीकरणमा प्राप्त हुने उपलब्धि र अपेक्षित नतिजाहरुका साथै प्रमुख क्रियाकलापहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**उपलब्धि**

- शिक्षाको अवसरबाट वञ्चित रहेका वर्ग, समुदायको पहिचान शिक्षाको मूलधारमा ल्याइनेछ।
- शिक्षाको अवसरबाट वञ्चित वर्गलाई सघन रुपमा अनौपचारिक शिक्षा सञ्चालन गरी समावेशी शिक्षालाई विशेष जोड दिई सबैका लागि शिक्षा कार्यक्रमलाई सफल तुल्याइने छ।

**नतिजाहरु**

- शिक्षाको अवसरबाट वञ्चित समूहको सङ्ख्या यकिन भएको हुनेछ र सोही आधारमा शिक्षामा समावेशीकरण कार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन भएको हुनेछ।
- भर्ना दर र विद्यालयमा टिकाउ दर वुद्धि भई विद्यालय छाड्ने दर घटेको हुनेछ।
- औपचारिक र अनौचारिक शिक्षाको माध्मबाट सबै वर्ग र समुदायमा शिक्षाको पहुँच पुगेको हुनेछ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

समावेशी तथा समताका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ :

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको मूलधारबाट वञ्चित वर्ग पहिचान गर्न घरधुरी सर्वेक्षण। | पटक | १ | | | | | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पहिचान भएका घरको अभिभावकलाई सचेतना कार्यक्रम। | पटक | | १ | | १ | | २ | ४ | |
| ३ | लक्षित समूहलाई मातृभाषाका माध्यमबाट कक्षा सञ्चालन गर्न सम्भाव्यता अध्ययन | पटक | | १ | | | | | १ | |
| ४ | घर र विद्यायलको वातावरणलाई बालमैत्री बनाउन शिक्षक ,अभिभावक ,वि.व्य.स. र पि.टि.ए.का लागि तालिम सञ्चालन | पटक | १ | | १ | | | २ | ४ | |
| ५ | स्थानीय तहको क्षमता अभिवृद्धि गरी कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित अनुगमन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयभन्दा धेरै टाढाको बस्तीमा सामुदायिक सिकाइ केन्द्र मार्फत पढ्न पाउने अधिकारको सुनिश्चितता। | संख्या | | १ | | | | १ | २ | |

## ४.२ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम

### ४.२.१ परिचय

बालबालिकाको वृद्धि विकास र सिकाइका लागि पोष्टिक आहार महत्वपूर्ण भएको हुनाले "स्वस्थ्य शरीरमा स्वस्थ्य मस्तिष्कको निर्माण हुन्छ।"भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले आ.व. २०७७।०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयहरुमा बालकक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि प्रतिविद्यार्थी प्रतिदिन रु. १५ का दरले दिवाखाजा व्यवस्थापन गर्न बजेट विनियोजन गर्दै आएको छ।यसै क्रममा नेपाल सरकारले चालु आ.व. २०८१।०८२ मा पनि बालकक्षादेखि कक्षा ५ सम्मका विद्यार्थी लाभान्वित हुने गरी दिवाखाजा कार्यक्रमका लागि रकम विनियोजन गरेको छ।सामुदायिक विद्यालयमा गरिब तथा विपन्न वर्गका विद्यार्थीहरु धेरै हुने गरेकाले दिवाखाजा कार्यक्रम ल्याइएको हो।विद्यालयका बालबालिकाहरुका लागि दैनिक रुपमा चाहिने शक्ति (क्यालोरी) लगायत वृहत् पोषक तत्व (प्रोटिन र चिल्लो पदार्थ) तथा सूक्ष्म पोषक तत्व (आयोडिन, आइरन, जीङ्क, भिटामिन 'ए')को मात्राको ३०% दिवाखाजाबाट परिपूर्ति हुनेगरी दिवाखाजाको मापदण्ड तयार गरेको छ। बालबालिकाहरुलाई कुपोषणबाट जोगाई स्वस्थ्यकर जीवन बाँच्न र शारीरिक साथै बौद्धिक विकासमा दिवा खाजा कार्यक्रमले टेवा पुग्दछ।यस गाउँपालिकामा पनि विद्यालयलय दिवा खाजा व्यवस्थापन पुस्तिकाले तोकेका आधारहरू अनुरूप कार्यक्रम सञ्चालित छ।

### ४.२.२ वर्तमान अवस्था

विश्व अहिले सबैका लागि शिक्षा र दिगो विकास लक्ष्य प्राप्तितर्फ क्रियाशिल रहेको छ। नेपालले पनि लक्ष्य प्राप्तिका लागि हस्ताक्षर गरी प्रतिबद्धता जनाएको छ। दिगो विकास लक्ष्य मध्ये १, २ र ४ नम्बरका लक्ष्य बालबालिकाको शिक्षा, स्वास्थ्य र दिवाखाजा कार्यक्रमसँग सम्बन्धित रहेका छन्। नेपालको संविधान २०७२ ले निःशुल्क र अनिवार्य आधारभूत शिक्षा साथै प्रत्येक नागरिकलाई स्वास्थ्य र खाद्य सुरक्षा समेत प्रत्याभूत गरेको छ । यो विषयलाई विद्यालय शिक्षा क्षेत्र कार्यक्रम (SESP) ले पनि उच्च महत्व दिएको हुनाले दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई वर्तमान अवस्थामा मानव पूँजी विकासको दृष्टिले महत्वपूर्ण मानिन्छ।

कोभिडले सिर्जना गरेको विश्वव्यापी आर्थिक मन्दीका कारण अभिभावकहरुको आयआर्जनमा कमी आई जीवन निर्वाह गर्न समेत कठिन भएको अवस्थामा शिक्षाका निम्ति सपोर्ट नहुने हो भने अभिभावकहरुले बालबालिकाहरुलाई विद्यालयबाट झिकेर काममा लगाउन सक्ने सम्भावना उतिकै छ। तसर्थ दिवाखाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न सकियो भने विद्यार्थी विद्यालय छाड्ने दरमा कमी आउन सक्छ। वर्तमान अवस्थामा भोक्राहा नरसिंह गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयका विद्यार्थीहरुको उपस्थितिमा सुधार आउनु, विद्यार्थी भर्नादर र विद्यार्थी टिकाउदरमा वृद्धि हुनु, विद्यार्थीहरुमा स्वास्थ्य सचेतना आई व्यवहारमा परिवर्तन ल्याउन सक्नुमा दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमको सकारात्मक प्रभाव मान्न सकिन्छ।

### ४.२.३ चुनौती र अवसर

दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रमका चुनौती र अवसरहरु निम्न प्रकारका रहेका छन्।

- दिवाखाजाको रकम न्यून हुँदा तोकिएको मापदण्ड र मात्रा अनुसार खाजा खुवाउन नसक्नु।
- विद्यालयमा खाजा पकाउने जनशक्तिको व्यवस्था हुन नसक्नु। भान्से नहुँदा शिक्षकहरु नै खट्नु पर्ने अवस्थामा पठनपाठन प्रभावित हुनु।
- धेरै जसो विद्यालयमा खाजा पकाउने भाँडाकुँडा पर्याप्त नहुँदा दिवाखाजाको रुपमा बजारका प्याकिङ जङ्क फुड जस्ता ड्राइफुड खुवाउन बाध्य हुनु।
- विद्यालयले व्यवस्था गरेर राखेको भान्सेले उचित तरिकाले पकाउन नसक्दा पोषण तत्व नष्ट हुनसक्ने अवस्थामा भान्सेलाई आवश्यक तालिम दिने प्रबन्ध नहुनु।
- शिक्षक, प्र.अ., वि.व्य.स. र भान्सेलाई खाजाको गुणस्तर र मापदण्डका बारेमा जानकारीमूलक कार्यक्रम नहुन।
- दिवाखाजाको मेनु अनुसार पोषणको मात्रा र तौलको मात्रा मिलाई खाजा खुवाउने कार्य भए नभएको बुझ्न नियमित अनुगमन नहुनु।
- दिवाखाजा व्यवस्थापन गर्दा स्थानीय कृषि उत्पादनलाई पूर्णरुपमा जोड्न नसकिएको।
- विद्यालयमा छात्राहरुलाई चेन्जिङ रुम सहितको लैङ्गिकमैत्री शौचालय र शुद्ध पिउने पानी नहुँदा गुणस्तरीय स्वस्थ्य सेवा प्रवाह गर्न नसक्नु।

### ४.२.४ उद्देश्यहरु

दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्यहरु निम्न अनुसार रहेका छन्ः

- दिवाखाजा मार्फत कम्तिमा ३०% पोषण प्राप्त हुने सन्तुलित आहार उपलब्ध गराएर बालबालिकाको पोषण स्वास्थ्य स्थितिमा सुधार ल्याउनु।
- विद्यार्थीहरुलाई अखाद्य वस्तुहरु, बजारका प्याकिङ् जङ्कफुडहरु, केमिकलयुक्त पेय पदार्थहरुबाट सजग गराई सफा, ताजा र स्थानीय उत्पादनको खाजा खान प्रेरित गर्नु।
- स्वास्थ्य, सरसफाई तथा स्वच्छताको गुणस्तर वृद्धि गर्न विद्यालयमा प्राथमिक उपचार सेवा, लैङ्गिकमैत्री शौचालय, शुद्ध पिउने पानीको व्यवस्था मिलाउनु।
- विद्यालयमा विद्यार्थीको भर्नादर, टिकाउदर र कक्षा पूरा गर्ने दर वृद्धि गर्नु।
- विद्यालयमा विद्यार्थीको उपस्थितिलाई नियमित गराएर सिकाइ उपलब्धि वृद्धि गर्नु।
- संविधानप्रदत्त शिक्षा सम्बन्धि हक, स्वास्थ्य र खाद्य सम्बन्धी हकलाई सुनिश्चित गर्दै सबैका लागि शिक्षा र आधारभूत तहसम्म अनिवार्य शिक्षाको अवधारणालाई मूर्त रुप दिनु।

### ४.२.५ रणनीतिहरु

यो कार्यक्रम सञ्चालनमा देखिएका कमी कमजोरी हटाई प्रभावकारी ढङ्गले सञ्चालन गरी सबैलाई समान रुपमा शिक्षा दिन र गुणस्तरीय स्वास्थ्य सेवाको अवसर सुनिश्चित गर्न १० वर्षे अवधिमा भोक्राहा नरसिंह गाउँपालिकाले निम्न रणनीतिहरु अवलम्बन गर्ने छः

- बालबालिकाको पोषण स्वास्थ्य स्थितिमा सुधार ल्याउन तोकिएको मापदण्ड र मात्रा अनुसार दिवाखाजा व्यवस्थापन गर्न प्रति विद्यार्थी दैनिक रु.१५ बाट वृद्धि गरी समयसापेक्ष रकम थप गर्ने व्यवस्था मिलाउने,
- कक्षा ८ सम्म निशुल्क दिवाखाजाको प्रबन्ध मिलाउन भोक्राहा नरसिंह गाउँपालिकाले प्रदेश साथै संघीय सरकारसँग र अन्य दातृ निकायसँग विशेष पहल गर्ने छ।
- एक विद्यालय एक भान्सेको प्रबन्ध गरी भान्सेको क्षमता विकास गर्न तालिमको व्यवस्था मिलाइने छ।
- खाजा पकाउन र वितरण गर्न आवश्यक भाँडाकुँडाहरु व्यवस्थापन गर्न वि.व्य.स. र अभिभावकलाई जिम्मेवारी दिइने छ।
- दिवाखाजाका लागि भोक्राहा नरसिंह गाउँपालिका भित्र उत्पादन गरिँदै आएका रैथाने बालीहरु र कन्दमुलहरुका साथै हरियो सागपात र फलफूलको उत्पादनमा जोड दिइने छ र यसरी दिवाखाजामा स्थानीय कृषि उपजको उपयोग बढाएर रोजगारको अवसर सिर्जना गरी युवा जनशक्ति विदेश पलायनको क्रमलाई न्यूनीकरण गरिनेछ।
- अन्न समूह, गेडागुडी समूह, सागपात तथा फलफूल समूह र अन्य समूह (पशुजन्य समेत) समेटेर तयार पारिएको मेनु अनुसार ताजा दिवाखाजाको प्रयोग भए नभएको बुझ्न र गुणस्तर परीक्षण गर्न स्वास्थ्यकर्मी तथा खाद्यविज्ञ समेतको टोली खटाई अनुगमन कार्यलाई प्रभावकारी तुल्याइने छ।

- एक विद्यालय एक करेसाबारीको नीति अवलम्बन गरी विद्यालयमा नै सागपात, तरकारी र फलफूल उत्पादन गर्ने उत्कृष्ट विद्यालयलाई पुरस्कृत गरिने छ।
- दिवाखाजाका लागि आवश्यक खाद्य सामग्री आपूर्ति गर्नका लागि पर्याप्त जग्गा भएका विद्यालयहरुको जग्गामा व्यावसायिक तरकारी र फलफूल खेती कार्यक्रम सञ्चालन गरिने छ ।
- बाँजो जग्गामा तरकारी र फलफूल खेती लगाएर स्थानीय कृषकहरुको आयआर्जनमा वृद्धि गराई भोक्राहा नरसिंह गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाइने छ।
- प्राविधिक धारमा बाली विज्ञान विषय अध्ययन गर्ने वतावरण तयार गरिनेछ ।
- व्यावसायिक खेतीमा प्रयोगात्मक र अनुसन्धनात्मक कार्यमा खटाई कमाउँदै पढ्ने प्रबन्ध मिलाइने छ।
- हरेक बालबालिकाको नियमित स्वस्थ्य परीक्षण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य सामग्री र औषधीहरु सहित एक विद्यालय एक नर्सको व्यवस्था गरिने छ।
- सबै विद्यालयहरुमा शुद्ध पिउने पानीको प्रबन्ध मिलाइने छ।
- कक्षा १-८ तथा कक्षा १-१२ चलेका विद्यालयका छात्राहरुका लागि चेन्जिङ रुम सहितको लैङ्गिकमैत्री शौचालय निर्माण गरी विद्यालयको सरसफाइमा विशेष ध्यान दिइने छ।

### ४.२.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

*उपलब्धि*

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरुले तोकिएको मापदण्ड अनुसारको दिवाखाजा खाएपछि स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने,
- विद्यालयमा पढ्ने सम्पूर्ण बालबालिकाहरुले गुणस्तरीय स्वास्थ्य सेवा पाएको हुने,

***प्रमुख नतिजाहरु***

- प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्र छात्रालाई विद्यार्थी सङ्ख्याका आधारमा अलग अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरुका लागि चेन्जिङ रुम र आराम कक्षाको व्यवस्था, सफा कक्षाकोठा र घेराबेरासहितको विद्यालय हाताको व्यवस्था हुनेछ।
- आधारभूत तहसम्मका बालबालिकाहरुलाई स्थानीय उत्पादनमा आधारित स्वास्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुने छ।
- विद्यालयहरुमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरुको आवधिक रुपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए, आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरुका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ।

*प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु*

| क्र. सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा लैङ्गिकमैत्री शौचालय, शुद्ध पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुनको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४६ | |
| २ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा | विद्यालय | नियमित | | | | | | नियमित | |
| ३ | चेन्जिङ् रुम र आराम कक्षको व्यवस्था | विद्यालय | | १ | २ | २ | २ | ७ | ११ | |
| ४ | दिवा खाजका लागि विद्यालयहरुलाई थप सुविधा प्रदान (भाँडा बर्तन, चुलोको प्रबन्ध ) | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ४६ | |
| ५ | विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताक कार्यक्रमको नियमित अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | स्यानिटरी प्याडको व्यवस्था | विद्यालय | कक्षा६-१२ सञ्चालित सबै | | | | | | नियमित | |
| ७ | बालबालिकाका लागि भिटामिन ए आइरन चक्की र फोलिक एसिड,जुकाको औषधि वितरण | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | नियमित | |
| ८ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | विद्यालय | नियमित | | | | | | नियमित | |
| ९ | विद्यालयमा स्वास्थ्य किट वितरण एवम् प्रतिस्थापन। | विद्यालय | नियमित | | | | | | नियमित | |
| १० | विद्यार्थीको स्वास्थ्य अवस्थाको जानकारी टिपोट भएको रजिष्टरको प्रयोग | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | ४६ | |
| १० | एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | विद्यालय | माध्यमिक तह कक्षा८-१२ चलेका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयहरू | | | | | | | |

## ४.३ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

प्राकृतिक प्रकोप, द्वन्द, युद्ध, र रोगको महामारीको अवस्थामा पनि बालबालिकाहरुले सिक्न पाउने शैक्षिक अधिकारलाई सुनिश्चित गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भनि परिभाषित गर्न सकिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले बालबालिकाहरु शिक्षाबाट बञ्चित हुन नपरोस भनी शिक्षा क्षेत्रलाई निर्बाद्ध रुपमा क्रियाशिल हुने गरी पूर्व तयारीका साथ शैक्षिक कार्यक्रम सञ्चालन तथा सिकाइलाई निरन्तरता दिनु हो। यस अवधारणा अनुसार सम्भावित क्षेत्रको पहिचान वा जोखिमको पूर्ब तयारी गरी तत्काल प्रतिकार्य गर्ने सम्भावित क्षतिको न्यूनीकरण गर्ने, कार्यढाँचाको निर्माण गर्ने र बालबालिकाको शिक्षण सिकाइको अधिकारलाई सुनिश्चित गरी सिकाइलाई नियमित रुपमा सञ्चालन गर्नु यस शीर्षक अनुसार सान्दर्भिकता हुनेछ। विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ अनुसार विद्यालयको न्यूनतम सुरक्षाको उपाय सम्बन्धी क्रियाकलाप अपनाई शिक्षक विद्यार्थीलाई मृत्यु हुनबाट बचाउने आपतकालीन अवस्थामा विद्यालयको शिक्षण सिकाइ वा बालबालिकाको शिक्षण सिकाइलाई निरन्तरता दिनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। वि.स. २०७२ को भूकम्प र आ.व.०७६।०७७ को कोभिड महामारीको अवस्थामा पनि नेपालका साधन श्रोत सम्पन्न भएका केही भूभागमा सिकाइलाई निरन्तरता दिई केही हदसम्म भए पनि शैक्षिक क्षतिलाई न्यूनीकरण गर्ने प्रयास गरेको पाइन्छ।

### ४.३.२ वर्तमान अवस्थाः

भोक्राहा नरसिंह गाउँपालिकामा बर्षादको कारण डुवान, हावाहुन्डरी, चट्याङ, महामारी रोग, सुनसरी खोला तथा खुनिया खोलाको बाढी आदिले शिक्षाको नितन्तरतामा केही बाधा पुऱ्याइरहेको अवस्था छ। त्यसको अलावा विद्यालय रहेको सबै क्षेत्रमा अधिक वर्षाका कारण हुने डुवान, रोगको महामारी भूकम्प आदिले पनि बालबालिकाको शिक्षण सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको छ। विगत कोभिड महामारीको समयमा विद्यालय ठप्प भएको बेला अनलाइन कक्षा जस्ता शिक्षाको वैकल्पिक उपाय अपनाए तापनि साधन स्रोतको पहुँच र सबैमा internet को सुबिधा नभएकोले सो कुरा पनि प्रभावकारी हुन सकेन। सोही सन्दर्भमा आगामी १० बर्षे शैक्षिक योजना अन्तर्गत प्रतिकार्य ढाँचामा वा विपद पूर्व तयारीको लागि यस्ता प्राकृतिक प्रकोप भूकम्प, महामारीको समयमा पूर्व तयारीको लागि साधनस्रोत तथा अन्य आवश्यक कार्यको पूर्व तयारी गर्न आवश्यक छ।

### ४.३.३ अवसर तथा चुनौतीहरुः

यसका अवसरहरु यसप्रकार छन्:-

१. विपदको समयमा आएको शून्यताको समयलाई शिक्षक तथा विद्यार्थीले अन्य सृजनात्मक कार्यमा उपयोग गर्न सक्छन्।

२. असहाय, समस्यामा फसेका र जोखिमपूर्ण अवस्थामा रहेको व्यक्तिलाई सहयोग गर्ने अवसर प्राप्त हुन्छ।

३. संकटकाल तथा विपदको यस असमान्य अवस्थामा बढीभन्दा बढी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सकिन्छ।
४. संकटलाई वर्गीकरण गरी सो अनुरुप योजना बनाई शिक्षण सिकाइलाई निरन्तरता दिन सकिन्छ।
५. संकटलाई मध्यनजर गरी तत्कालीन र दीर्घकालीन योजना बनाई शिक्षालाई बालबालिकाको पहुँचमा पुऱ्याउने र निरन्तरता दिन सकिन्छ।
६. शिक्षासँग सरोकार राख्ने सम्बन्धित विद्यार्थी अभिभावकहरुमा आपतकालीन अवस्थामा पनि सचेतना कार्यक्रम सञ्चालन गरी शिक्षालाई निरन्तरता दिन सकिन्छ।

**यसका चुनौतीहरु यस प्रकार छन्** :-

- प्राकृतिक प्रकोप र महामारीको बेला राजनैतिक द्वन्दको कारण राहत सामाग्री वितरण गर्न र सिकाइलाई निरन्तरता दिनु।
- सचेतना, पूर्व तयारीको अभावमा तत्कालै हुने धनजन तथा शिक्षाको क्षतिलाई न्यूनीकरण गर्नु।
- भौगोलिक विकटता र समस्याग्रस्त स्थानको पहिचान गरी सो अनुसार विपद प्रतिकार्य योजना बनाई शिक्षालाई निरन्तरता दिनु।
- पतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विद्याको रुपमा सम्बन्धित गर्ने ।
- प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने।
- अकल्पनिय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्ने।
- संकटहरुको वर्गीकरण तथा योजना बनाउने।
- तत्कालीन तथा दीर्घकालीन योजना बनाउने।
- संकटकालीन शिक्षा योजना निर्माणमा सहभागी हुने।

### ४.३.४ उद्देश्य

आपतकालीन र संकटकालीन अवस्थामा शिक्षाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

- विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिन विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचाको विकास गर्नु।
- सम्भावित विपद्को व्यवस्थापन गर्न भौतिक सामाग्री संरचना, आर्थिक स्रोत र मानवीय जनशक्तिको विकास गरी शिक्षण सिकाइलाई निरन्तरता दिनु।
- विपद्को समयमा हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न र सो अनुसार रणनीतिक कार्य योजना बनाउनु।

### ४.३.५ रणनीतिहरु

माथिको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको रणनीतिहरु छन्:-

- विपदको समयमा शिक्षालाई निरन्तरता दिन विपद् पूर्व तयारी, पुनर्स्थापन, व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना र कार्यविधि तयार गरी विद्यालयको वि.व्य.स., प्र.अ.र वडा स्तरको जनप्रतिनिधिलाई जिम्मेवार बनाई कार्यान्वयन गरिनेछ।
- विपद तथा महामारीको समयमा शिक्षालाई निरन्तरता दिन र क्षतिलाई कम गर्न स्थानीय स्तरमा वा विद्यालय तहमा विद्यालय जोखिम न्यूनीकरण प्रतिकार्य समिति निर्माण गरी परिचालन गरिनेछ।
- भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ र बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ अनुसार बालबालिकाको सिकाइ सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक विधिहरुद्वारा विद्यालयमा सिकाइलाई निरन्तरता दिइनेछ।
- नयाँ बन्ने संरचनाहरुमा विपदरहित पुर्वाधारको व्यवस्थापन गरिने तथा पुराना संरचनाहरुमा विपदरहित पूर्वाधारको पुनर्स्थापना गरिनेछ।
- शिक्षण सिकाइ निरन्तरताको लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा अन्य सूचना प्रविधिको प्रबन्ध गरिनेछ।
- विपद व्यवस्थापनको लागि विद्यालय, वडा कार्यालय, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरी जिम्मेबार संयन्त्र निर्माण गरिनेछ।
- विपद तथा संकट व्यवस्थापनका असल अभ्यासको अनुसरण गरिनेछ।
- हरित विद्यालयको अभियान, जलवायू परिवर्तन न्यूनीकरण दिगो विकासको लक्ष्य अनुसार कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

### ४.३.६ उपलब्धि, नतिजा तथा क्रियाकलापहरु

*उपलब्धि*

- संकटकालीन तथा आपतकालीन अवस्थामा पनि बालबालिकाहरुको सिक्न पाउने अधिकार सुनिश्चित हुनेछ।
- सम्भावित जोखिमबाट बच्न प्रत्येक व्यक्ति तथा बालबालिकाहरुमा पूर्व तयारीमा रहने र क्षतिलाई न्युनीकरण गर्न सिप तथा क्षमताको विकास भएको हुनेछ।
- आपतकालिन तथा संकटको अवस्थामा सिकाइ निरन्तरताको लागि सिकाइका वैकल्पिक विधिहरु अपनाइनेछ।

*नतिजा*

- विपद व्यवस्थापन, प्रतिकार्य संयन्त्र र कार्यढाचाको विकास भएको हुने,
- सम्भावित विपद व्यवस्थापनका लागि भौतिक सामाग्री, आर्थिक स्रोत र मानवीय शक्तिको व्यवस्थापन भएको हुने,
- संकट तथा विपदको अवस्थामा पनि शिक्षण सिकाइ निरन्तर सञ्चालन  हुने।

*मुख्य क्रियाकलाप तथा लक्ष्य*

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद व्यवस्थापन संयन्त्र तथा शिक्षण सिकाइ सहयोग समिति निर्माण (वडास्तरीय) | वटा | | २ | २ | २ | २ | ८ | ८ | |
| २ | विपद तथा संकटको मूल्याङ्कनको आधारमा योजाना निर्माण | विद्यालय | सबै विद्यालयहरुमा | | | | | ४६ | | |
| ३ | गाउँपालिका क्षेत्र भित्रका विद्यालयमा विपद जोखिम न्यूनीकरण क्षमता विकास तालिम | विद्यालय | सबै विद्यालयहरुमा | | | | | ४६ | | |
| ४ | विपद प्रतिकार्य सम्बन्धी सामाग्री व्यवस्थापन | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |
| ५ | विपदको समयमा पनि सिकाइको निरन्तरता दिन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि सचेतना कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | विद्यालय विपद कोष | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | | |
| ७ | विद्यालयमा सामाजिक मनोपरामर्श कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | १० | |
| ८ | भूक्षय तथा पहिरो नियन्त्रण र वृक्षारोपण कार्यक्रम | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | | |
| ९ | हरित विद्यालय संख्या | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | | |

## ४.४ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.४.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेलनका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक

बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था रहेको छ।

भोक्राहा नरसिंह गाउँपालिकाभित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख लक्ष्य उल्लेख गरिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति, यस पालिकाको शिक्षा सम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य,रणनीति, नतिजा र प्रमुख लक्ष्य उल्लेख गरिएको छ।

### ४.४.२ वर्तमान अवस्था:

भोक्राहा नरसिंह गाउँपालिकाको शैक्षिक पाश्वचित्र २०८० अनुसार हाल जम्मा सामुदायिक विद्यालय ४६ रहेका छन्। सामुदायिक विद्यालय तर्फ वटा २२५ भवन रहेकोमा झन्डै १९० वटा पक्की भवन छन्, जसमा ५९८ वटा कक्षाकोठाहरु छन् र ती मध्ये ४३० पक्की छन्। यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ४५, छात्र शौचालय ४५ तथा महिला शिक्षक शौचालय ७ वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय ४५ बाहिरी श्रोत भएका विद्यालय १ रहेका छन्। यस गाउँपालिकामा आधारभूत तह कक्षा १-८ मध्ये धेरै विद्यालयहरुमा पुस्तकालय, आइसिटी तथा विज्ञान प्रयोगशालाहरु छैनन्। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा ४१ विद्यालयमा स्टाफ कोठा, २२ विद्यालयमा स्टोर कोठा, ५ विद्यालयमा खेलकुद कोठा साथै १३ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। यस भोक्राहा नरसिंह गाउँपालिकामा केही विद्यालय भवन निर्माणाधीन अवस्थामा छन्। केही विद्यालयमा तारजाली सहितको घेरावारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण भएका छन्। केही विद्यालयमा निर्माण सम्पन्न हुने क्रममा छन्। (चौ.न.पा. (शैक्षिक पाश्वचित्र-२०८०)।

यस गाउँपालिकाभित्रका धेरै विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरु पूर्ण रुपमा तयार गर्न सकिएको

छैन। विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने कामहरु पूर्ण गर्न बाँकी छन्। विद्यालय भौतिक सुविधा विस्तारका कार्यक्रम कम प्राप्त हुने र माग र आवश्यकता बढी हुने जस्ता चुनौतीहरु छन्। साथै राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ।

### ४.४.३ अवसर र चुनौतीहरु

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित अवसर र चुनौतीहरू रहेका देखिन्छन्;-

- भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
- पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु।
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु।
- आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्नु।
- पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।
- विद्यालय भौतिक सुविधा विस्तारका कार्यक्रम कम प्राप्त हुने र माग र आवश्यकता बढी हुनु।
- विद्यालयहरुमा आधारभूत भौतिक पूर्वाधार नहुनु।

### ४.४.४ उद्देश्यः

- सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने।
- आधारभूत भौतिक पूर्वाधारहरुको सुनिश्चित गर्नु।
- पूर्वाधारहरुलाई पारदर्शी एवं जवाफदेहिताका आधारमा बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउने।

### ४.४.५ रणनीतिहरू

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिने छ।
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघ संस्था एवं सरोकारवालाहरुसँग लागत साझेदारी गरिने छ।
- विद्यालयहरु निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी, शौचालय, भान्सा वा खाजाघर, लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिने छ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिने छ।
- आंशिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिने छ।
- विद्यालय मर्जर पश्चात खाली रहेका भौतिक संरचनाको उचित प्रयोगको व्यवस्था मिलाइने छ।
- विद्यालय वातावरण सुन्दर वनाउन हरियाली विद्यालय कार्यक्रम लागू गरिने छ।
- स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा बालबालिकाहरूलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान निर्माण गरिनेछ ।

### ४.४.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु

***उपलब्धि***

- गाउँपालिकाभरिका सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने।

***नतिजा***

- गाउँपालिका भित्रका विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरुप तथा भूमिका परिभाषित हुने।
- गाउँपालिका अन्तर्गत भौतिक पूर्वाधारको आवश्यकता र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुने।
- पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको बाँडफाँटसहितको कार्यान्वयन प्रारुप विकास हुने।
- सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
- कम्तिमा १० विद्यालयमा सम्पूर्ण पूर्वाधार विकास हुने।
- पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड तथा स्तरीकरणका सूचक तयार हुने।
- सबै विद्यालयको क्षेत्रभित्र घेराबारा, खानेपानी, शौचालय, र बाह्य खेल मैदान सम्भव नहुने विद्यालयमा खेल कक्षको व्यवस्था भएको हुने।
- विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङिगक मैत्री हुने।
- सबै विद्यालयहरुमा आधारभूत सूचना तथा संचार प्रविधि तथा सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशालाको व्यवस्था भएको हुने।
- कम्तिमा ८ वटै वडामा बाल उद्यानको निर्माण भएको हुने।

***मुख्य क्रियाकलाप तथा लक्ष्यहरु***

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप व्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | १ | ० | ० | ० | १ | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शौचालय, घेराबारा, खानेपानी चमेनागृह) | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | निर्माण भएका संरचनाहरुको मर्मत तथा पहुँचयुक्तता | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | प्राविधिक तथा जनप्रतिनिधिबाट अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं विद्यालय हरियाली कार्यक्रम | विद्यालय | २ | ५ | ५ | ५ | ५ | २२ | ३५ | |
| ७ | वडागत बाल उद्यान | वडा | १ | १ | १ | १ | १ | ५ | ८ | |

## ४.५ शिक्षामा सूचना र प्रविधि

### ४.५.१ परिचय

शिक्षामा सूचना तथा प्रविधि भन्नाले शिक्षण र सिकाइ प्रक्रियामा कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया, रेडियो, टेलिभिजन जस्ता प्रविधिहरूको प्रयोगलाई बुझिन्छ। कक्षाकोठामा श्रव्य, दृश्य, श्रव्यदृश्य, र अनलाइन शिक्षण सामग्रीको प्रयोग गरी सिकाइलाई सरल, प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग गरिन्छ। शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियालाई बढाउँदै स्वाध्यायनलाई प्रेरित गर्न र शिक्षा प्रणालीलाई आधुनिक बनाउन यसले मद्दत पुर्‍याउँछ। शिक्षामा सूचना प्रविधिको प्रयोग भन्नाले श्रव्य, भिजुअल, श्रव्यदृश्य, मल्टिमिडिया र वेबमा आधारित कम्प्युटर र इन्टरनेटको माध्यमबाट ज्ञानमा आधारित शिक्षण सामग्री उपलब्ध गराउनु हो। यसले विद्यार्थीहरूको लागि प्रशासनिक कार्य र विशेष शिक्षालाई मात्र समर्थन गर्दैन तर आत्म-अध्ययन, अन्वेषण, र सिकाइमा सहयोगलाई पनि प्रेरित गर्दछ। सूचना र सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले शिक्षण र सिकाइमा सुधार गरी राष्ट्रिय विकास लक्ष्यहरू प्राप्त गर्नमा पनि महत्त्वपूर्ण भूमिका खेल्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगले सबै विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिको पहुँच, डिजिटल असमानता घटाउने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षाको माध्यमको रूपमा प्रयोग गरी शिक्षणमा सुधार ल्याउने, शिक्षामा सबैको पहुँच पुर्‍याउने आधारभूत आधार प्रदान गर्दछ।

शिक्षामा सूचना,सञ्चार र प्रविधि समान पहुँच सिर्जना गर्न, शैक्षिक गुणस्तर सुधार गर्न, र सुशासन सहयोगको स्थापनाका लागि शैक्षिक व्यवस्थापनलाई दक्ष र प्रभावकारी बनाउने सुशासन जवाफदेहिता सुनिश्चित गर्नमा केन्द्रित छ। शिक्षामा सूचना र प्रविधिले शिक्षालाई समावेशी बनाउन,

शिक्षाको स्तर सुधार गर्न र सेवाप्रवाह र शासन प्रणालीलाई अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। आजको संसार सूचना र प्रविधिको विकासले गहिरो प्रभाव पारेको छ, जसले शिक्षामा महत्त्वपूर्ण परिवर्तनहरू ल्याएको छ। यसले सिकाइलाई थप रोचक, प्रभावकारी र पहुँचयोग्य बनाउँछ। अनलाइन शिक्षा, विभिन्न सिकाइ सामग्री, व्यक्तिगत शिक्षा, सहयोगात्मक शिक्षा, र विश्वव्यापी पहुँच यसका केही प्रमुख फाइदाहरू हुन्। डिजिटल डिभाइड, प्रविधि निर्भरता, साइबर सुरक्षा र शिक्षक क्षमता अभिवृद्धि चुनौतीका विषय रहेका छन्। सूचना र प्रविधिको प्रभावकारी प्रयोगका लागि नीतिगत सुधार, पूर्वाधार विकास र शिक्षक क्षमता अभिवृद्धि आवश्यक छ। प्रकोप र महामारीहरूमा, सूचना प्रविधिले निरन्तर सिक्नको लागि महत्त्वपूर्ण सहयोग प्रदान गर्दै आएका छन् ।

### ४.५.२ वर्तमान अवस्था

यस गाउँपालिकामा वर्तमान अवस्थामा प्राय सबै सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था छ। सबै शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि, कनेक्टिभिटी पुर्याउने, तालिम दिने, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने कार्यका लागि लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्ने कार्य नियमित रूपमा हुने गरेको छ। हाल मल्टिमिडियाको सुविधा भएका, स्मार्ट वोर्ड भएको ८ वटा विद्यालय छन्। गाउँपालिकाका एउटा बाहेक सबै विद्यालयमा विद्युतको पहुँच छ। विद्यालयहरूमा CCTV Camera जडान गरिएको छैन। धेरै जसो सामुदायिक विद्यालयहरूमा रमाइलो पढाइ कक्षाका लागि स्मार्ट टिभी जडान गरिएको छ र आइसीटी कार्यक्रम १२ वटा विद्यालयलाई वितरण गरिएको छ।

गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका कक्षा-८ संचालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरूमा विद्यार्थी परिचयपत्र, शिक्षक परिचयपत्र, परीक्षा तालिका, विद्यार्थी प्रगति प्रतिवेदन जस्ता विवरणहरू डिजिटल प्रविधिको प्रयोग गरी विकास गर्ने अभ्यास शुरू गरेको छ। फेसबुक, ह्वाट्स एपको माध्यमबाट शिक्षा शाखाको सूचना हेर्न मिल्ने व्यवस्था मिलाएको छ। पालिकाको आफ्नै स्रोतबाट पूर्वाधार, सूचना तथा संचार क्षेत्रमा लगानी भएको छ। संघीय सरकार तथा पालिकाको संयुक्त लगानीमा आइ टी फोकल शिक्षकहरुका लागि प्रविधि सम्बन्धी तालिम संचालन गरिसकिएको छ।

### ४.५.३ चुनौतीहरु

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

- कक्षाकोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु,
- डिजिटल प्रविधिको सदुपयोगको सुनिश्चितता गर्नु।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु।
- प्रविधिमैत्री दक्ष जनशक्तिको विकास गर्नु,
- शिक्षक तथा प्रशिक्षकलाई नियमित रुपमा सूचना प्रविधिमा आधारित तालिमको सञ्चालन तथा व्यवस्थापन गर्नु।

- अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरु सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु।
- सूचना प्रविधि सम्बन्धी उपकरणको व्यवस्था, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु ।
- सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु।
- शिक्षाको सेवाप्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु ।
- सबै विद्यालयहरुको भौतिक अवस्था फरक फरक भएकोले विद्युत, इन्टरनेट कनेक्टिभीटी विस्तार गर्न कठीनाइ हुनु।
- सूचना तथा संचार प्रविधिको प्रयोगको लागि आवश्यक पूर्वाधारहरुको व्यवस्था गर्नु।
- सेवा प्रदायक संस्थाहरुसँग समन्वयको अभाव रहनु ।

### ४.५.४ उद्देश्य

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :-

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्नु।
- सूचना प्रविधिमा आधारित जनशक्तिलाई अद्यावधिक गर्न तालिमको व्यवस्था गर्नु।
- विद्यालयमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणालीलाई व्यवस्थित गर्नु।
- शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइ शैक्षिक गुणस्तर सुनिश्चित गर्नु।

### ४.५.५ रणनीतिहरु

- सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिका आधारभूत संरचनाहरु तथा उपकरणको प्रबन्ध गरी सुरक्षित भौतिक तथा प्राविधिक प्रबन्ध मिलाइने छ।
- हरेक आधारभूत र माध्यमिक विद्यालयमा सि.सि. टिभी क्यामराको माध्यमबाट विद्यालयको गतिविधि अवलोकन गर्ने व्यवस्था मिलाइनेछ ।
- हरेक विद्यालयहरुद्वारा विद्यालयका सम्पूर्ण शैक्षिक विवरणहरु डिजिटल प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ।
- बालबालिकाको प्रगति प्रतिवेदन विवरणहरु अनलाइनबाट हेर्ने व्यवस्था मिलाइनेछ।
- कम्प्युटर सञ्चालन सम्बन्धी सीप विकास गर्न प्रधानाध्यापक तथा शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ।
- विपदको समयमा पनि शिक्षण सिकाइ सुचारु राख्न विद्यालयस्तरमा प्रविधि मार्फत वैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ।
- सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको व्यवस्था गर्दै लगिनेछ।
- सिकारु केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रुपमा सञ्चालन गर्न तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरु जस्तै ट्याब्लेट, स्मार्ट फोन, मोवाईल आदिको प्रयोगमा जोड दिइनेछ।
- प्रत्येक माध्यमिक विद्यालयमा क्रमशः ई-पुस्तकालयको स्थापना गर्दै गइनेछ।

- विद्यालय र सामुदायिक सिकाइ केन्द्रबीच सहकार्य गरी शिक्षण सिकाइ कार्य प्रभावाकारी बनाइनेछ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरिनेछ।
- IEMIS र SAS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गराइनेछ।
- गाउँपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्र तथा सामुदायिक पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाइनेछ।

### ४.५.६ उपलब्धि ,नतिजा, क्रियाकलाप तथा लक्ष्य

*उपलब्धि*

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार र प्रभावकारी प्रयोगबाट विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भई सुशासन अभिवृद्धि हुने।

*नतिजा*

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
- शिक्षण सिकाइ तथा अन्य व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको विस्तार र प्रयोग हुने।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भई सुदृढ हुने।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने।
- विद्यालय तथ्यांक पद्धति पूर्ण पेपरलेस हुने।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिकास्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोतकेन्द्रको स्थापना हुने छ।
- पालिकास्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास हुने।
- पालिकास्तरमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने।

**मुख्य क्रियाकलापहरु तथा लक्ष्यहरु**

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य-५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT LAB बिस्तार | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सबै विद्यालयमा इन्टरनेट कनेक्टिभीटि व्यवस्थापन | वटा | सबै | | | | | | निरन्तर | |
| ३ | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | जना | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | ५३० | |
| ४ | IEMIS सम्बन्धी तालिम | जना | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | ५३० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | SAS सम्बन्धी तालिम | जना | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० | |
| ६ | विद्यालयमा ई-लाइब्रेरी सञ्चालन | वटा | - | २ | - | २ | - | ४ | ७ | |
| ७ | पालिकास्तरमा विद्यालयलाई प्रविधिमैत्री शिक्षक सहायता समूहको निर्माण र परिचालन | वटा | १ | १ | १ | १ | १ | ५ | ७ | |
| ८ | संचालनमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा ICT विस्तार | वटा | २ | | | | | २ | २ | |
| ९ | शिक्षालायहरुमा स्मार्ट मोबाइल फोनमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन | वटा | १ | १ | १ | २ | २ | ७ | ७ | |
| १० | विद्यालय तथ्याङ्क पद्धति पूर्ण पेपरलेस | वटा | १ | २ | २ | ३ | ३ | ११ | १५ | |

# परिच्छेद ५: विद्यालय सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

सुशासन शब्द असल शासन वा सुधारिएको शासन प्रणालीसँग सम्बन्धित रहेको छ। विद्यालय सुशासन तथा व्यवस्थापन भन्नाले विद्यालयको सञ्चालन, व्यवस्थापन, र नीतिहरू तथा योजनाहरुलाई पारदर्शी, जवाफदेही, र सहभागितामूलक बनाउनु हो । विद्यालय सुशासनले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न योगदान गर्छ। नीतिगत निर्णयहरूको उचित कार्यान्वयन, स्रोत साधनको प्रभावकारी व्यवस्थापन र परिचालन, शिक्षक, विद्यार्थी, र अभिभावकहरूको सक्रिय सहभागिता र विधिको पालनाबाट सुशासन कायम गर्न सकिन्छ। विद्यालय सुशासनले बालबालिकाको सिकाइमा सुधार ल्याउन, शिक्षकहरूको दक्षता वृद्धि गर्न, र शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ । यसका लागि प्रभावकारी संरचना, क्षमता विकास, र अनुगमन प्रणाली स्थापना गर्नु अपरिहार्य छ

। यस योजनाका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरुको विस्तार, प्रकोप तथा महामारीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ।

### ५.१.१ संस्थागत संरचना र क्षमता विकास

नेपालको संविधान २०७२ अनुसार, स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार रहेको छ । विद्यालयमा आर्थिक सुशासन कायम गर्नका लागि शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षणको व्यवस्था छ। यसले विद्यालय सञ्चालनमा पारदर्शिता र उत्तरदायित्वको सुनिश्चितता गर्छ। विद्यालय शिक्षा स्थानीय तहको मातहतमा राख्नु तथा शिक्षाको अधिकार साझा रुपमा तीनै तहको सरकारमा रहनुले विद्यालय सुशासन तथा व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र सहभागीमुलक बनाइनु अहिलेको प्रमुख आवश्यकता सुशासन भएको पाइन्छ।

गाउँपालिकाभित्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, र माध्यमिक शिक्षामा विद्यालय उमेर समूहका बालबालिकाहरूको पहुँच र सहभागितामा सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा जीवनपर्यन्त अवसरहरूको विस्तार, समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना निर्माण र प्रक्रियालाई पारदर्शी बनाइदै आएको छ। शिक्षामा सुधार ल्याउन सरोकारवाला सबैको क्षमता विकास गर्न गाउँपालिकाभित्र सञ्चालित शिक्षा विकास कार्यक्रमहरू कार्यान्वयनका प्रयासहरूको समीक्षा गर्दै संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरु पहिचान गर्दै सुशासन प्रवर्द्धनबाट शैक्षिक विकासको अपेक्षा गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षामा सुशासन तथा व्यवस्थापन कार्यान्वयनका लागि संघीय रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तरगत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। जिल्लास्तरमा ७७ वटा शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन् भने स्वायत्त निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। प्रदेश तहमा सामाजिक मार्फत शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र प्रत्येक प्रदेशमा रहेका छन्। स्थानीय तहमा प्रत्येक पालिकामा शिक्षा माहाशाखा/शाखाको व्यवस्था गरिएको छ । पालिका स्तरमा स्थानीय सरकार संचालन ऐन-२०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनमा तोकिए बमोजिमका २३ वटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

यस गाउँपालिकामा विद्यालय सुशासन तथा व्यवस्थापनलाई कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको र यसका मातहमा हाल ४६ वटा सामुदायिक र १० वटा संस्थागत विद्यालय तथा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत केही

सामुदायिक विद्यालयहरुमा आमा समूहहरु समेत विद्यालय शिक्षाको गुणस्तर सुधार्नका निम्ति सक्रिय रुपमा कार्यान्वयन भैरहेका छन्।

विद्यालय सुशासन तथा व्यवस्थापनलाई संस्थागत गरी कार्यान्वयन गर्नका लागि आवश्यक संघीय शिक्षा ऐन हालसम्म जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा केही अन्योलताको अवस्था अवस्था रहेको छ। स्थानीय तहलाई सुम्पिएको २३ वटा अधिकारहरुको कार्यान्यनका लागि यस स्थानीय तहले स्थानीय शिक्षा ऐन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयन ल्याएको छ। स्थानीय परिवेश अनुसार हाल मौजुदा संघीय ऐन नियमहरुसँग केही कुराहरु बाझिएको हुँदा विद्यालय सुशासन र व्यवस्थापनलाई अझ व्यवस्थित रुपमा कार्यान्वयन गर्न सकिएको छैन।

शिक्षकहरुको पेसागत क्षमता विकासका लागि स्थानीय स्तरमा शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा एकरुपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन्। गाउँपालिकामा प्राविधिक धार तथा प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त कार्यक्रमहरुलाई सञ्चालन गर्न सकिएको छैन।

देश सङ्घीयतामा गइसकेको अवस्थामासमेत सरकारका विभिन्न तहहरु बीच समन्वय हुन नसक्नु, कानून निर्माणमा भएको ढिलाई जस्ता कारणले स्थानीय स्तरमा संस्थागत क्षमता विकास, शैक्षिक सुशासनलाई प्रवद्धन गर्न कठिनाइ हुँदै आएको अनुभव हुने गरेको छ।

### ५.१.३ अवसर तथा चुनौतीहरु

- विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण अध्यावधिक तथा कार्यान्वयन गर्नु।
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास गर्नु।
- गुणस्तरीय तथा समतामलूक शिक्षामा अभिभावकहरुको सहभागिता अभवृद्धि गर्नु।
- विद्यालय व्यवस्थापनलाई पारदर्शी, समावेशी, समन्यायिक, जवाफदेही र सहभागिमूलक बनाउनु।
- विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाई विद्यार्थीहरुको सिकाइ प्रति जवाफदेहिता बढाउनु।

### ५.१.४ उद्देश्यः

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरु निम्नानुसार छन्

- विद्यालय तथा शिक्षासँग सम्बद्ध क्षेत्रमा काम गर्ने समितिहरु, शिक्षकहरु, प्रधानाध्यापक, कर्मचारीहरु र संस्थाहरुको क्षमता विकास गर्ने।
- विद्यालय सुधार वार्षिक योजनालाई नियमित अद्यावधिक गराई कार्यान्वयन गराउने।
- विद्यालयका विभिन्न समितिहरुको क्षमता विकास गरी सुशासन तथा व्यवस्थापनलाई कार्यान्वयन गर्ने।
- विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### ५.१.५ रणनीतिहरु

- विद्यालय सुशासन प्रवर्द्धनका लागि सम्बद्ध निकायहरु, विद्यालय प्रशासन तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण, क्षमता विकास तालिम, गोष्ठी, अन्तरक्रियात्मक कार्यक्रमहरु आयोजनामा जोड दिने।
- विद्यालयको नीति तथा कार्यक्रम, योजना एवम् कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरुको सक्रिय सहभागिता बढाई विद्यालयको सेवा प्रवाहलाई नतिजामुखी बनाउने।
- विद्यार्थी विवरण लगायत सबै विवरणहरु नियमित रुपमा इमिस मार्फत अद्यावधिक गराइने।
- न्यून सिकाइ उपलब्धिलाई सम्बोधन गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्ति व्यवस्थपनमा जोड दिने।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई समयानुकुल सुशासन तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरुका माध्यमबाट समावेशी, समतामूलक, जवाफदेही तथा पारदर्शी बनाउने।
- शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शीता, जवाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने।
- विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने।

### ५.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

*उपलब्धि*

- विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरुको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने।
- शिक्षा क्षेत्रमा समता तथा समावेशीताको कार्यान्वयन अधिकतम हुने।
- स्तरयुक्त जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने।

*प्रमुख नतिजाहरु*

- स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने।
- स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित गर्न सहयोग पुग्ने।
- विद्यालय प्रशासन तथा सरोकारवाला निकायहरुको विद्यालय सञ्चालन तथा व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र अभिभावकहरुको सहभागितामा वृद्धि हुने।
- विद्यालय सुशासन तथा व्यवस्थापन प्रति समुदायको चासो, सहभागिता, जवाफदेहिता, जिम्मेवारी र खबरदारीमा वृद्धि भई पठनपाठनमा व्यापक सुधार हुने।
- शैक्षिक निकाय र जनशक्तिको दक्षता वा क्षमता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षता सुधार गर्ने।

- शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक एवम् प्रभावकारी हुने।

***प्रमुख क्रियाकलाप र लक्ष्यः***

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यकता अनुसार गाउँपालिका शिक्षा ऐन २०७८ र कार्यविधिहरु संशोधन | पटक | | १ | | १ | | २ | २ | |
| २ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | जना | | १ | १ | २ | २ | ७ | १५ | |
| ३ | विव्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | | | | | | सबै | सबै | |
| ५ | खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | विद्यालय | | | | | | | | आवश्यकता अनुसार |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयार सहित उत्कृष्ट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | | १ | | १ | | २ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | विद्यालय | | १ | २ | २ | २ | ७ | १५ | |
| १२ | विद्यालय लेखाङ्कन प्रणाली मार्फत आर्थिक कारोबार तथा जिन्सी व्यवस्थापन | विद्यालय | २ | २ | २ | ३ | ३ | ११ | २० | |
| १३ | प्रअको नियमित मासिक बैठक | नियमित | | | | | | | | योजना अनुसार |

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वनको प्रबन्धअन्तर्गत वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्छन् । गाउँ शिक्षा योजना निर्माण भैसकेपछि यस योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानून तथा कार्यबिधि निर्माण र बजेटको सुनिश्चितता गर्नुपर्छ । तिन तहका सरकारहरू बिचमा समन्वय र सहकार्य पनि उत्तिकै जरूरी हुन्छ । योजनालाई कार्यान्वयन गर्नका लागि वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण र कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी गर्नु पनि उत्तिकै जरूरी हुन्छ । यी सबै तयारी पश्चात् सरोकारवालाहरूलाई कार्यक्रमका सम्बन्धमा प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

### ५.२.२ वर्तमान अवस्था

यस योजनाले समेट्ने क्षेत्र भोक्राहा नरसिंह गाउँपालिका हो । यस योजनालाई कार्यान्वयन गराउने प्रमुख निकाय भोक्राहा नरसिंह गाउँ कार्यपालिका हो, यसमा पनि गाउँ कार्यपालिकाअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखाको मुख्य जिम्मेवारी रहेको छ । योजना कार्यान्वयनको प्रमुख निकाय यस गाउँपालिका भित्रका ४६ वटा सामुदायिक विद्यालय, १० वटा संस्थागत विद्यालय र २ वटा सामुदायिक सिकाइ केन्द्रहरू हुन् । यी सबै संस्थाका शिक्षक, कर्मचारी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावकहरू, शिक्षाका सहयोगी हातका रूपमा रहेका विभिन्न गैरसरकारी संघ संस्थाहरू, सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालक, सञ्चालक समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका जिल्ला, प्रदेश र सङ्घस्तरीय निकायहरू कार्यान्वयनसँग कुनै न कुनै रूपमा जोडिएका जनशक्ति तथा निकायहरू हुन् ।

साधन स्रोतको हकमा गाउँपालिका र अन्तर्गतका विद्यालयहरूमा मौजुदा अवस्थामा रहेको जनशक्ति र संरचनाका अतिरिक्त सङ्घ, प्रदेश र गाउँपालिकाबाट नियमित बिनियोजन गर्ने गरिएको बजेट नै प्रमुख हुन् । यसको अलावा दातृ सङ्घ संस्थाबाट प्राप्त हुने आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको भूमिका पनि उल्लेखनीय हुने छ ।

### ५.२.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू तय गरिएको छ :

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
२. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र गाउँपालिकाको आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
३. योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गर्ने ।
४. गाउँपालिकाको संयोजकत्वमा योजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।

५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा स्थलगत सहजीकरण गरी विद्यालयका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने।
६. शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र आवश्यकताअनुसार सहजीकरण गर्ने।
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया र शिक्षक व्यवस्थापनसम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
९. सरोकारवालाहरूको भेला गरी कार्यक्रमको प्रबोधीकरणका साथसाथै कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने।
१०. सामुदायिक सिकाइ केन्द्रलाई पनि साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका लागि जिम्मेवार बनाउने।
११. योजना शुरु भएको २ वर्षमा मध्यावधि समीक्षा र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गर्ने

## ५.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने छ। | शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुने छ। | आवश्यक कानून, कार्यविधि तथा निर्देशिका विकास | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | कार्यक्रम कार्यान्वयन पुस्तिका विकास | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | कार्यक्रम एवम् कार्यान्वयन प्रक्रियाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक कार्ययोजना निर्माण | पटक | १ | | | | | १ | २ |
| | | योजना कार्यान्वयन सहजीकरण समिति गठन | पटक | १ | | | | | १ | २ |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-५) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-८) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-१०) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-१२) | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| | | कार्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | योजनाको मध्यावधि मूल्याङ्कन | पटक | | १ | | | | १ | १ |
| | | योजनाको पूर्णावधि मूल्याङ्कन | पटक | | | | | १ | १ | २ |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने निश्चित गर्न व्यवस्थापन पक्षबाट नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिका सम्बन्धमा जानकारी गराउँदछ। योजना अन्तर्गतका कार्यक्रमको मात्र अनुगमन र मूल्याङ्कन नगरी योजनाको पनि मूल्याङ्कन गर्नुपर्छ। योजनाको २ वर्षमा मध्यावधी समीक्षा र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गर्ने प्रचलन छ। यस योजनाको पनि सोही बमोजिम मूल्याङ्कन गरिने छ।

शैक्षिक कार्यकमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याकन प्रतिफल र प्रभावसँग बढी सम्बन्धित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका साथसाथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छ।

योजना पूर्ण रूपमा कार्यान्वयन भई तोकिएका लक्ष्य हासिल गर्नका लागि सङ्घ, प्रदेश, गाउँपालिकाले आफ्नो कुल बजेटबाट कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याउने विश्वास राखिएको छ। यसको अलावा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सहयोगी हातहरूले पनि शिक्षा योजना कार्यान्वनका लागि मन लगाएर सहयोग गर्छन् भन्ने अपेक्षा गरिएको छ। गाउँपालिकामा कोभिड जस्तै विकराल समस्या आइपरेर गाउँपालिकाले त्यसतर्फ लगानी गर्नु पर्ने अवस्था आउँदैन भन्ने अपेक्षा गरिएको छ। यसो हुन सकेमा मात्र योजना कार्यान्वयन भई अपेक्षित लक्ष्य प्राप्त गर्न सहज हुन्छ।

### ५.३.२ वर्तमान अवस्था

यस गाउँ शिक्षा योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधीको संयोजकत्वमा एक अनुगमन संयन्त्र निर्माण गरिन्छ। यस संयन्त्रमा गाउँ कार्यपालिकाका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, पत्रकार, सहयोगी गैरसरकारी सङ्घसंस्था आदि सबैको समावेशी र समानुपातिक प्रतिनिधित्व हुने गरी छरितो समिति हुने छ। विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ। यस समितिमा शिक्षक, विद्यार्थी, शिक्षक अभिभावक सङ्घ, अभिभावकको समावेशी र समानुपातिक प्रतिनिधित्व गरिने छ। समितिले वेलावेलामा अनुगमन गरी स्थलगत सहयोगका साथै पृष्ठपोण दिने र मूल्याङ्कन गरेर प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा सम्प्रेषणका लागि विद्यालयमा पेस गर्नेछ। मूल्याङ्कनका लागि नतिजामा आधारित सूचकहरूको विकास गरी सोही आधारमा मूल्याङ्कन गरिने छ। मूल्याङ्कनका क्रममा आवश्यकताअनुसार विद्यार्थी उपलब्धि परीक्षण तथा सूचकमा आधारित विद्यालय

कार्यसम्पादन परीक्षण पनि गरिने छ । यसको अलावा शिक्षक सहायताका लागि जिम्मेवारी तोकिएका स्रोत शिक्षकहरूले पनि कार्यक्रमको अनुगमन गरी विद्यालयहरूलाई स्थलगत सहायता प्रदान गर्ने व्यवस्था गरिने छ ।

### ५.३.३ उद्देश्य

अनुगमन र मूल्याङ्कनका देहायका उद्देश्यहरू रहेका छन् :

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
२. योजना कार्यान्वयनका चरणमा आएका समस्याहरूलाई सम्बोधन गरी अपेक्षित उद्देश्य हासिल गर्न सहयोग गर्नु ।

### ५.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक संयन्त्र निर्माण गर्ने ।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शनको विकास र प्रयोग गर्ने ।
३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्बन गर्ने ।
४. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गर्ने ।
५. अनुगमनका साथसाथै सहायता प्रणालीलाई पनि उपयोग गर्ने ।
६. सबै विद्यालयमा IEMIS Focal Person चयन गर्ने ।
७. सबै विद्यालयहरूले अनिवार्य रूपमा IEMIS को प्रविष्टी गरी प्रयोग गर्ने व्यवस्था मिलाउने ।
८. कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय स्तरमा र गाउँपालिका स्तरमा अनुसन्धानात्मक कार्य तथा सर्बेक्षण गर्ने ।

## ५.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

<table>
<tr><th rowspan="2">उपलब्धि</th><th rowspan="2">नतजा</th><th rowspan="2">मुख्य क्रियाकलापहरू</th><th rowspan="2">इकाइ</th><th colspan="7">भौतिक लक्ष्य</th></tr>
<tr><th>१</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th><th>१० वर्ष</th></tr>
<tr><td rowspan="10">नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।</td><td rowspan="5">अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक संयन्त्र निर्माण हुने छ।</td><td>गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण</td><td>पटक</td><td>१</td><td></td><td>१</td><td>१</td><td>१</td><td>४</td><td>९</td></tr>
<tr><td>विद्यालयमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण</td><td>विद्यालय</td><td colspan="5">सबै</td><td>सबै</td><td>सबै</td></tr>
<tr><td>अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शन निर्माण</td><td>पटक</td><td>१</td><td></td><td>१</td><td></td><td></td><td>२</td><td>४</td></tr>
<tr><td>मार्गदर्शन प्रबोधीकरण</td><td>पटक</td><td>१</td><td></td><td>१</td><td></td><td></td><td>२</td><td>४</td></tr>
<tr><td>विद्यालयमा IEMIS Focal Person चयन</td><td>विद्यालय</td><td colspan="5">सबै</td><td>सबै</td><td>सबै</td></tr>
<tr><td rowspan="5">नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ।</td><td>नतिजामा आधारित अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन</td><td>पटक</td><td colspan="5">निरन्तर</td><td>निरन्तर</td><td>निरन्तर</td></tr>
<tr><td>IEMIS प्रविष्टि</td><td>पटक</td><td colspan="5">नियमित</td><td>नियमित</td><td>नियमित</td></tr>
<tr><td>कार्यक्रम कार्यान्वयनको मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन तयारी एवम् सम्प्रेषण</td><td>पटक</td><td colspan="5">नियमित</td><td>नियमित</td><td>नियमित</td></tr>
<tr><td>विद्यालय तथा गाउँपालिकास्तरमा अनुसन्धानात्मक कार्य सञ्चालन</td><td>पटक</td><td colspan="5">नियमित</td><td>नियमित</td><td>नियमित</td></tr>
<tr><td>स्थिति प्रतिवेदन तयारी एवम् सम्प्रेषण</td><td>पटक</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१०</td></tr>
</table>

# परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको भूमिका महत्वपूर्ण छ। समृद्ध राष्ट्र निर्माणको प्रमुख पूर्वाधार शिक्षाको विकास हो। शिक्षाको लगानी र स्रोत व्यवस्थापनले समग्र विकासलाई प्रभाव पारेको हुन्छ। भविष्यको लागि आवश्यक मानव संशाधनको विकासमा आज शिक्षामा लगानी गर्नु अति आवश्यक हुन्छ। शिक्षा विकासको मेरुदण्ड हो र यसले आर्थिक तथा सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षामा गरिएको लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासको आधार तय गर्ने भएकोले यस गाउँपालिकाले समग्र विकासका लागि शिक्षा क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक ठानेको छ। यो दश वर्षे शिक्षा योजनाको कार्यान्वयनले शिक्षामा परिवर्तनको दियो बाल्ने भएकोले विद्यालयलाई नीति, विधि र प्रविधिले चलाउन, र पालिकालाई समतामूलक गुणस्तरीय शिक्षाको केन्द्र बनाउन शिक्षामा पर्याप्त लगानी व्यवस्थापन गर्नु मनासिब छ। शिक्षामा लगानी गर्दा बालबालिकाको शैक्षिक अवसर गुणस्तरीय शिक्षा र स्रोत साधनको समतामूलक वितरणमा ध्यान दिनु पर्दछ।

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहका साथै तीनै तहको साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्दछ।

## ६.२ वर्तमान अवस्था

यस गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को कुल वजेट मध्ये ससर्तबाहेक रु २,१०,२८,४४२।०० बजेट शिक्षा क्षेत्रको लागि विनियोजन गरेको छ। ती बजेटहरु शिक्षा क्षेत्रका कार्यक्रम तथा परियोजना अन्तर्गतका कार्यमा विनियोजन गरिएको छ शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिए तापनि सो अनुसारको बजेट विनियोजन हुन सकेको छैन। तथापि सबैको धारणा शिक्षा क्षेत्रमा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ।

- गत आवको पालिकाको कुल बजेटः ५१,८०,७५,०००
- गत आवमा संघीय सकारबाट आएको कुल बजेट २०,०९,५८,०००
- गत आवको शिक्षाको कुल बजेट १४,८१,००,०००
- यस आवको पालिकाको कुल बजेट ४९,९०,७०,९००
- यस आवको शिक्षाको कुल बजेट १४,८०,०२,०००

## ६.३ अवसर तथा चुनौतीहरु

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ :

- प्रचलित ऐन, नियम कानुन, अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता तथा समयको माग अनुसारको राष्ट्रिय शिक्षा नीतिलाई उचित रुपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु।
- शिक्षामा दिगो लगानीको मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी संघ, प्रदेश र स्थानीय तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु।
- निजी क्षेत्रबाट शिक्षामा निजी क्षेत्रको लगानीलाई थप व्यवस्थित बनाउने र लगानीको स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रुपमा विकास गर्नु।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने कार्यका लागि आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही बनाई वित्तीय सुशासन कायम गर्ने पद्धतिको विकास गर्नु।
- शिक्षा क्षेत्रमा सक्रिय रहेका गैर सरकारी निकायहरुलाई तयार शिक्षा योजना कार्यान्वयनका निम्ति परिचालन गर्नु।
- शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरु  प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु।
- विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु।
- शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी व्यवस्थापन गर्नु।

## ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेका छन्

- योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु।
- लगानीको प्रतिफल प्रति सरोकारवाला निकायहरुलाई जवाफदेही बनाउनु।

## ६.५ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहायबमोजिम हुनेछन्

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु बीचको लागत साझेदारीमा हुनेछ। यसका लागि संघीय सरकार र प्रदेश सरकार शिक्षा क्षेत्रको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट थप लगानी गरिनेछ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।

- सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।
- शिक्षामा सार्वजनिक निजी लगानी वृद्धि गरी कुल बजेटको वार्षिक रुपमा २० प्रतिशत पुऱ्याइनेछ।
- मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ।
- निजी क्षेत्रको लगानीमा हुने शिक्षा सेवालाई सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ।
- शिक्षा क्षेत्रको विद्यमान अवस्था र आवश्यकतालाई मध्य नजर गरी समान्यीकरण, समपूरक, ससर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ।

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

यस गाउँपालिकाको विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजना (२०८१-९०) को बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निशुल्क शिक्षा तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीहरुलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने। गाउँपालिका अन्तर्गतको विभिन्न विद्यालयहरु कक्षाकोठा, शौचालय, सर्पोट वाल, लगायत अन्य भौतिक पूर्वधारहरुको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तरमा जोड दिने। माध्यमिक शिक्षालाई निशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना अभिवृद्धि दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न बजेटमा समावेश गरिएको छ।

**बजेटः रु. हजारमा**

| कस | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | २०८४७ | २०८४७ | २२९३२ | २२९३२ | २२९३२ | ११९६३ | ० | ६५०० | ० |

| २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|
| आधारभूत शिक्षा | माध्यमिक शिक्षा | पाठ्यक्रम तथा मूल्यांकन | शिक्षक व्यवस्थापन तथा विकास | अनौपचारिक तथा निरन्तर शिक्षा | प्राविधिक तथा व्यावसायिक शिक्षा | समावेशी तथा समता | दिवा खाजा स्वास्थ्य र पोषण |
| ६४४६७ | ५२२० | २७० | ५०० | १५०० | ० | ५०० | १६७७० |
| ६४४६७ | ५२२० | ३०० | ५०० | १५०० | ५००० | ५०० | १६७७० |
| ७०९१४ | ५७४२ | ३०० | ५०० | १५०० | ५००० | ५०० | १६७७० |
| ७०९१४ | ५७४२ | ३०० | ५०० | १५०० | ५००० | ५०० | १६७७० |
| ७०९१४ | ५७४२ | ३०० | ५०० | १५०० | ५००० | ५०० | १६७७० |
| ६४४६७ | ५२२० | ३०० | ५०० | १५०० | ४००० | ० | १६७७० |
| ० | ० | ० | ० | ० | ० | ० | ० |
| ० | ० | ० | ० | ० | १००० | ५०० | ० |
| ० | ० | ० | ० | ० | ० | ० | ० |

| १० | ११ | १२ | १३ | १४ | |
|---|---|---|---|---|---|
| आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | विद्यालयको भौतिक पूर्वाधार विकास | शिक्षामा सूचना र प्रविधि | विद्यालय सुशासन तथा व्यवस्थापन | कार्यान्वयन अनुगमन तथा मुल्यांकन समन्वय तथा सहजीकरण | कुल |
| ४०० | ६००० | ७०० | ० | ० | ११७१७४ |
| ९०० | ६००० | १००० | १००० | ५०० | १२४५०४ |
| ९०० | २६००० | १००० | १००० | ५०० | १५३५५८ |
| ९०० | २६००० | १००० | १००० | ५०० | १५३५५८ |
| ९०० | २६००० | १००० | १००० | ५०० | १५३५५८ |
| ४०० | १५००० | ७०० | ० | ० | १२०८२३ |
| ० | ६००० | ० | ५०० | ३०० | ६८०० |
| ५०० | ५००० | ३०० | ५०० | २०० | १४५०० |
| ० | ० | ० | ० | ० | ० |

# परिच्छेद ७ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ।

## ७.२ वर्तमान अवस्था

कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकत, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य हो। यसका लागि पालिकाबाट सरोकारवालाहरु मार्फत नियमित रुपमा प्रस्तावना अनुसार बजेट विनियोजन र कार्य भए नभएको अनुगमन गरी सम्बन्धित निकायमा पेश हुने र कार्य सम्पन्न गरी निकासा दिने व्यवस्था गरिएको छ।

## ७.३ अवसर र चुनौतीहरु

यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु।
- अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, प्रयाप्त साधन स्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु,
- संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

### ७.४ उद्देश्यहरु:

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु।
- नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु।

### ७.५ रणनीतिहरु

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागू गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिने छ।
- गाउँपालिका प्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित कार्यान्वयन गरिने छ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिने छ।
- विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिने छ।
- गाउँपालिका शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिने छ ।यसका लागि गाउँपालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गरिने छ।
- गाउँपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, गाउँपालिका शिक्षा फोकल पर्सन, गाउँपालिका कार्यपालिका, गाउँपालिका शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गरिने छ।
- योजना कार्यान्वयनका लागि विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि शिक्षा शाखा, गाउँपालिका शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन्।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुऱ्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ।
- गाउँपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ।शिक्षा सहजकर्ताहरुले विद्यालयमा आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन्।
- गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिने छ।

विद्यालयको अनुगमन तथा मूल्याङ्कन र योजना कार्यान्वयनको लागि देहाय बमोजिमका कार्यहरु गर्न सकिन्छ

- विद्यालयका समस्याहरु समाधानका लागि संयुक्त प्रयास गरी समस्या समाधानमा कसको के भूमिका हुने पहिचान गरी छलफल तथा अन्तरक्रिया गर्ने।
- प्रत्येक तीन महिनामा गाउँपालिकाले योजनाको कार्यान्वयन अवस्था, समस्या र भावी क्रियाकलापका सम्बन्धमा छलफल गर्न वि.व्य.स. अध्यक्ष, प्रअ सहितको सहभागितामा समीक्षा गर्नेछ।
- शिक्षा सहजकर्ताहरुले शिक्षक, प्रअ तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अन्य शिक्षाका प्राविधिक कामहरु गर्नेछन्।

### ७.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस शिअसंबाट विद्यालयको पालैपालो नियमित अनुगमन तथा निरीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | २ | २ | ३ | २ | २ | १० | २० | |
| ४ | वडा स्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्यांकन संयन्त्रको गठन र अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ६ | विद्यालयको वार्षिक कार्य सम्पादन परिक्षण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | स्रोत विज्ञ मार्फत नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | निरन्तर | | | | | | | |
| ८ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | कार्यक्रम कार्यान्वयनको अर्धवार्षिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | | २ | २ | २ | २ | १० | २० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | २ | २ | २ | २ | ९ | १९ | |

# परिच्छेद ८ योजना नतिजा खाका र प्रमुख उपलब्धी सूचक

## ८.१ परिचय

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको समिश्रण योजना हो। योजना निर्माण गर्नु अत्यन्तै जटिल कार्य हो र अझ त्यो भन्दा पनि यसलाई कार्यान्वयन गरी अपेक्षित लक्ष्य हासिल गर्न विशेष ख्याल गर्दै योजनाको नतिजा खाका तयार पारी समानकुल समिक्षा तथा छलफल गर्नु अति आवश्यक रहेको हुन्छ। विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकोले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निमार्ण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिन आफैमा कठिन र चुनौतिपूर्ण छ। यद्दपि यो गाउँपालिका शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भिरतापूर्वक अवलम्वन र अनुसरण गरिएको छः

- गाउँपालिका शिक्षा योजना निमार्णका लागि स्पष्ट कार्यादिशा सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन भएको हो।
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको।
- योजनाको खाका तयार गरी विषयवस्तु माथि छलफल भएको।
- योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी सर्वप्रथम तथ्याङ्क फारामहरूको निर्माण गरिएको।
- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु तथा अन्य सरोकारवालाहरूसंग लिखित सुझाव संकलन।
- वडा कार्यालय, अपाङ्गताको क्षेत्र, सामुदायिक सिकाइ केन्द्र, धार्मिक विद्यालय, जनप्रतिनिधिहरू, अन्य सरोकारवाला तथा गैरसरकारी संस्था र लक्षित वर्गहरुसँग सुझाव संकलन गरिएको।
- आम सरोकारवाला पक्षहरू र शिक्षाप्रेमी बुद्धिजीवीहरूसँग सहयोग एवं लिखित सुझाव माग गरिएको।
- जिल्ला शिक्षा योजना तथा अन्य तथ्याङ्कहरूलाई आधार बनाइएको।
- केन्द्रीय तथ्याङ्क विभाग २०७८ को जनसंख्याको वृद्धिदरको आधार मानी प्रक्षेपण गरिएको।
- शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमीबाट प्रक्षेपण गरिएको शैक्षिक तथ्याङ्कहरु प्रयोग गरिएको।
- तथ्याङ्क संकलन, प्रक्षेपण, विश्लेषण र प्रमाणिकरण गरिएको।
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण, संकलन गरिएको।
- गाउँपालिका कार्यपालिका तथा गाउँपालिकासभाबाट परिमार्जित तथा अनुमोदन सहित तथ्याङ्क लिएको।

- सोन्हौं योजना अन्तर्गत शिक्षा तर्फको योजनालाई समेत अध्ययन गरिएको।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७ को अध्ययन गरिएको।

## ८.१ प्रमुख उपलब्धि सूचक

यस गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकहरू तालिकामा समावेश गरिएको छ।

| क्र.स. | कार्यसम्पादन सूचकहरू | राष्ट्रिय | स्थानीय |
|---|---|---|---|
| **१** | **प्रारम्भिक बालबिकास र शिक्षा** | | |
| १.१ | प्रारम्भिक बालबिकास र शिक्षामा कुल भर्नादर (%) | ८६.२ | ९० |
| १.२ | प्रारम्भिक बालबिकास र शिक्षामा खुद भर्नादर (%) | | ७५ |
| १.३ | न्युनतम योग्यता भएका बालविकासका शिक्षक (%) | | १०० |
| १.४ | उच्च योग्यता भएका बालविकासका शिक्षक (%) | | ६० |
| १.५ | बालबिकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ६८.६ | ९५ |
| १.६ | बालविकास र शिक्षामा आधारभूत तालिम प्राप्त शिक्षक (%) | | ९० |
| १.७ | बालविकास र शिक्षामा कार्यरत महिला शिक्षक (%) | | १०० |
| **२** | **आधारभूत शिक्षा** | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १२१.९ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.९ | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर (%) | ११९.२ | १०० |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९७.१ | १०० |
| २.५ | आधारभूत तह (कक्षा १-५) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०६ | १ |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | ११०.४ | १०० |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९३.४ | १०० |
| २.८ | आधारभूत तह (कक्षा १-८) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १ |
| २.९ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | | ५० |
| २.१० | आधारभूत तह कक्षा ५ नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि | ४५ | ६० |
| २.११ | आधारभूत तह कक्षा ५ गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि | २८.३ | ५४ |
| २.१२ | आधारभूत तह कक्षा ५ अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि | | ५६ |
| २.१३ | आधारभूत तह कक्षा ८ नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि | ६८.५ | ८६ |
| २.१४ | आधारभूत तह कक्षा ८ गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि | ५३.५ | ८३ |
| २.१५ | आधारभूत तह कक्षा ८ अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि | ४३.८ | ६१ |
| २.१६ | आधारभूत तहमा न्युनतम योग्यता प्राप्त शिक्षक (%) | | १०० |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | राष्ट्रिय | स्थानीय |
|---|---|---|---|
| ३ | **माध्यमिक शिक्षा** | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर (%) | | ७९ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर (%) | | ७० |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | | १ |
| ३.४ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (%) | | ५० |
| ३.५ | माध्यमिक तहमा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी (%) | १०.० | - |
| ३.६ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि )नेपाली( | | ८१ |
| ३.७ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (गणित) | | ६६ |
| ३.८ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि )विज्ञान( | | ६२ |
| ३.९ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (अङ्ग्रेजी) | | ५७ |
| ४ | **अनौपचारिक तथा आजीवन सिकाइ** | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) | ८२.० | १०० |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचकाङ्क (५ वर्षभन्दा माथि) | | १ |
| ५ | **सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग** | | |
| ५.१ | विद्युत पुगेका विद्यालय (%) | | १०० |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | | १०० |
| ५.३ | कम्तिमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | | ६० |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | | १०:० |
| ५.५ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | | १५ |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | | ३००:१ |
| ५.७ | सिकाइमा सूचना प्रविधि प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | | ६० |
| ६ | | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | | ७० |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | | १० |
| ६.३ | हात धुने साबुन पानीको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | ९२ |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय (%) | | ८५ |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | | ६२ |
| ७ | **सुशासन तथा व्यवस्थापन** | | |
| ७.१ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:२६ |
| ७.२ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:२४ | १:३० |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | राष्ट्रिय | स्थानीय |
|---|---|---|---|
| ७.३ | आधारभूत तह (कक्षा ६-८) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:२ |
| ७.४ | आधारभूत तह (कक्षा ६-८) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:३० | १:२१ |
| ७.५ | आधारभूत तह (कक्षा १-८) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:३ |
| ७.६ | आधारभूत तह (कक्षा १-८) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:३३ | १:२२ |
| ७.७ | आधारभूत तह (कक्षा ९-१२) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:४१ | १:१९ |
| ७.८ | आधारभूत तह (कक्षा ९-१२) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:३ |
| ७.९ | बालक्लब गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | | ८० |
| ७.१० | रेडक्रस गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | | २ |
| ७.११ | स्काउट गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | | २ |
| ७.१२ | सदन गठन भएका विद्यालय (%) | | १० |
| ७.१३ | स्थायी शिक्षक प्रधानाध्यापक भएका सामुदायकि विद्यालय (%) | | ८० |
| ७.१४ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | | ५० |
| ७.१५ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | ८० |
| ७.१६ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | ३० |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप,(२०६३),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप,(२०७१),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप,(२०७६),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन,(२०७६),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम,(२०६९),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम,(२०७६),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५),शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६),शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७),शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२),कानून किताव खाना काठमाडौं
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६),कानून किताव खाना काठमाडौं
- आर्थिक सर्वेक्षण (२०७७),अर्थ मन्त्रालय
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४),कानून किताव खाना काठमाडौं
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४),शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१),पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन,पत्रपत्रिका,नीति,निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७), DRAFT,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।
- शिक्षा मन्त्रालय(२०२८),राष्ट्रिय शिक्षा पद्दति २०२८-२०३२ सम्मको योजना,लेखक :केशरमहल, काठमाण्डौं।
- शिक्षा मन्त्रालय(२०६६),विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

- राष्ट्रिय योजना आयोग (२०६८), त्रिवर्षीय योजना २०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना २०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।
- Department of Education (2019), FLASH I Report 2076 (2019-20), Author: Sanothimi, Bhaktapur.
- नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np
- शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०, लेखक: सिंहदरबार, काठमाण्डौं।
- राष्ट्रिय योजना आयोग पन्ध्रौ योजना (२०७६/०७७- २०८१/०८२) सिंहदरवार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग सोह्रौं योजना (२०८१/०८२- २०८५/०८६) सिंहदरवार, काठमाण्डौं ।

## *अनुसूची – १ शिक्षा योजना निर्माण सम्बन्धी बैठक निर्णय कपी तथा विभिन्न कार्यक्रमहरुको फोटाहरु*